सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ चैत २०७९, आइतबार (19 March 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३२९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

अलपत्र श्रमिकको उद्धारमा सरकारको पहल

प्रतिव्यक्ति तीन लाख ९५ हजार उठाएर युवालाई मलेसियामा अलपत्र पार्ने भण्डारी ओभरसिजलाई नै स्वदेश फिर्ता ल्याउन लगाउने र उद्धार गरिसकेपछि क्षतिपूर्ति असुल गराउने सरकारको तयारी, म्यानपावर कम्पनीसँग आज छलफल हुँदै

प्रधानमन्त्री कार्यालयबाट चासो व्यक्त भएको छ, आइतबार म्यानपावरलाई बोलाएर छलफल गर्छौं



● **उमाकान्त आचार्य,** महानिर्देशक, वैदेशिक रोजगार विभाग

मलेसियामा नेपाली श्रमिकहरू अलपत्र परेको विषयमा प्रधानमन्त्री कार्यालयबाट चासो व्यक्त भएको छ। मन्त्रालयका सचिवले पनि चासो राख्नुभएको छ। यो विषय बुझिरहेका छौं। आइतबार सम्बन्धित म्यानपावरलाई बोलाएर छलफल गर्छौं। अलपत्र परेकालाई उद्धार गर्नु सबैभन्दा पहिलो काम हो। अलपत्र परेकालाई कम्पनीले टिकट काटेर नेपाल भिकाउनुपर्छ। उद्धार गरिसकेपछि क्षतिपूर्तिलगायत विषय अगाडि बढ्छन्। कानुनअनुसार म्यानपावरलाई कारबाही हुन्छ। सबै प्रक्रिया भोलि (आइतबार)बाटै सुरु हुन्छ।

राजविराजमा **सौरभ यादव**

मलेसियामा अलपत्र ५६ नेपाली श्रमिकको उद्धारका लागि सरकारले पहल थालेको छ। प्रधानमन्त्री कार्यालयले मलेसियास्थित नेपाली दूतावास, वैदेशिक रोजगार विभाग र सम्बन्धित म्यानपावर कम्पनीसँग सम्पर्क गरेर उद्धारको पहल थालेको हो।

'मलेसियामा नेपाली श्रमिकहरू अलपत्र परेको विषयमा प्रधानमन्त्री कार्यालयबाट चासो व्यक्त भएको छ। मन्त्रालयका सचिवले पनि चासो राख्नुभएको छ,' वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्यले भने, 'यो विषय बुझिरहेका छौं। आइतबार सम्बन्धित म्यानपावरलाई बोलाएर छलफल गर्छौं।'

■ मलेसियाको कम्पनीले अलपत्र श्रमिकलाई बोलायो छलफलमा

'एक लाख तलबको आश्वासनमा मलेसिया पठाएका ५६ नेपाली अढाई महिनादेखि अलपत्र' शीर्षकमा शनिबार नयाँ पत्रिकामा समाचार प्रकाशित भएको थियो। सप्तरीका ४३ र रौतहटका १३ श्रमिकलाई विमानस्थलको कार्गोमा मासिक एक लाख तलब पाउने गरी काम लगाईदिने भन्दै काठमाडौंको भण्डारी ओभरसिजले मलेसिया पठाएको थियो। उनीहरूलाई पठाउने उक्त म्यानपावरका प्रोपाइटर मलेसिया पुगेकाले उनका साझेदार प्रतिनिधिसँग आइतबार वैदेशिक रोजगार विभागमा बैठक बस्ने तय भएको छ।


'अलपत्र परेकालाई उद्धार गर्नु सबैभन्दा पहिलो काम हो। अलपत्र परेकालाई कम्पनीले टिकट काटेर नेपाल भिकाउनुपर्छ,' महानिर्देशक आचार्यले भने, 'उद्धार गरिसकेपछि क्षतिपूर्तिलगायत विषय अगाडि बढ्छन्। कानुनअनुसार म्यानपावरलाई कारबाही हुन्छ। सबै प्रक्रिया भोलि (आइतबार)बाटै सुरु हुन्छ।'

प्रधानमन्त्री प्रचण्डको सचिवालयका अनुसार म्यानपावर कम्पनी अलपत्र कामदारलाई फर्काउन तयार देखिएको छ। प्रधानमन्त्रीका स्वकीय सहसचिव गोकर्ण भट्टले प्रारम्भिक

» पृष्ठ ११ मा क्रमशः

■ मलेसियाको सडकमा नेपाली श्रमिकको कारुणिक तस्बिर

अस्वाभाविक व्यवहार देखाउने बाजुराका मकिन्द्र शाही जसलाई कम्पनीको नामसमेत थाहा छैन





क्वालालम्पुर (मलेसिया)मा **मुना कुँवर**

मलेसियाको राजधानी क्वालालम्पुरस्थित कतरिया सडकको कार पार्किङ गर्ने स्थानमा एक व्यक्ति अलपत्र अवस्थामा लडिरहेको भेटिए। नेपालीजस्ता लागेपछि चासो राख्दा उनले आफ्नो साथको नागरिकता देखाए। उनी रहेछन् बाजुराका मकिन्द्रबहादुर शाही। नागरिकताअनुसार उनको ठेगाना साबिकको बाई गाविस- २ हो।

अस्वाभाविक व्यवहार देखाउने उनको कुराकानीमा लय थिएन। मानसिक असन्तुलन भएजस्तो देखिन्थ्यो। एक थान फुटेको मोबाइल बोकेका उनले १४ दिनेदेखि भोकै रहेको बताए। कम्पनीको तालिम चलिरहेकाले आफू पार्किङमा आराम गर्न आएको पनि बताए। बोल्दाबोल्दै उनको लय बिग्रियो, 'नेपालबाट हेलिकोप्टर लिन आउँछ, अनि जाने हो। म नेपालको राजा हो, भगवान् हो।' उनले काम गर्ने कम्पनीको नाम र बसाइबारे पनि बताउन सकेनन्। तर, आठ वर्षअघि मलेसिया आएको तथा घरमा श्रीमती र छोरी भएको बताए। नागरिकतामा उल्लेख भएअनुसार उनकी श्रीमतीको नाम नानी शाही हो। १३ जेठ ०४९ मा जन्मिएका उनी रंगवीर शाहीका छोरा हुन्।

गैरआवासीय नेपाली संघ मलेसियाका अध्यक्ष विनोद थापाले अलपत्र शाहीलाई आवश्यक सहयोग गर्न तयार रहेको बताए। संघले विपत्मा परेका कामदारका लागि सहयोग गर्दै आएको बताउँदै उनले संघकै सेल्टरमा राख्न तयार रहेको पनि बताए।

सन् २०१८ मा नेपाल र मलेसिया सरकारबीच फ्री भिसा र फ्री टिकटमा नेपाली कामदार लैजाने सम्झौता भएको थियो। साथै, मलेसिया सरकारले हालै आफ्नो देशमा कार्यरत कामदारलाई मासिक १५ सय रिंगेट (नेपाली झन्डै ४५ हजार रुपैयाँ) आधारभूत तलब दिने व्यवस्था गरेको छ। त्यसपछि पछिल्लो समय वैदेशिक रोजगारीमा जाने नेपालीका लागि मलेसिया आकर्षणको केन्द्रबिन्दु बनेको छ। मलेसियामा झन्डै चार लाख नेपाली कामदार रहेको अनुमान छ।

■ आज स्ववियु निर्वाचन

त्रिभुवन विश्वविद्यालयका आंगिक र सम्बन्धनप्राप्त क्याम्पसमा आइतबार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुँदै छ। शनिबार साँझसम्मको विवरणअनुसार आइतबार ४८ आंगिक र ठूलो संख्यामा सम्बन्धनप्राप्त क्याम्पसमा स्ववियु चुनाव हुँदै छ। निर्वाचनका लागि बिहान ८ देखि ४ बजेसम्म मतदानको समय तोकिएको छ। त्रिविसँगै नेपाल संस्कृत, मध्यपश्चिम, सुदूरपश्चिम विश्वविद्यालयका क्याम्पसमा समेत स्ववियु चुनाव हुँदै छ।

त्रिविमा पछिल्लोपटक ०६५ मा प्रायः सबै आंगिक र सम्बन्धनप्राप्त क्याम्पसमा स्ववियु चुनाव भएको थियो। ०७३ मा केही क्याम्पसमा चुनाव भए पनि ती क्याम्पसमा तेम्रोपटक चुनाव हुनुपर्ने समय गुज्रिसक्दासमेत स्ववियु हुन सकेको थिएन।

२०० सम्म विद्यार्थी हुने क्याम्पसमा ११ सदस्यीय, २०१ देखि १००० सम्म विद्यार्थी हुँदा १५ सदस्यीय, १००१ देखि ३००० सम्म विद्यार्थी हुँदा १९ सदस्यीय र ३००० भन्दा माथि विद्यार्थी भएको क्याम्पसमा २१ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ।

■ टेकुको बायोग्यास प्लान्ट ५० लाखमा मर्मत गरियो तर, महानगरले प्रयोगमा नल्याउँदा फेरि खिया लाग्न थाल्यो



उपत्यकाको फोहोरबाट ग्यास उत्पादन गरेर सहरी ऊर्जामा राहत थप्ने उद्देश्यले ०७१ मा प्लान्ट स्थापना भएको थियो। तर, प्रयोगमै नआई मेसिन दुईपटक मर्मत भइसकेको छ। पछिल्लोपटक आविष्कार केन्द्रका प्राविधिक टोलीले करिब सात महिना लगाएर मेसिन मर्मत गरेको हो। तर, मर्मत सकिएर एक महिना भइसक्दा पनि टेकुस्थित वातावरण विभागपरिसरमा थन्किएको छ।

(विस्तृत पृष्ठ २ मा)

■ चितवन २, तनहुँ १ र बारा २ मा उपनिर्वाचन को-को छन् प्रमुख दलका आकांक्षी ?



बारा २ मा उपेन्द्रलाई कति सहज ?

(विस्तृत पृष्ठ ३ मा)

एउटै पाइपलाइनबाट यसरी ल्याउने तयारी हुँदै छ पेट्रोल र डिजेल



पाइपलाइनबाट पेट्रोल ल्याउन के-के बन्दै छ अमलेखगन्जमा ?

(विस्तृत पृष्ठ ९ मा)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

टिआरसी विधेयक र विश्वासको मतमा दश दल एकै ठाउँ

आज विधेयक संसद्मा पेस, भोलि विश्वासको मत

विश्वासको मतलगत्तै मन्त्रिपरिषद् विस्तार गर्ने प्रधानमन्त्रीको तयारी

केशवप्रसाद पाण्डे / नयाँ पत्रिका

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित र सरकारलाई विश्वासको मत दिने विषयमा सत्तारूढ दश दल एकै ठाउँ उभिएका छन्। उपराष्ट्रपति निर्वाचनलगत्तै शनिबार बसेको सत्तागठबन्धनमा आबद्ध दलको बैठकमा विधेयक पारित गराउन सामूहिक भूमिका खेल्ने र विश्वासको मत दिने सहमति बनेको नेताहरूले बताएका छन्।

टिआरसी विधेयक र सरकारलाई विश्वासको मत दिने विषयमा काङ्ग्रेस, माओवादी, एकीकृत समाजवादी, जसपा, लोसपा, नागरिक उन्मुक्ति पार्टी, नेसपा, जनमत पार्टी, जनमोर्चा र आम जनता पार्टीले एक ठाउँमा उभिने निर्णय गरेका हुन्। योसँगै संसद्बाट बहुमतका आधारमा विधेयक पारित हुने र सरकारले विश्वासको मत पाउने आधार बनेको छ।

काङ्ग्रेस उपभापति पूर्णबहादुर खड्काले आइतबार संसद्मा पेस हुने विधेयक पारित गर्ने र सरकालाई विश्वासको मत दिन एक ठाउँमा उभिने निर्णय भएको बताए। 'आइतबार संसद्मा प्रस्तुत हुने संवैधानिक परिषद्सम्बन्धी विधेयक र संक्रमणकालीन न्यायसम्बन्धी विधेयक र सरकालाई विश्वासको मत दिने विषयमा दश दल एकमतका साथ

» पृष्ठ ११ मा क्रमशः



पूर्णबहादुर खड्का,
उपसभापति, काङ्ग्रेस

संवैधानिक परिषद्सम्बन्धी विधेयक र संक्रमणकालीन न्यायसम्बन्धी विधेयक तथा सरकालाई विश्वासको मत दिने विषयमा दश दल एकमतका साथ प्रस्तुत हुने निर्णय भएको छ। पहिला नै गठबन्धनभित्र सरकारलाई विश्वासको मत दिएपछि मन्त्रिपरिषद् विस्तारको विषयमा प्रवेश गर्ने सहमति बनेको हो। त्यसैअनुसार गठबन्धनको सम्पूर्ण ध्यान सरकारलाई विश्वासको मत दिलाउनेमा केन्द्रित हुनेछ।



■ सडक खाली गराएर हिँड्ने परम्परा सच्याउँदै राष्ट्रपति

नागरिकलाई सास्ती नदिईकनै सवारी



● **जितेन्द्र बस्नेत**
प्रवक्ता, गृह मन्त्रालय

विशिष्ट व्यक्ति सुरक्षा व्यवस्थापन कार्यविधि परिवर्तनको चरणमा छ। यसमा केही नयाँ व्यवस्था थपिएका छन्। तर, यो कार्यान्वयनमा आइसकेको छैन। शनिवार राष्ट्रपतिको सवारीमा केही फरकपन देख्न पाइयो। उहाँकै आदेशअनुसार त्यस्तो गरिएको हो। परिमार्जन गर्न लागिएको कार्यविधि पनि करिबकरिब त्यस्तै किसिमको छ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

सडक खाली गरेर राष्ट्रप्रमुखको सवारी हुने परम्परालाई राष्ट्रपति रामचन्द्र पौडेलले सच्याएका छन्। राष्ट्रपतिमा निर्वाचित भएको भोलिपल्ट २६ फागुनमा पशुपति मन्दिर दर्शनमा निस्किँदा पुरानै शैली अपनाएका पौडेल शनिबार भने कारकेडविना नै वसन्तपुरस्थित कुमारी घरमा पुगेका हुन्।

पशुपतिको दर्शनमा आलोचना खेपेका पौडेलले कुमारी घर पुग्दा संयमता

» पृष्ठ ११ मा क्रमशः



कारकेडविना नै वसन्तपुरस्थित कुमारी घर पुगेको राष्ट्रपति रामचन्द्र पौडेलको सवारी

■ जनताले अपेक्षा गरेको व्यवहार र कार्यशैलीप्रति सजग छु : राष्ट्रपति



प्रदेश र संघका सांसदहरूलाई धन्यवाद दिन शीतलनिवासमा शनिबार आयोजित चियापन समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले भने, 'संविधानको पालना र संरक्षण गर्ने विषय मेरो अबको प्रमुख दायित्व र कर्तव्य हुनेछ भन्ने प्रस्ट पार्न चाहन्छु। गणतान्त्रिक नेपालको राष्ट्रपतिबाट नेपाली जनताले अपेक्षा गरेको व्यवहार र कार्यशैलीप्रति सदैव सचेत छु र भविष्यमा पनि रहनेछु। संविधान निर्माण गर्ने प्रक्रियामा समेत सहभागी रहेर काम गर्ने अवसर प्राप्त गरेका कारण पनि संविधानले राष्ट्रपतिलाई दिएको काम, कर्तव्य र अधिकारप्रति सचेत रहने विश्वास दिलाउन चाहन्छु। वर्तमान संविधानले नेपाल राष्ट्रलाई मार्गदर्शन गर्ने कुराप्रति सदैव सजग रहने प्रण गर्दछु।'

चन्द्रागिरि : चन्द्रागिरि नपा-२, नागढुंगाबाट अवैध लागुऔषध खैरो हेरोइनसहित बर्दिया मधुवन गापा-६ का २१ वर्षीय अर्जुन खत्रीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले काठमाडौंतर्फ आउँदै गरेको भे.१ख ३५३१ नम्बरको बस चेकजाँच गर्ने क्रममा पक्राउ गरेको हो।

सिंहदरबार : नेपालमा पानीको संकट न्यूनीकरण गर्ने उपायहरूको खोजी गरी कार्यान्वयनमा ल्याउने उद्देश्यले 'बर्सातको पानी संकलन : पानीको संरक्षण र जलवायु परिवर्तनका असर सम्बोधन'सम्बन्धी राष्ट्रिय सम्मेलन हुने भएको छ। विश्व पानी दिवसका अवसरमा खानेपानी मन्त्रालयसँगको समन्वयमा स्मार्ट वास सोलुसन्स र वाटर एड नेपालले अन्य विभिन्न निकायको सहयोगमा उक्त दुई दिवसीय राष्ट्रिय सम्मेलन आयोजना गर्न लागेको हो।

शनिबार उपत्यकामा

तिलगंगा : काठमाडौं मनपा-९, तिलगंगास्थित सडकमा ना.३ख ६०६४ नम्बरको गाडीको ठक्करले पैदलयात्री सिन्धुपाल्चोक जलबिरे गापा-९ की ७५ वर्षीया चन्द्रमाया बस्नेतको शनिबार बिहान मृत्यु भएको छ। उनको केएमसी अस्पताल सिनामंगलमा उपचारका क्रममा मृत्यु भएको हो।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय धरान

धरान, सुनसरी

मालपोत कार्यालय धरानको हकदाबी सम्बन्धी ३५ (पैतिस) दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०६/०८)

(दोश्रो पटक प्रकाशित मिति २०७९/१२/०५)

सर्दु जलाधार क्षेत्र अन्तर्गत पर्ने देहायका जग्गाहरु वापत निम्न व्यक्तिहरुले मोरङ जिल्लाको साविक बयरवन र अमरदह गा.वि.स.मा सट्टाभर्ना जग्गा प्राप्त गरी सकेकोमा हालसम्म उक्त जग्गाहरु सर्दु जलाधार क्षेत्रको नाममा लगतकट्टा गर्न बाँकी रहेको, उक्त जग्गाहरुको श्रेस्ता यस कार्यालयमा जिर्ण भएको वा अन्य कारणले फेला नपरेको हुँदा फिल्डबुक र अन्य प्रमाणको आधारमा श्रेस्ता कायम गरी सर्दु जलाधार क्षेत्रको नाममा लगतकट्टा गर्नु पर्ने भएको हुँदा देहायका जग्गाहरु जग्गाधनीको आफ्नै नाममा हुनुपर्ने भए वा कोही कसैले तपशिलका जग्गाधनीहरुबाट ससिम वा कित्ताकाट गरी मालपोत कार्यालयमा नामसारी वा रजिष्ट्रेशन वा अन्य प्रक्रिया पुरा गरी प्राप्त गरेको भए सबुद प्रमाणसहित यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिनभित्र यस कार्यालयमा दाबी पेश गर्नु होला। म्यादभित्र दाबी पेश नभएमा कानून बमोजिम लगतकट्टा हुनेछ।

क्र.सं.	जग्गाधनी	वडा/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल बि.	क.	धु.	कैफियत
१	सोम बहादुर राई	घोपा ७ ख	२७	२	३	१९	
२	लहान सिं	घोपा ७ क	६९	०	८	६	
३	टिकाराम राई	घोपा ७ ख	४१	०	४	४	
४	अंकुर मान राई	घोपा ७ ख	४५	०	२	१२	
५	रण बहादुर राई	घोपा ७ ख	४८	०	८	१८	
		घोपा ७ ख	४९	०	१	१४	
		घोपा ७ ख	६१	०	४	१८।५	
		घोपा ७ ख	७८	०	७	०।५	
६	अविरमान राई	घोपा ७ ख	८०	०	१	१४	
७	दल बहादुर राई	घोपा ७ ग	२४	१	३	११।५	
		घोपा ७ ख	११४	०	२	१८	
		घोपा ७ ग	४३	०	१९	१२	
८	रघुविर राई	घोपा ७ छ	७	०	१२	६।५	
९	हर्ष बहादुर राई	घोपा ७ छ	५	०	१०	११।५	
		घोपा ७ ख	११६	०	७	१६	
		घोपा ७ ख	३९	०	४	१७	
		घोपा ७ ख	५७	०	१	०	
१०	पथर सिं राई	घोपा ७ छ	८	०	१९	७	
११	नरपति राई	घोपा ७ ज	१४	०	२	१०।५	
		घोपा ७ ज	१९	०	१६	८।५	
		घोपा ७ ज	३२	०	११	१३	
१२	थाम बहादुर राई	घोपा ७ ज	३३	०	१३	७	
		घोपा ७ ख	७	०	५	३।५	
१३	राम बहादुर राई	घोपा ७ ख	९५	०	७	७	
		घोपा ७ ख	४६	०	१३	०	
		घोपा ७ ख	६५	०	९	९	
		घोपा ७ ख	८२	०	०	१६।५	
		घोपा ७ ख	८९	०	०	११	
१४	अदम बहादुर राई	घोपा ७ ख	९४	०	१	१८।५	
		घोपा ७ ख	९	०	१४	१२।५	
		घोपा ७ ख	१६	०	१	१७	
		घोपा ७ ख	१७	०	५	९	
		घोपा ७ ख	७३	०	४	१४।५	
१५	गंगाराम राई	घोपा ७ ख	२३	०	१	८	
		घोपा ७ ख	१०	१	०	१९।५	
		घोपा ७ ख	३	०	१	६।५	
		घोपा ७ ख	८	०	१५	५	
		घोपा ७ ख	१२	०	१२	७	
१६	छत्रपाल राई	घोपा ७ ख	७०	०	११	६	
		घोपा ७ ग	३३	१	१०	०।५	
१७	ज्ञान बहादुर राई	घोपा ७ ग	३५	०	१९	१३	
		घोपा ७ ग	२२	२	०	३।२५	
		घोपा ७ छ	१७	०	६	८	
		घोपा ७ छ	१९	१	०	११	
		घोपा ७ छ	११	०	१५	५।५	
१८	हरि बहादुर राई	घोपा ७ ज	२२	०	६	१०	
		घोपा ७ ख	३७	०	१	१७।५	
		घोपा ७ ख	४७	०	१	५	
		घोपा ७ ख	५१	०	३	१४।५	
		घोपा ७ ख	५६	१	१४	१५	
		घोपा ७ ख	६२	०	९	८	
१९	मेहरमान राई	घोपा ७ ख	८५	०	१७	१०	
		घोपा ७ ख	२५	०	५	४	
		घोपा ७ ख	३४	१	११	१७	
		घोपा ७ ख	७१	०	२	५	
		घोपा ७ ख	८७	०	२	९	
		घोपा ७ ख	१०६	०	३	९	
		घोपा ७ ख	१०८	०	६	१५।५	
		घोपा ७ ख	१३	०	१४	१५।५	
		घोपा ७ ख	१४	०	४	५।५	
२०	रामभक्त राई	घोपा ७ ख	२०	१	७	७।५	
		घोपा ७ ख	२४	०	१	१९	
		घोपा ७ ख	२९	०	६	२।५	
		घोपा ७ ख	७६	०	३	१७	
		घोपा ७ ख	९९	१	६	१७	
२१	ज्ञान बहादुर राई	घोपा ७ ख	१०७	०	१	१५।५	
		घोपा ७ ख	११५	०	५	१७।५	
		घोपा ७ छ	१०	०	१९	८	
२२	थोरे राई	घोपा ७ ख	११७	०	६	१३।५	
		घोपा ७ ग	२०	०	१३	१३	
२३	चतुरमान राई	घोपा ७ ख	१११	०	५	११	
		घोपा ७ ख	४०	०	४	०	
		घोपा ७ छ	६	१	१	५	
२४	पल्टने राई	घोपा ७ ख	१०९	०	१	१३।५	
		घोपा ७ ख	११०	०	६	१	
		घोपा ७ ख	११२	०	४	०	
		घोपा ७ ख	११३	०	३	४	
२५	कर्ण बहादुर राई	घोपा ७ ख	६	१	१	६	
		घोपा ७ ख	३१	१	०	१३	
		घोपा ७ ख	५	०	४	१८।५	
२६	पदम बहादुर राई	घोपा ७ ख	४	०	१६	८	
		घोपा ७ ख	११	०	१२	१६।५	
		घोपा ७ ख	६९	०	७	१६।५	
२७	मोती बहादुर राई	घोपा ७ ख	१८	०	३	१५।५	
		घोपा ७ ख	३५	०	८	१०	
		घोपा ७ ख	७५	०	४	९।५	
		घोपा ७ ख	८३	०	१	११।५	
		घोपा ७ ख	१००	०	३	७।५	
२८	परशुराम राई	घोपा ७ ज	२१	०	१७	८	
२९	सकधन राई	घोपा ७ ख	१९	०	३	११	
		घोपा ७ ख	२२	०	४	१८	
		घोपा ७ ख	२६	०	१८	२।५	
		घोपा ७ ख	३०	०	९	५।५	
		घोपा ७ ख	७४	०	११	८।५	
		घोपा ७ ख	७९	०	५	१३।५	
		घोपा ७ ख	८४	१	२	४	
		घोपा ७ छ	२	०	१९	१६।५	
३०	फुलमाया राई	घोपा ७ ख	५०	०	४	६।५	
३१	सन्त बहादुर राई	घोपा ७ ख	७७	०	१	१९	
		घोपा ७ ख	११९	१	२	५।५	
		घोपा ७ ग	२	०	१८	१२	
		घोपा ७ ग	३	०	६	५।२५	
		घोपा ७ ग	४	०	१०	३।२५	
		घोपा ७ ग	५	०	५	२।५	
		घोपा ७ ग	६	०	१	६।५	
		घोपा ७ ग	७	०	१	६।२५	
		घोपा ७ ग	८	०	६	६।२५	
		घोपा ७ ग	९	०	६	१७	
३२	सेर बहादुर राई	घोपा ७ ख	५०	०	३	०	
		घोपा ७ ख	५४	०	१६	१९।५	
		घोपा ७ ख	५५	०	१०	१०।५	
		घोपा ७ ख	१०३	०	३	२।५	
		घोपा ७ ख	१०४	१	१२	१२।५	
		घोपा ७ ख	१०५	०	१	११	
		घोपा ७ छ	१	०	१६	१९।५	
		घोपा ७ छ	३	०	१	१४	
		घोपा ७ छ	१३	०	८	१४।५	
		घोपा ७ छ	२६	०	९	३।५	
३३	बौध मान तामाङ	घोपा ७ छ	३१	१	४	६।५	
		घोपा ७ छ	३३	०	१	४।५	
		घोपा ७ ज	२	०	८	०	
३४	पुर्ण बहादुर	घोपा ७ क	४६	०	४	५	
३५	मन बहादुर तामाङ	घोपा ७ छ	२९	०	४	१३	
		घोपा ७ छ	४०	०	२	१४	
		घोपा ७ छ	५१	१	४	३।५	
३६	चन्द्र बहादुर तामाङ	घोपा ७ छ	३९	०	१६	८।५	
		घोपा ७ छ	४१	०	०	१०	
३७	चन्द्र बहादुर नेवार	घोपा ७ ख	९१	०	९	१८।५	
		घोपा ७ ख	९२	०	१	११	
		घोपा ७ ख	९३	०	१	६	
३८	चन्द्र कुमारी नेवारनी	घोपा ७ क	२२	०	१	८	
३९	हर्कध्वज कामी	घोपा ७ छ	१२	०	३	७	
		घोपा ७ ग	२६	१	१	६	
		घोपा ७ ग	३२	०	७	६।५	
		घोपा ७ छ	४९	०	११	१०	
४०	हर्ष बहादुर तामाङ	घोपा ७ क	१९	१	११	९	
		घोपा ७ क	२१	०	३	१३	
४१	लाल बहादुर राई	घोपा ७ ज	८	०	८	५	
		घोपा ७ ज	१३	२	१०	१६।५	
		घोपा ७ ज	१५	८	७	८।५	
		घोपा ७ ज	१६	०	८	९	
		घोपा ७ ज	१८	१	१	१४	
४२	पृथिलाल राई	घोपा ७ ज	१२	०	१०	१७	
		घोपा ७ ज	१७	१	४	४	
४३	साङ्गजी माया तामाङ	घोपा ७ क	२७	१	०	५।५	
		घोपा ७ क	३१	१	६	१२	
		घोपा ७ क	६१	४	६	१६।५	
४४	हस्त बहादुर तामाङ	घोपा ७ क	१०	१	८	१७	
		घोपा ७ क	१४	०	९	१८	
		घोपा ७ क	१५	०	५	१४।५	
		घोपा ७ क	४०	१	१८	६।५	
४५	जसविर तामाङ	घोपा ७ क	६	०	५	०।५	
		घोपा ७ क	९	१	९	१४	
		घोपा ७ क	११	०	१२	९।५	
४६	पृथीमान तामाङ	घोपा ७ छ	२२	०	१४	४	
		घोपा ७ छ	२४	०	८	०।५	
		घोपा ७ छ	३५	०	०	१३।५	
		घोपा ७ छ	३८	०	१२	३	

साविक वाफ्गरा तर्फ

क्र.सं.	जग्गाधनी	वडा/नक्सा सिट नं.	कि. नं.	क्षेत्रफल बि.	क.	धु.	कैफियत
१	लाल सुरमन राई	बाजगरा ९ घ	१६	०	५	५	
		बाजगरा ९ घ	१७	०	६	१३।५	
		बाजगरा ९ घ	१८	०	४	१८	
२	तापजित राई	बाजगरा ९ घ	१	०	१५	१०।५	
३	पूर्ण बहादुर राई	बाझगरा ९ घ	१४	०	२	२	
४	थाम बहादुर राई	बाझगरा ९ ग	५६	०	११	१८।५	
		बाझगरा ९ ग	६६	१	६	१८	
		बाझगरा ९ घ	१०	०	७	१२।५	
५	ताकमान राई/ कान्छा राई	बाझगरा ९ घ	२८	०	६	५	
		बाझगरा ९ घ	२९	०	१	९	
		बाझगरा ९ घ	३०	०	६	६।५	
		बाझगरा ९ घ	१२	०	१६	३।५	
		बाझगरा ९ घ	१३	०	६	१४।५	
६	राम बहादुर राई	बाझगरा ९ घ	११	१	७	१८	

■ टेकुको बायोग्यास प्लान्ट ५० लाखमा मर्मत गरियो

तर, महानगरले प्रयोगमा नल्याउँदा फेरि खिया लाग्न थाल्यो



टेकुस्थित बायोग्यास प्लान्ट

शिवहरि घिमिरे/नयाँ पत्रिका

टेकुस्थित बायोग्यास प्लान्टको मेसिन राष्ट्रिय आविष्कार केन्द्रले एक महिनाअघि नै मर्मत गरे पनि महानगरले त्यसको प्रयोगमा ढिलाइ गरिरहेको छ। मेसिन बने पनि ग्यास संकलन गर्ने बेलुन बिग्रिएको भन्दै प्लान्ट सञ्चालनमा ढिलाइ गरेको हो।

०७१ सालमा स्थापना भएको प्लान्ट प्रयोगमै नआई ०७४ सालमा मर्मत गरिएको थियो। उपत्यकाको फोहोरबाट ग्यास उत्पादन गरेर सहरी ऊर्जामा राहत थप्ने उद्देश्यले प्लनन्ट स्थापना भएको थियो। तर, प्रयोगमै नआई मेसिन दुईपटक मर्मत भइसकेको छ। पछिल्लोपटक आविष्कार केन्द्रका प्राविधिक टोलीले करिब सात महिना लगाएर मेसिन मर्मत गरेको हो। तर, मर्मत सकिएर एक महिना भइसक्दा पनि टेकुस्थित वातावरण विभागपरिसरमा थन्किएको छ। मेसिन मर्मतमा केन्द्रका पाँचजना प्राविधिक खटिएका थिए। उनीहरूले ५० लाख खर्चेर मेसिन बनाएका छन्।

केन्द्रका अध्यक्ष महावीर पुनले मर्मत भइसक्दा पनि बायोग्यास प्लान्टको मेसिन महानगरले प्रयोग नगरेको बताए। 'पहिले पनि उहाँहरूले प्रयोगमा ध्यान नदिएर महँगो मेसिन बिग्रिएको रहेछ, यसपटक पनि हामीले एक महिनाअघि नै मर्मत गरिसक्यौं,' उनले भने, 'तर, प्रयोग र सञ्चालनमा चासो दिनुभएको छैन। मेसिन मर्मत गर्दा लागेको खर्च पनि दिनुभएको छैन।' उनले आविष्कार केन्द्रले सहरी फोहोर व्यवस्थापन र सहरी विकासमा प्रयोग हुने मेसिन निर्माण गर्न स्थानीय सरकारको समेत साथ चाहिने बताए। केन्द्रले हाल ग्रामीण क्षेत्रमा कृषि व्यवसायसँग सम्बन्धित औजारहरू उत्पादनमा चासो दिएको छ। तर, सहरी विकाससँग सम्बन्धित निकायहरूले समन्वय नगर्दा केन्द्रले सहरी विकासका निम्ति काम लाग्ने उपकरणहरू निर्माण गर्न सकेको छैन।

■ ग्यास निकाल्न मिल्ने फोहोर धेरै नहुँदा प्रयोगमा समस्या

केन्द्रले मर्मत गरिदिएको मेसिनमा फोहोर राखेर ग्यास लिकाल्ने जिम्मा महानगरको हो। यो मेसिनमा कुहिएका तरकारी तथा फलफूल मात्रै प्रयोग हुन्छ। तर, फलफूल र तरकारीजन्य फोहोर धेरै नहुने भएकाले मेसिन सञ्चालन गर्न कठिन हुने महानगरका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। उनले आठ वर्षअघि खरिद गरेको सो मेसिन अहिले पुरानो भइसकेकाले सञ्चालन गर्नसमेत कठिन हुन सक्ने बताए। 'अहिले कस्तो-कस्तो आधुनिक मेसिन आइसकेको छ, तैपनि हामीले बायोग्यास प्लान्ट मेसिन मर्मत गरेर सञ्चालन गर्न खोजिरहेका छौं,' उनले भने, 'केन्द्रले मर्मत गरिसकेको भए पनि उक्त प्लान्टबाट उत्पादित ग्यास भण्डारण गर्ने बेलुन (ग्यास संकलन गर्ने बल्ब) बिग्रिएको छ। यसको मर्मत भएको छैन।' उनका अनुसार सो बेलुन मर्मतका लागि कडा किसिमको प्लास्टिकजन्य सामान चाहिन्छ, जुन नेपालमा पाइँदैन। युरोपबाट खरिद गर्नुपर्ने भएकोले झन्झटिलो छ। यसअघि महानगरले सो बेलुन मर्मतका लागि ठेकेदारसमेत चयन गरे पनि मर्मत सामग्री नपाइने भन्दै ठेकेदार पन्छेको प्रवक्ता मानन्धरको भनाइ छ। उनले बायोग्यास प्लान्ट मेसिन उपयोगी देखिए अन्य मेसिनसमेत खरिद गर्ने योजनासहित ०७१ सालमा सो मेसिन भित्र्याइएको जानकारी दिए।



● **महावीर पुन**, अध्यक्ष, राष्ट्रिय आविष्कार केन्द्र

पहिले पनि महानगरले प्लान्ट प्रयोगमा ध्यान नदिएका कारण महँगो मेसिन बिग्रिएको रहेछ। यसपटक पनि एक महिनाअघि नै मर्मत गरिसक्यौं। तर, उहाँहरूले प्रयोग गर्नुभएको छैन। मर्मत गर्दा लागेको ५० लाख रुपैयाँ पनि दिनुभएको छैन।



● **नवीन मानन्धर**, प्रवक्ता, काठमाडौं महानगर

अहिले निकै आधुनिक मेसिनहरू आइसकेका छन्। तैपनि, बायोग्यास प्लान्ट मेसिनलाई मर्मत गरेर सञ्चालन गर्न खोजिरहेका छौं। केन्द्रले मर्मत गरिसकेको भए पनि प्लान्टबाट उत्पादन भएको ग्यास भण्डारण गर्ने बेलुन (ग्यास संकलन गर्ने बल्ब) बिग्रिएको छ। यसको मर्मत भएको छैन।

■ स्थापनादेखि नै सञ्चालन भएन

०७१ सालमा युरोपेली युनियन (इयू)ले महानगरको २० प्रतिशत र अन्य ८० प्रतिशत लागत आफैंले व्यहोर्ने गरी एक करोड ८६ लाखको प्लान्ट ल्याएर टेकुमा जडान गरिदिएको थियो। ०७४ सालमा मेयरमा चुनिएलगत्तै विद्यासुन्दर शाक्यले बिजुली बालेर उद्घाटन गरेका थिए। त्यसयता यो बन्द छ।

फोहोरबाट बिजुली र ग्यास उत्पादन गरेर आसपासका सरकारी भवनमा वितरण गर्न सकिने लक्ष्य राखिए पनि उक्त योजना सफल हुन सकेन। ०७४ मा सो प्लान्टबाट उत्पादित बिजुली टेकुस्थित महानगरको कार्यालय प्रयोजनमा प्रयोग गरिएको थियो। त्यहाँ प्रयोग गर्दा सफल देखिएको थियो। तर, निरन्तर बिजुली उत्पादन गर्न प्राविधिक र अन्य उपकरण चाहिने भएकाले सञ्चालन गर्न छाडिएको थियो। सुरुमा परीक्षण गर्दाताका नौ किलोबाट क्षमतामा बिजुली बालिएको थियो। दैनिक १४ किलोबाट बिजुली उक्त प्लान्टबाट उत्पादन गर्न सकिन्छ। त्यतिवेला महानगरले सुरुमा बिजुली उत्पादन गरेर आसपासमा बेच्ने योजनासमेत बनाएको थियो।

■ मूल्यवृद्धिविरुद्ध माइतीघरमा प्रदर्शन



उपभोक्ता जागरण अभियान नेपालले मूल्यवृद्धिविरुद्ध काठमाडौंको माइतीघरमा शनिबार गरेको प्रदर्शन। अस्वाभाविक मूल्यवृद्धिले उपभोक्ता मारमा परेको भन्दै यसविरुद्ध जनचेतना अभिवृद्धि र सम्बन्धित निकायलाई खबरदारी गर्ने उद्देश्यले प्रदर्शन गरिएको हो।

चापागाउँबाट बुद्धको मूर्ति चोरी

ललितपुर/ ललितपुरको चापागाउँबाट बुद्धको मूर्ति चोरी भएको छ। करिब तीन सय ५० वर्ष पुरानो उक्त मूर्ति २९ फागुनमा चापागाउँको इलाछेंमा रहेको स्तूपाबाट हराएको हो।

मूर्ति हराएपछि स्थानीयवासीले प्रहरी प्रशासन गुहारेका छन्। जिल्ला प्रहरी परिसर ललितपुर र प्रहरी वृत्तको प्रहरी टोलीले मूर्ति खोजी गरे पनि फेला नपरेको जनाएको छ। रातको समयमा मूर्ति हराएको र सिसिटिभी फुटेजमा समेत नदेखिएको ललितपुर प्रहरीले जनाएको छ। पुरातात्त्विक महत्त्वको उक्त मूर्ति हराएपछि नेपाल प्रहरीले मातहत र इन्टरपोल शाखालाई जानकारी गराएको छ। सर्वत्र खोजी गरे पनि हालसम्म फेला नपरेको चापागाउँ वृत्तका प्रमुख कृष्ण चन्दले जानकारी दिए। 'यद्यपि, खोजी जारी छ,' हामीले सम्भावित क्षेत्र सबैतिर प्रहरी परिचालन गरिसकेका छौं,' उनले भने।

सम्पदाप्रेमी यादवलाल कायस्थले मूर्ति चोरी हुने क्रम बढेकाले प्रशासनले चासो दिनुपर्ने बताए। उनले भने, 'चोरी भएका धेरै मूर्तिहरू विदेशमा पुऱ्याइएको फेला परेको छ। अब पुरातात्त्विक महत्त्वको मूर्ति जोगाउन स्थानीय र प्रशासनको चासो हुनुपर्छ।'

■ मूर्ति तीन सय वर्ष पुरानो

हराएको मूर्ति करिब तीन सय वर्ष पुरानो हो। यसअघि ललितपुरको चापागाउँबाट बालकुमारीको मूर्तिसमेत हराएको थियो। स्थानीयवासीको दबाबमा प्रहरी प्रशासनले खोजी तीव्र पारेपछि उक्त मूर्ति खुमलटारमा फेला परेको थियो। हालसम्म प्रहरीले उक्त मूर्ति चोरी गर्नेलाई समेत पक्राउ गर्न सकेको छैन।

■ चितवन २, तनहुँ १ र बारा २ मा उपनिर्वाचन

को-को छन् प्रमुख दलका आकांक्षी ?

शुरोजंग पाण्डे, केशवराज पाण्डे/नयाँ पत्रिका

चितवन २, तनहुँ १ र बारा २ मा प्रतिनिधिसभा सदस्यका लागि १० वैशाखमा उपनिर्वाचन हुने भएपछि ती क्षेत्रमा प्रमुख राजनीतिक दलले कसलाई उम्मेदवार बनाउलान् भन्ने चासो सुरु भएको छ। चितवन २ मा १० वैशाखमा निर्वाचन गर्ने गरी कार्यतालिका सार्वजनिक गरेको निर्वाचन आयोगले अन्य दुई क्षेत्रमा पनि सोही मितिमा निर्वाचन हुने बताएको छ। औपचारिक घोषणा हुन भने बाँकी छ।

निर्वाचनमा हुन सक्ने सम्भावित समीकरणलाई लिएर दलहरूले अहिले नै उम्मेदवारीबारे औपचारिक छलफल थालेका छैनन्, तर आकांक्षीको भने चर्चा सुरु भएको छ। शुक्रवार मात्रै बारा २ बाट निर्वाचित रामसहाय यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि उक्त क्षेत्र पनि खाली भएको छ।

त्यस अगाडि रामचन्द्र पौडेल २५ फागुनमा राष्ट्रपति निर्वाचित भएसँगै उनले सोमबार सांसद पदबाट राजीनामा दिएपछि तनहुँ १ रिक्त भएको थियो। त्यसअघि दोहोरो नागरिकतासम्बन्धी मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले सांसद पद गुमाएपछि चितवन २ पनि खाली भएको थियो।

कांग्रेस कार्यसम्पादन समिति बैठकले १० वैशाखमा तनहुँ १ र चितवन २ मा हुने उपनिर्वाचनका लागि उम्मेदवारको नाम सिफारिस गर्न निर्देशन दिएको छ। नामबारे निर्णय गरेर उपयुक्त समयमा केन्द्रीय कार्यालयमा पठाउन निर्देशन दिएको हो।

कांग्रेसबाट तनहुँ १ मा केन्द्रीय सदस्य गोविन्द भट्टराई, पूर्वजिल्ला सभापति रघुनाथ पौडेल, संविधानसभा सदस्य रामचन्द्र पोखरेल, पूर्वप्रदेश सभा सदस्य तथा पूर्वप्रदेशमन्त्री दोबाटे विश्वकर्मा र सरिता गुरुङको नाम चर्चामा छ। तनहुँ जिल्ला सभापति जितप्रकाश आलेका अनुसार केन्द्रबाट नाम माग नभएकाले जिल्लाबाट केही निर्णय भएको छैन। 'हामीले उम्मेदवारबारे कुनै छलफल गरेका छैनौं। केन्द्रबाट पनि नाम माग भएको छैन। हामीले निर्वाचनअघि जिल्लाबाट नाम सिफारिस गरेका थियौं। केन्द्रले त्यसलाई पनि आधार मान्न सक्ला सक्छ,' उनले भने।

चितवन २ मा यसअघि पराजित पूर्वराज्यमन्त्री उमेश श्रेष्ठ प्रमुख दाबेदारका रूपमा देखिएका छन्। उनले यस क्षेत्रबाट निर्वाचित रवि लामिछानेको सांसद पद सर्वोच्च अदालतले खारेज गरेपछि आफूलाई स्वतः निर्वाचित गर्नुपर्ने मागसहित निर्वाचन आयोगमा निवेदनसमेत दिएका थिए। तर, आयोगले दोस्रो मत पाएकालाई स्वतः निर्वाचित हुने कानुनी व्यवस्था नरहेको जानकारी गराएको थियो।

कांग्रेसका चितवन सभापति राजेश्वर खनाल, निवर्तमान जिल्ला सभापति जितनारायण श्रेष्ठले पनि उपनिर्वाचनमा उम्मेदवार बन्ने आकांक्षा राख्दै आएका छन्। यसबाहेक केन्द्रबाट अर्थविद् डा. स्वर्णिम वाग्लेको नाम पनि चर्चामा छ। जिल्ला सभापति खनालले स्वयं निर्वाचनपछि जिल्लामा आफूसहितका आकांक्षीका विषयमा छलफल हुने बताए। 'हामीले उम्मेदवारबारे छलफल सुरु गरेका छैनौं। स्वयं निर्वाचनपछि छलफल गरेर नाम टुंगो लगाउँछौं,' उनले भने।

एमालेले चितवन २ को उपचुनावको सम्भावित उम्मेदवारबारे कार्यकर्ता तहमा प्रारम्भिक छलफल सुरु गरेको छ। अहिलेसम्म जिल्ला अध्यक्ष रामप्रसाद न्यौपाने, गत निर्वाचनका उम्मेदवार कृष्णभक्त पोखरेल, डा. तिलचन्द्र भट्टराई, पूर्वजिल्ला अध्यक्ष तथा पूर्वप्रदेश सांसद विजय सुवेदी र गोपी श्रेष्ठको नाममाथि छलफल सुरु भएको एमाले चितवनले जनाएको छ।





'हामीले ग्रासरुट अभियानलाई नै चुनावी अभियानका रूपमा पनि चलाइरहेका छौं, समग्रमा जिल्ला, क्षेत्र, पालिका र वडा तहसम्म चलिरहेको ग्रासरुट अभियानमा चुनावको प्रारम्भिक तयारीका रूपमा उम्मेदवारहरूको नाममाथि पनि छलफल सुरु भएको छ,' जिल्ला अध्यक्ष न्यौपानेले नयाँ पत्रिकासँग भने, 'हाम्रो उम्मेदवारी हुने निश्चित छ, जनताको बीचमा लोकप्रियमध्येबाट नयाँ सन्देश दिने गरी केन्द्रले कार्यविधि पठाएपछि उम्मेदवार छनोट गर्नेछौं।'

०७४ को निर्वाचनमा सो क्षेत्रबाट एमालेका कृष्णभक्त पोखरेल विजयी भएका थिए। तर, ०७९ को निर्वाचनमा भने पोखरेल तेस्रो भए। राष्ट्रिय स्वतन्त्र पार्टीका लामिछानेले ४९ हजार दुई सय ६४ मत ल्याएर विजयी बन्दा पोखरेलले १४ हजार ६ सय ४७ मत प्राप्त गरेका थिए। प्रतिद्वन्द्वी कांग्रेसका उमेश श्रेष्ठले १४ हजार नौ सय ८३ मत ल्याएका थिए।

त्यस्तै, कांग्रेसबाट विजयी रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि रिक्त तनहुँ १ मा पनि उपनिर्वाचन हुने निश्चित भएको छ। त्यहाँ एमालेबाट पूर्वआइजिपी सर्वेन्द्र खनाल र एकबहादुर राना उम्मेदवार बन्ने चर्चा छ। पौडेलले सातदलीय गठबन्धनबाट २५ हजार तीन सय १३ मत पाएर विजयी बन्दा प्रतिद्वन्द्वी रानाले १९ हजार नौ सय २५ मत पाएका थिए।

बारा २ मा भने एमालेले गत मंसिरको निर्वाचनमा उम्मेदवार उठाएको थिएन। एमालेले जसपाका रामसहायप्रसाद यादवलाई समर्थन गरेको थियो। यादव १३ हजार आठ सय २२ मत प्राप्त गरी विजयी भएका थिए भने गठबन्धनका तर्फबाट माओवादी केन्द्रका शिवचन्द्र कुसवाहले १३ हजार चार सय ६८ मत पाएका थिए। यो क्षेत्रमा गठबन्धनबाट जसपा अध्यक्ष उपेन्द्र यादव मैदानमा उत्रिने सम्भावना छ।

उपनिर्वाचनमा उम्मेदवारबारे पार्टीले सोचिनसकेको माओवादी नेता नारायण दाहालले बताए। दाहालका अनुसार गठबन्धनको अन्तिम टुंगो लागेपछि उम्मेदवारबारे छलफल हुनेछ। 'विश्वासको मत लिएपछि गठबन्धनको अन्तिम टुंगो लाग्छ, त्यसपछि मात्रै छलफल गरेर उम्मेदवारबारे निर्णय गर्छौं,' उनले भने। नेताहरूका अनुसार गठबन्धनमा राष्ट्रिय स्वतन्त्र पार्टी पनि संलग्न हुने सम्भावना छ। रास्वपा हालसम्म नयाँ गठबन्धनमा सहभागी भइसकेको छैन। यद्यपि, रास्वपाले सरकारलाई दिएको समर्थन कायमै राखेको छ।

रास्वपामा सभापति रवि लामिछानेले नै उपनिर्वाचनको तयारी गरेका छन्। गत ४ मंसिरको निर्वाचनमा चितवन २ बाट रास्वपा सभापति लामिछाने निर्वाचित भएका थिए। अदालतको फैसलासँगै उनको सांसद पद गुमेको थियो। नागरिकता पुनः प्राप्ति गरेपछि उनी फेरि उपनिर्वाचनको तयारीमा छन्। राप्रपाले कार्यसम्पादन समितिबाट उपनिर्वाचनबारे निर्णय गर्ने भएको छ।

राष्ट्रिय जनमोर्चाले चितवन २ को उपनिर्वाचनमा उपाध्यक्ष जनकराज शर्मालाई उम्मेदवार बनाउने निर्णय गरेको छ। उपनिर्वाचनको प्रचारप्रसारका लागि महासचिव मनोज भट्टको नेतृत्वमा २५ सदस्यीय निर्वाचन परिचालन समितिसमेत बनाइएको अध्यक्ष चित्रबहादुर केसीले बताए।

बारा २ मा उपेन्द्रलाई कति सहज ?

अनिल यादव/नयाँ पत्रिका

बारा २ बाट निर्वाचित सांसद रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएसँगै जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई संसद् प्रवेशको बाटो खुला भएको छ। सप्तरी- २ जनमत पार्टीका अध्यक्ष सिके राउतसँग पराजित भएयता नै रामसहायलाई उपराष्ट्रपति बनाएर यादव उपनिर्वाचनमार्फत संसद् छिर्ने रणनीतिमा रहे पनि जसपाले औपचारिक निर्णय भने गरेको छैन।

यादव स्वयंले पनि उम्मेदवारी दिनेबारे स्विकारेका छैनन्। तर, जसपाका नेताहरू संसद्मा यादवको आवश्यकता रहेकाले उनी उम्मेदवार बन्न सक्ने सम्भावनाबारे खुलेरै बोलिरहेका छन्। जसपाका प्रवक्ता मनीष सुमन पार्टीभित्र नेता-कार्यकर्ताको दबाब रहेको अवस्थामा यादव बारा-२ को उम्मेदवार बन्न सक्ने बताउँछन्।



'तर, अहिलेसम्म अध्यक्षले पार्टीभित्र उम्मेदवारी दिने इच्छा प्रकट गर्नुभएको छैन,' उनले भने, 'बाहिर मिडियामा अन्तर्वार्ता दिँदा पनि पाँच वर्ष पार्टीभित्रै काम गर्ने राय राखिरहनुभएको छ। यद्यपि, पार्टीभित्रबाट नेता-कार्यकर्ताको दबाब रह्यो भने उहाँ उम्मेदवार बन्ने सम्भावनालाई नकार्न सकिन्न।'

जसपाको आन्तरिक विश्लेषणमा सप्तरीमा हारेका यादव बारामा निर्वाचनका लागि सहजता छ। प्रवक्ता सुमन भने जसपाबाट राम्रो उम्मेदवार उठेको अवस्थामा जसपाले जित्न सक्ने चार बलियो आधार छ। 'पहिलो, जसपाको उम्मेदवार १० दलीय गठबन्धनको साझा उम्मेदवार हुनेछ,' उनी भन्छन्, 'दोस्रो, गत निर्वाचनमा बारा २ मा झरेको समानुपातिक मतमा पनि जसपा पहिलो छ। तेस्रो, सोही निर्वाचन क्षेत्रबाट निर्वाचित सांसद उपराष्ट्रपति पदमा पुगेपछि यसले कार्यकर्तामा बढेको उत्साहले पनि अर्थ राख्छ। चौथो, विगतका दिनमा पार्टीबाट रुष्ट भई स्वतन्त्र उम्मेदवारी दिएका त्यहाँका प्रभावशाली नेता रामकिशोर यादव पनि पार्टीमा फर्किएर क्रियाशील हुनुभएको छ।'

उपराष्ट्रपति निर्वाचनताका १० दलीय गठबन्धनमा रहेका लोसपा, जनमत र नागरिक उन्मुक्तिबीच आपसी समझदारीका आधारमा कार्यगत एकता गर्ने सहमति भएको थियो। सहमतिअनुसार लोसपा र उन्मुक्ति पार्टीको समर्थनमा जनमतले उपराष्ट्रपतिको उम्मेदवार नै खडा गरेको थियो। यद्यपि, अन्तिम समयमा लोसपा र उन्मुक्तिले गठबन्धनको साझा उम्मेदवारलाई नै मत दिने निर्णय गरेका थिए।

यादव बारा २ को उम्मेदवार भएको अवस्थामा लोसपा र उन्मुक्ति पार्टीले मत हाल्नेमा विश्वस्त रहेको जसपा प्रवक्ता सुमन बताउँछन्। 'उपराष्ट्रपतिको निर्वाचनमा लोसपा र नागरिक उन्मुक्ति पार्टीले अन्तिम समयमा आफूलाई सच्याएर गठबन्धनकै उम्मेदवारलाई मत हाल्नुभयो। त्यसैले उपनिर्वाचनमा पनि जसपाकै उम्मेदवार सघाउनुहुन्छ,' उनले भने। तर, उपराष्ट्रपति निर्वाचनमा झैं जनमत पार्टीले असहयोग गर्न सक्ने सम्भावनाबारे पनि आफूहरू सचेत रहेको उनले बताए।

■ यस्तो छ अंकगणित

गत निर्वाचनको अंकगणित केलाउँदा पनि उपेन्द्रलाई सहज हुने चार आधार अनुकूल नै देखिन्छ। त्यसो त प्रत्यक्षतर्फ बारा २ बाट रामसहायले ३५४ मतान्तरले मात्रै जित निकालेका थिए। एमालेको सहयोग पाएका उनले १३८२२ मत ल्याएर विजयी हुँदा तत्कालीन सत्तागठबन्धनका उम्मेदवार माओवादीका शिवचन्द्रप्रसाद कुशवाहाले १३४६८ मत ल्याएका थिए। तर, त्यतिबेला रामसहायको मत कम आउनुमा जसपाकै बागी उम्मेदवार प्रमुख कारण थियो। किनभने बारा २ मा राम्रो प्रभाव जमाएका रामकिशोरप्रसाद यादव रामसहायकैविरुद्ध त्यहाँबाट उम्मेदवार बनेका थिए। त्यतिबेला उनले ११ हजार ४३ मत ल्याउँदै तेस्रो स्थान बनाएका थिए। त्यसबेला असन्तुष्ट रामकिशोर अहिले पार्टीमा फर्किसकेका छन्। उनी घर फर्किनुलाई पनि उपेन्द्रले जितको बलियो आधार मानेको जसपाकै नेता बताउँछन्।

बारा २ को समानुपातिक मतपरिणाम पनि जसपाकै पक्षमा देखिन्छ। परिणामअनुसार त्यहाँ १३ हजार २४२ मत सहित जसपा पहिलो स्थानमा छ भने कांग्रेस ११ हजार १७९ सहित दोस्रो स्थानमा। त्यसपछि एमालेले नौ हजार १९३, जनमत पार्टीले आठ हजार ८४६, लोसपाले ४ हजार २३५, नागरिक उन्मुक्तिले तीन हजार ७९४, माओवादीले तीन हजार २६५, नेपाल संघीय समाजवादी पार्टीले दुई हजार ३६६, एकीकृत समाजवादीले एक हजार ९९६, राष्ट्रिय स्वतन्त्र पार्टीले एक हजार ४५५ र राष्ट्रिय प्रजातन्त्र पार्टीले ९९२ मत ल्याएको थियो।

अहिले १० दलीय गठबन्धनकै साझा उम्मेदवार भएको अवस्थामा गत निर्वाचनमा आएका सबै दलको मत जोड्दा ४६ हजार ५५७ पुग्छन्। त्यहाँ जसपाबाहेक मधेसकेन्द्रित दलहरू जनमत, लोसपा र नागरिक उन्मुक्तिको समानुपातिक मत मात्रै १६ हजार ८७५ आएको छ। यी तीनवटै दलले जसपाका उम्मेदवारलाई मत हाल्न तयार नभएको अवस्थामा पनि गत समानुपातिक मतपरिणाम हेर्दा सत्तागठबन्धन अगाडि देखिन्छ। यसरी पनि गठबन्धनको मत २९ हजार ६८२ हुने देखिन्छ। उता, यसअघि जसपालाई सघाएको एमालेले तीन मधेसकेन्द्रित दलसँग गठबन्धन गर्ने सम्भावनाबारे पनि राजनीतिक वृत्तमा चर्चा छ। त्यस्तो भएको अवस्थामा सत्तागठबन्धनकै मत अगाडि हुने देखिन्छ। एमाले, जनमत, नागरिक उन्मुक्ति र लोसपाको समानुपातिक मत जोड्दा २६ हजार ६८ पुग्छ।

फागुनमा १४ हजारले लगे एनओसी

काठमाडौं/ अघिल्ला महिनाको तुलनामा फागुनमा विदेश अध्ययनका लागि विद्यार्थीले शिक्षा मन्त्रालयबाट झन्डै दोब्बर संख्यामा नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लगेका छन्। शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाका अनुसार फागुनमा मात्रै १३ हजार नौ सय ४५ एनओसी जारी भएका छन्।

अन्य महिनाको तुलनामा फागुनमा एनओसी शाखामा सेवा लिन आउनेको निकै भिड लागेको थियो। विदेश अध्ययनमा खुकुलो हुन थालेपछि शिक्षा मन्त्रालयबाट एनओसी लिने विद्यार्थीको संख्या बढ्न थालेको छ। चालू आर्थिक वर्षको सात महिनामा विदेश अध्ययनका लागि ५९ हजार आठ सय ५७ विद्यार्थीले एनओसी लगेका छन्। फागुनमा जारी भएका कुल एनओसीमध्ये आधाभन्दा बढी जापानमा भाषा अध्ययनका लागि छन्। शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखा प्रमुख वासुदेव वस्तीका अनुसार जापानमा अध्ययनका लागि आठ हजार ९१ एनओसी जारी भएका छन्। गत माघमा सात हजार ६ सय १८ एनओसी जारी भएका थिए। पुसमा कुल सात हजार आठ सय ५१ विद्यार्थीले एनओसी लगेका छन्। शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमतिपत्र शाखा प्रमुख वस्तीका अनुसार फागुनभरि जापानका लागि एनओसी लिनेको भिड थियो। जापानमा कलेज भर्नाको समय भएकाले सबैभन्दा बढी भिड रहेको उनले बताए। फागुनमा दोस्रो आकर्षक गन्तव्य बनेको अस्ट्रेलियामा दुई हजार ६ सय १० जनाले एनओसी लगेका छन्। क्यानडाका लागि एक हजार ६ सय ६०, बेलायतका लागि ५५९, भारत २३४, युएई १६९, दक्षिण कोरियाका लागि १२५ एनओसी लगेका छन्। वैदेशिक अध्ययन अनुमति शाखाका अनुसार चालू आर्थिक वर्षको सात महिनाको अवधिमा अस्ट्रेलियाका १७ हजार सात सय १३ विद्यार्थीले एनओसी लगेका छन्। चालू आर्थिक वर्षमा अघिल्लो महिनासम्म तेस्रो स्थानमा रहेको जापान एनओसी लिने देशका आधारमा दोस्रोमा छ। जापानका लागि सात महिनामा १४ हजार सात सय ६० एनओसी शिक्षा मन्त्रालयले जारी गरेको छ। क्यानडा आकर्षक गन्तव्यका रूपमा पाइएको छ।

अघिल्लोपटक दोस्रो स्थानमा रहेको क्यानडाका लागि नौ हजार सात सय ९५ एनओसीसँगै तेस्रो स्थानमा छ। बेलायतका लागि अहिलेसम्म दुई हजार तीन सय ४७ विद्यार्थीले एनओसी लगेका छन्। अमेरिकाका लागि एक हजार नौ सय आठ र भारतका लागि एक हजार तीन सय ७८ एनओसी लगेको तथ्यांक छ। युएईका लागि एक हजार दुई सय ३७ एनओसी जारी भएको शिक्षा मन्त्रालयले जनाएको छ। आर्थिक वर्ष ०७८/७९ मा विद्यार्थीहरूले शिक्षा मन्त्रालयबाट कुल एक लाख १४ हजार चार सय २९ एनओसी लगेका थिए। गत आर्थिक वर्षमा वैदेशिक अध्ययनमा जाने विद्यार्थी संख्या र बिदेसिएको रकमले नयाँ रेकर्ड बनाएको छ।

गोर्खा सैनिकको सुविधाबारे उच्चस्तरीय वार्ताको पर्खाइ

पशुराम काफ्ले/नयाँ पत्रिका

नेपाल र बेलायतबीच ब्रिटिस भूतपूर्व गोर्खा सैनिकहरूको पेन्सनलगायत मागका सम्बन्धमा तीन महिनाअघि सुरु भएको वार्ताले गति लिएको छैन। मंसिर दोस्रो साता प्राविधिक स्तरमा वार्ता भएको थियो। त्यसपछि एक-दुई चरणमा प्राविधिक स्तरमा वार्ता गर्ने र उच्चस्तरीय वार्ताको मिति गर्ने सहमति कार्यान्वयन भएको छैन।

नेपाली दूतावासका उपप्रमुखले नेतृत्व गर्ने प्राविधिक स्तरको वार्ता सुचारु नहुँदा राजदूतले नेतृत्व गर्ने उच्चस्तरीय वार्ता अन्योलमा परेको छ। 'हामीले बेलायतका मन्त्री र हाम्रा राजदूतको स्तरमा उच्चस्तरीय वार्ता गर्नुअघि एक-दुई प्राविधिक स्तरको वार्ता गरौं भनेका छौं,' लन्डनस्थित नेपाली दूतावासकी उपनियोग प्रमुख रोशन खनालले टेलिफोनमा भनिन्, 'आउने साता सायद अर्को बैठक (प्राविधिक स्तरमा) तय हुन्छ।' तीन महिनाअघि भएको वार्तामा भूतपूर्व गोर्खा सैनिकका पेन्सनलगायत सबै एजेन्डामा छलफल भएको थियो। दुई सातापछि हुने भनिएको वार्ताको टुंगो छैन।

त्यसबेला भूतपूर्व गोर्खाहरूको पेन्सन, क्षतिपूर्ति, गोर्खा अपर्चुनिटी ट्रान्सफर, घाइते पूर्वसैनिकलाई क्षतिपूर्ति र राहतलगायत विषयमा छलफल भएको थियो। १३ मंसिरमा नेपाली दूतावासमा वार्ता भएको थियो। वार्तामा नेपाल सरकारका तर्फबाट उपनियोग प्रमुख खनाल र द्वितीय सचिव रामबाबु नेपाल सहभागी थिए। बेलायती रक्षा मन्त्रालयका आर्म्ड फोर्सेस पिपुल सपोर्ट डिभिजनका जेम्स ग्रिनरड, जेनेभिभ होस्टेर्ड, जेन्ना क्लेयर, म्याथ्यु लियोन, ब्रिगेड अफ गोर्खाज हेडक्वार्टरका कर्णेल डेभिड रबिन्सन, इन्टरनेसनल पोलिसी एन्ड स्ट्राटेजीका स्क्वाड्रोलन लिडर, गेभिन रिचार्डसन, आर्म्ड फोर्सेसको पारिश्रमिक विभाग हेर्ने नाजिया लोधी सहभागी थिए। भूतपूर्व गोर्खा सैनिकका तर्फबाट पूर्वमेजर जुद्धबहादुर गुरुङ, टिकेन्द्र दलदेवान र उदयबहादुर गुरुङ पनि वार्तामा सहभागी थिए।

राजदूत ज्ञानचन्द्र आचार्यलाई नेपाल सरकारले मन्त्रीस्तरीय वार्ताको नेतृत्व गर्ने जिम्मेवारी दिएपछि गत १७ कात्तिकमा उच्चस्तरीय वार्ता भएको थियो। त्यही वार्ताको सहमतिअनुसार कर्मचारी (प्राविधिक)को तहमा समग्र अर्को प्रतिनिधिमण्डलको नेतृत्व गरेका थिए।

बेलायती सांसद शर्मा भन्छन्- गोर्खा सैनिकले न्याय पाउनुपर्छ



बेलायतको प्रतिपक्षी दल लेबर पार्टीका सांसद वीरेन्द्र शर्माले गोर्खा सैनिकहरूको पेन्सन बेलायती नागरिकसरह हुनुपर्ने बताएका छन्। नेपाल भ्रमणमा आएका शर्माले शनिबार कूटनीतिक मामिला हेर्ने पत्रकाहरूसँगको कुराकानीमा गोर्खा सैनिकलाई बेलायतीसरह पेन्सन दिँदा बेलायतलाई आर्थिक रूपमा ठूलो भार नपर्ने पनि बताए।

'मैले लामो समयदेखि सरकारलाई भन्दै आएको छु कि गोर्खाहरूलाई बेलायतीसरह पेन्सन दिनुपर्छ। सन् १९९७ अघिका गोर्खालाई बेलयतीसरह दिन बाँकी पेन्सन जति छ, त्यति दिँदा बेलायतलाई आर्थिक रूपमा केही पनि फरक पर्दैन,' शर्माले भने, 'नेपाल, बेलायत सरकार र गोर्खा प्रतिनिधिबीच संवाद सुरु भएको छ। यो निष्कर्षमा पुग्छ भन्नेमा म विश्वस्त छु।'

सरकार भूतपूर्व गोर्खा सैनिकका माग सम्बोधन गर्न तयार नभए पनि संवादको ढोका खुला राखेको उनले बताए। 'सरकारले संवादको ढोका बन्द गरेको छैन। संवादमा ढिलाइ भएको छ। गोर्खाको माग पूरा गरेर यो विषय सदाका लागि अन्त्य गर्नुपर्छ,' शर्माले भने, 'गोर्खाहरूलाई समान अधिकार दिनुपर्छ, अरूले पाएजतिको सुविधा दिएर यो विषय अन्त्य गर्नुपर्छ।' उनले दुई सरकार र भूपूगोर्खाबीचको वार्ता निष्कर्षमा पुग्नेमा आशा व्यक्त गरे। 'त्रिपक्षीय छलफलमा समग्र विषय पुनरावलोकन हुन्छ र समाधान हुनेछ भन्नेमा म विश्वस्त छु। म गोर्खाहरूप्रति सहानुभूति राख्दछु। गोर्खाहरू म सांसद हुनुभन्दा अघिदेखिका मेरा मित्र हुन्,' उनले भने।

एजेन्डामा छलफल गर्ने र अन्तिममा फेरि उच्चस्तरीय वार्ता गर्ने तयारी भएको थियो। त्यसबेला बेलायतका लागि राजदूत आचार्य र बेलायतका रक्षा राज्यमन्त्री एन्ड्रयु मरिसनले एक

■ भारतीय अग्निपथमा भर्ती अनिश्चित

भारत सरकारद्वारा ३१ जेठमा भारतीय सेनाका लागि लागू गरिएको अग्निपथ योजनामा असहमति जनाउँदै नेपालले गोर्खा भर्ती निरुत्साहित गरेको छ। केवल चार वर्षका लागि सेना भर्ती गर्ने अग्निपथबारे नेपाल र भारतबीच थप छलफल भएको छैन। नेपाल, भारत र बेलायतबीच सन् १९४७ मा गोर्खा भर्ती निरन्तरता दिनेसम्बन्धी भएको त्रिपक्षीय सम्झौतासँग अग्निपथ मेल नखाएको भन्दै नेपालले भर्ती स्थगित गरेको थियो। भारत सरकारले गत २० असारमा नेपाल सरकारलाई चिठी पठाएर गोर्खा भर्ती सुचारु गर्न लागेको जानकारी दिएको थियो। ९ नोभेम्बर १९४७ मा नेपाल, भारत र ब्रिटिस सरकारबीच त्रिपक्षीय सम्झौताले गोर्खा भर्तीलाई निरन्तरता दिएको थियो। त्रिपक्षीय सम्झौतामा बेलायतका तर्फबाट एसिबी साइमन, भारतका तर्फबाट लेफ्टिनेन्ट कर्नेल कनवार दयासिंह बेदी र नेपालका तर्फबाट प्रधानमन्त्री पद्मशमशेर राणाले हस्ताक्षर गरेका थिए।

Jay Govind Sah Polytechnic Institute
जय गोविन्द साह पोलिटेक्निक इन्स्टिच्युट
गोलबजार-६, सिरहा

आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०७९/१२/०५

यस शिक्षालयको प्राचार्य पदमा करार सेवामा पदस्थापना गर्नुपर्ने भएकाले योग्यता पुगेका कुनै बात कसुर नलागेका इच्छुक नेपाली नागरिकले आफ्नो नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको लब्धाङ्क पत्र, ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाण पत्रहरुको प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो तथा देहाय बमोजिमको योग्यता पुगेका व्यक्तिले निम्न दस्तुरसहित २०७९ चैत्र १२ गते भित्र रितपूर्वक दरखास्त पेश गर्नु हुन सूचित गरिन्छ। रीत नपुगेको र स्याद नाघेपछि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुनेछैन।

क्र.सं.	विज्ञापन नं.	पद	संख्या	आवश्यक न्यूनतम योग्यता	मूल्याङ्कन प्रकृया
१.	०७९/०८०	प्राचार्य	१	मान्यता प्राप्त संस्थाबाट सम्बन्धित परिषद् सेवा/ट्रेडसँग मेल खाने प्राविधिक विषयमा स्नातकोत्तर उत्तिर्ण गरेको, प्रशासनिक क्षेत्रमा कार्य अनुभव भएको	आवश्यकता अनुसार मूल्याङ्कनका प्रकृया र सोको अवलम्बन गरिने छ।

शर्त र सुविधाहरु :
नागरिकता : नेपाली
आवेदन दस्तुर : रु. ३,५००।- (अक्षरेपी तीन हजार पाँच सय रुपैयाँ मात्र)
आवेदन फारमसँग उमेर खुलेको नागरिकताको प्रमाण, शैक्षिक योग्यताको प्रमाणपत्र लब्धाङ्क प्रमाणपत्र, अनुभव, निरोगिता, र तालिमको प्रमाणपत्रको सम्बन्धित परिषद्को प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।
दरखास्त दिने अन्तिम मिति : २०७९ चैत्र १२ गतेसम्म।
तलब सुविधा : CTEVT को नियमानुसार।
दरखास्त बुझाउने स्थान : शिक्षालयको कार्यालय, विहान ६:३० बजेदेखि दिउँसो १:३० बजेसम्म
अन्य थप जानकारीको लागि यस शिक्षालयको कार्यालय समयमा सम्पर्क राख्न सकिने छ।
आवेदन शुल्क नेपाल बैंक लिमिटड गोलबजार शाखाको च.हि.नं. १२०००१०६८९०३६५०००००१ मा वा यस बैंकको कुनै पनि शाखामा जम्मा गरी सोको भौचर दरखास्त फारमसहित पेश गर्नु पर्नेछ।
सम्पर्क नं. : ९८४२८२०२४४/९८१९७१५०३२, Email : jaygobindsah.pi@gmail.com

VACANCY ANNOUNCEMENT

The Oriental Insurance Company Limited, a leading General Insurance Company with branches outside Katmandu valley invites applications from dynamic, committed Nepali citizens for the **Position of "Associate"** for their offices located at various places in Nepal.

Qualification: Graduate in any discipline with good academic record. Knowledge in computer operation with MS Office/ SQL.
Knowledge & Skills:
Proficient in written/spoken English, Nepali and knowledge of computers in MS office/ SQL. Typewriting competency in English and Nepali. Candidate should have pleasant personality, strong communication and interpersonal skills.
Age Limit: 20 to 30 years
Remuneration : As per Company Norms
Selection procedure:
Short listed candidates will be called for written test and those who qualify in the test will be considered for further process. Rights for the rejecting any/all applications without assigning reasons are reserved. Canvassing at any stage of the process shall lead to automatic disqualification.
Candidates meeting above criteria may apply within 10 days from the date of this advertisement by downloading the application forms from our website ***www.orientalinsurance.com.np*** The completed forms along with the copies of academic qualification and others documents should be submitted on or before 28th March 2023.

The Oriental Insurance Company Limited
P.O. Box No. 165, Sunrise Bizz Park, 1st Floor Dillibazar, Kathmandu, Nepal
Website: www.orientalinsurance.com.np

A copy of the personal data may be sent by email to: careers@orientalinsurance.com.np

व्यवसायी हजारा मृत फेला, हत्याको आशंका

सर्लाही/ उद्योग वाणिज्य संघ गोडैताका अध्यक्ष जितेन्द्र हजारा मृत फेला परेका छन् । शुक्रबार साँझदेखि बेपत्ता भएका उनी शनिबार मृत फेला परेको परिवारको भनाइ छ । हजाराको शव घरदेखि करिब तीन सय मिटर पूर्व-उत्तरतर्फ गोडैता नगरपालिका- ८, स्थित रहरी बारीमा फेला परेको प्रहरीले जनाएको छ ।

बेपत्ता हजाराको शव देखेपछि शनिबार दिउँसो घाँस काट्न गएका स्थानीयले प्रहरीलाई खबर गरेका थिए । हजाराले गोडैता बजारमा एल्बेस्टर को व्यापार गर्दै आएका थिए । हजाराको हत्या भएको हुन सक्ने आशंका गरिएको छ । सर्लाहीका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले प्रहरी टोली घटनास्थलमा पुगेर अनुसन्धान गरिरहेको बताए ।रहरी घारीमा घोप्टो परेको अवस्थामा हजाराको शव फेला परेको थियो । बर्दिवासबाट तालिमप्राप्त कुकुर मगाएर घटनास्थलको सर्च गरिएको प्रहरी उपरीक्षक सुवेदीले बताए । घटनापछि स्थानीयस्तर मा त्रास छाएको गोडैता नगरपालिकाका नगर प्रमुख देवेन्द्र यादवले जानकारी दिए ।

डब्लुएचओले भन्यो- नेपालमा स्वास्थ्यकर्मीको चरम अभाव छ

मञ्जु टेलर/नयाँ पत्रिका



■ डब्लुएचओका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयसस भन्छन्- स्वास्थ्यकर्मी हरेक स्वास्थ्य प्रणालीका मेरुदण्ड हुन् । विश्वको सबैभन्दा कमजोर स्वास्थ्य प्रणाली भएका ५५ देशमा पर्याप्त स्वास्थ्यकर्मी छैनन्, उनीहरू अन्य देशमा पलायन भइरहेका छन् । विकसित देशहरूले स्वास्थ्यकर्मी भर्तीका लागि डब्लुएचओको प्रावधान स्वीकृत गर्नुपर्छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले नेपालमा स्वास्थ्यकर्मीको चरम अभाव रहेको जनाएको छ । हालै प्रकाशित 'डब्लुएचओ हेल्थ वर्कफोर्स सपोर्ट एन्ड सेफगार्ड्स लिस्ट २०२३' प्रतिवेदनमा स्वास्थ्यकर्मीको अभावका कारण सन् २०३० सम्ममा स्वास्थ्य लक्ष्य हासिल गर्ने उद्देश्य पूरा नहुने उल्लेख छ । प्रति १० हजार जनसंख्यामा ४९ जना स्वास्थ्यकर्मी (डाक्टर, नर्स र मिडवाइफ) आवश्यक रहे पनि जनसंख्याको आधारमा नेपालमा स्वास्थ्यकर्मीको नरहेको डब्लुएचओले जनाएको छ ।

कोरोना महामारीमा विश्वव्यापी स्वास्थ्य सेवा अध्ययन गरिरहेको डब्लुएचओले नेपालमा स्वास्थ्यकर्मी अभाव रहेको जनाएको हो । महामारी सुरु भएपछि विकसित देशहरूले स्वास्थ्यकर्मी पूर्तिको प्रयासलाई तीव्र बनाइरहेको र पहिलेदेखि स्वास्थ्यकर्मीको अभाव रहेका देशबाट राम्रो आम्दानीका लागि विकसित देशमा पलायन भइरहेको रिपोर्टले देखाएको छ ।

मेडिकल काउन्सिलको तथ्यांकअनुसार हाल नेपालमा १० हजार ८० जना विशेषज्ञ चिकित्सक, ३२ हजार दुई सय १८ एमबिबिएस र बिडिएस गरी ४२ हजार दुई सय ९८ चिकित्सक रजिस्टर छन् । एक हजार तीन सय २६ विशेषज्ञ नर्स, ७३ हजार पाँच सय १४ नर्स, ५१ जना मिडवाइफ, ३७ हजार एक सय ४० अनमी, आठ सय ४८ विदेशी नर्स रहेको नर्सिङ काउन्सिलको तथ्यांक छ । नेपालमा चिकित्सक, नर्स र मिडवाइफ गरी एक लाख ५५ हजार एक सय ७७ स्वास्थ्यकर्मी भए पनि यो संख्या जनसंख्याको आधारमा निकै न्यून रहेको डब्लुएचओको भनाइ छ । अझै रजिस्टर स्वास्थ्यकर्मीहरू विदेशमा समेत रहेकाले नेपालमा कार्यरत स्वास्थ्यकर्मीको संख्या अझै कम रहेको भन्दै उसले सन् २०३० सम्ममा स्वास्थ्य लक्ष्य हासिल गर्न स्वास्थ्यकर्मीको अभाव मुख्य चुनौतीको रूपमा देखिएको जनाएको छ ।

विश्व स्वास्थ्य संगठनले नेपालमा मात्रै नभई बंगलादेश, पाकिस्तानलगायत ५५ देशमा चिकित्सक, नर्स र मिडवाइफजस्ता स्वास्थ्यकर्मीको चरम अभाव रहेको जनाएको छ । डब्लुएचओले यी देशमा स्वास्थ्यकर्मीको औसत घनत्व औसत जनसंख्याभन्दा धेरै कम रहेको प्रतिवेदन सार्वजनिक गरेको हो । सबैभन्दा धेरै अफ्रिकी देशमा स्वास्थ्यकर्मीको अभाव रहेको प्रतिवेदनमा उल्लेख छ । जसमा अंगोला, क्यामरुन, चाड, बुर्किना फासो, नाइजेरिया, कंगो, रुवान्डालगायत ३७ अफ्रिकी देश समावेश छन् ।

सन् २०३० सम्ममा विश्वव्यापी स्वास्थ्य कभरेजको लक्ष्य हासिल गर्न स्वास्थ्यकर्मीको अभावका कारण असक्षम हुने डब्लुएचओको भनाइ छ । डब्लुएचओका स्वास्थ्यकर्मी नीति प्रमुख डा.जिम क्याम्पबेलले भनेका छन्, 'अफ्रिकाको अर्थतन्त्र बलियो छ, जसले नयाँ अवसर सिर्जना गरिरहेको छ । तर, खाडी मुलुकमा परम्परागत रूपमा भित्रिने विदेशी कामदार समावेश गर्दासमेत स्वास्थ्यकर्मी आपूर्ति भएको देखिँदैन ।' रिपोर्ट प्रतिवेदनका अनुसार विकसित देशहरूले कोभिड महामारीको समयमा विदेशी स्वास्थ्यकर्मीहरूलाई बढी स्थान दिँदा पहिलेदेखि नै स्वास्थ्य जनशक्ति कम भएका मुलुकमा स्वास्थ्यकर्मीको समस्या गम्भीर बन्दै गएको छ ।

हाल विश्वभर दुई करोड ९० लाख नर्स, एक करोड २७ लाख चिकित्सक, ३७ लाख फर्मासिस्ट, २५ लाख दन्त चिकित्सक, २२ लाख मिडवाइफ र एक करोड ४९ लाख अन्य स्वास्थ्यकर्मी छन् । अर्थात् हाल विश्वभर ६ करोड ५० लाखभन्दा बढी स्वास्थ्यकर्मी छन् । सन् २०३० सम्ममा यो संख्या बढाएर आठ करोड चार लाख पुऱ्याउने लक्ष्य छ ।

स्वास्थ्यकर्मीको असमान वितरणका कारण अझै ५५ देशहरू स्वास्थ्यकर्मीको अभाव खेपिरहेका छन्, जसमध्ये नेपाल पनि एक हो । स्वास्थ्यकर्मीहरू सेवा-सुविधाका लागि बिदेसिने दर उच्च रहेकाले नेपालजस्ता देशमा स्वास्थ्यकर्मीको आपूर्ति अपेक्षित हुन नसकेको अध्ययनले देखाएको छ ।

'स्टेट अफ नर्सिङ वर्ल्ड २०२२' का अनुसार, अमेरिका, युरोप, एसिया प्रशान्त देशमा मात्रै करिब ८१ प्रतिशत नर्स कार्यरत छन् । जब कि, अफ्रिकी देशहरूमा प्रति १० हजार जनसंख्यामा नौजनाभन्दा कम नर्स उपलब्ध छन् ।

अलपत्र पुल निर्माणको माग गर्दै राजमार्ग अवरुद्ध

सिन्धुली/ अलपत्र पुल निर्माणको माग गर्दै स्थानीयबासीले राजमार्ग अवरुद्ध गरेका छन् । मध्यपहाडी राजमार्गअन्तर्गत फिक्कल गाउँपालिका- ६ मा रहेको खाडसाङ खोलामा वर्षौंदेखि पुल अलपत्र अवस्थामा रहे पनि ठेकेदार कम्पनीले निर्माण नगरेको भन्दै स्थानीयले संघर्ष समिति नै गठन गरेर राजमार्ग अवरुद्ध गरेका छन् ।

पुल निर्माण गर्न दबाब दिन रोशन भण्डारीको संयोजकत्वमा १५ सदस्य संघर्ष समिति गठन भएको छ । समितिले शुक्रबार तीन घन्टा र शनिबार बिहान ८ देखि १२ बजेसम्म राजमार्ग बन्द गरेको संघर्ष समितिका संयोजक भण्डारीले बताए । ठेकेदार कम्पनीले काम गर्न आलटाल गरेपछि दबाब दिन संघर्षका कार्यक्रम गर्नुपरेको उनले बताए । राजमार्गमा अत्यावश्यकबाहेकका सबै सवारीसाधन ठप्प पार्ने उनको भनाइ छ ।

यसअघि फिक्कल गाउँपालिकाले निर्माण कम्पनीका प्रोपाइटरलाई बोलाएर असारसम्ममा पुल निर्माण सम्पन्न गर्ने सम्झौता गरेको थियो । खाडसाङ खोला र सोखु खोलामा पुल निर्माणको जिम्मा पाएको वाइपी विकास एन्ड ब्रदर्स/आत्रेय जेभीको तर्फबाट गत १७ फागुनमा पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय धुलिखेलले प्रतिबद्धतापत्र बुझाउँदै राजेशकुमार कुँवरले सोखु खोलाको पुलको ढलान १५ चैतभित्र सक्ने र ०८० वैशाखसम्ममा खाडसाङ खोलाको पुल निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका थिए । दुवै स्थानमा वर्षायामअघि नै पुल सञ्चालन गर्ने प्रतिबद्धता जनाए पनि हालसम्म काम सुरु हुनसकेको छैन ।

चैत अन्तिम साता टीकापुर साहित्य महोत्सव

नयाँ पत्रिका

कैलालीको टीकापुरमा चैत अन्तिम साता टीकापुर साहित्य महोत्सव आयोजना हुने भएको छ । सुदूरपश्चिम प्रदेशको साहित्य, कला, संस्कृति, इतिहास, पुरातात्त्विक सम्पदा, प्रकृति, पर्यटन तथा सामाजिक विकासका सम्भावना उजागर गर्न २५ देखि २७ चैतसम्म महोत्सव आयोजना गर्न लागिएको टीकापुर साहित्य समाजका अध्यक्ष एवं महोत्सव संयोजक महेशविक्रम शाहले शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा बताए ।

उनका अनुसार तीनदिने महोत्सवमा साहित्य, कला, संस्कृति, राजनीति, शिक्षा, पर्यटन, विकास निर्माण, दर्शन, इतिहास, पत्रकारिता र सामाजिक क्षेका ७५ वक्ताबीच २१ सत्र हुनेछन् । महोत्सवको पहिलो दिन लेखक सिकेलालबाट साहित्यमार्फत सामाजिक सद् भाव शीर्षकमाथि विद्वत् प्रवचन हुनेछ । त्यसबाहेक राजनीतिले सामाजिक सदभाव तोड्छ कि जोड्छ ?, टीकापुर सहर, बौरिने रहर, त्यो टीकापुर, यो टीकापुर र भोलिको टीकापुर, सुदूरपश्चिम विकासमा सधैँ किन पछाडि ? लगायत सत्र रहनेछन् ।

'टीकापुर योजनाबद्ध रूपमा विकास भएको सहर हो । तर, ०७२ मा भएको घटनाले टीकापुरको वातावरण धुमिल भएको छ,' अध्यक्ष शाहले भने, 'साहित्यिक महोत्सवमार्फत सामाजिक सद्भाव जगेर्ना गरी टीकापुरको परिचय पुनर्स्थापित गर्न चाहन्छौं ।'

महोत्सवको पहिलो साँझ काव्यसन्ध्या, दोस्रो दिनको साँझ गजलसन्ध्या र तेस्रो दिनको साँझ संगीतसन्ध्या पनि आयोजना हुने शाहले जनाए । महोत्सवकका लागि मुलुकभरबाट एक सय ५० जना अतिथिलाई आमन्त्रण गरिएको छ । महोत्सवमा साहित्य समाजले सम्मान तथा पुरस्कारबाट अर्पण गर्ने भएको छ । गत २४ माघमा मात्र स्थापना भएको समाजले तीनवटा पुरस्कार घोषणा गरेको छ ।

टीकापुरको परिकल्पनाकार स्वः खड्गबहादुर सिंहको सम्झनामा एक लाख राशिको खड्ग स्मृति राष्ट्रिय गौरव पुरस्कार हरेक वर्ष प्रदान गरिने भएको छ । त्यस्तै, हरेक वर्ष देशभरबाट उत्कृष्ट हुने एउटा कृतिलाई ५० हजार राशीको टीकापुर साहित्य समाज श्रेष्ठ कृति पुरस्कार अर्पण गरिने भएको छ भने सुदूरपश्चिमका प्रतिभालाई ५० हजार राशीको टीकापुर साहित्य समाज प्रतिभा पुरस्कार दिइने भएको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बैतडीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/१२/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सि.सि बैंक लि.) शाखा कार्यालय बैतडीबाट तपसिलमा उल्लिखत ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०७९ चैत्र २० गते सोमबार**का दिन शाखा कार्यालय बैतडीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

तपसिल

१. **ऋणीको विवरण:**

प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७५/०९/२० मा दर्ता नं. ८५०/४३३/०७५/०७६ दर्ता कायम भई बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०२ स्थित घरेलु तथा साना उद्योग कार्यालय रहेको **भुमिराज सहमिल**का सञ्चालक तिखुर सिंह बिजलेका नाति, रतन सिंह बिजलेको छोरा बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०२ (साबिक देहीमाण्डौ गा.वि.स. वडा नं.०८) बस्ने **रमेश सिंह बिजले** (ना.प्र.नं. ७७८/२६१५१, जारी मिति २०५०/१२/२९, जिल्ला प्रशासन कार्यालय बैतडी ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. तिखुर सिंह बिजलेको नाति, रतन सिंह बिजलेको छोरा बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०२ (साबिक देहीमाण्डौ गा.वि.स. वडा नं. ०८) बस्ने **रमेश सिंह बिजले** (ना.प्र.नं. ७७८/२६१५१, जारी मिति २०५०/१२/२९, जिल्ला प्रशासन कार्यालय बैतडी ।
२. तिखुर सिंह बिजलेको नाति, रतन सिंह बिजलेको छोरा बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०२ बस्ने **केशब सिंह बिजले** (ना.प्र.नं. ९५२८, जारी मिति २०४२/१०/२९, जिल्ला प्रशासन कार्यालय बैतडी ।
३. रतन सिंह बिजलेको बुहारी, रमेश सिंह बिजलेको पत्नी, धन सिंह बोहराको छोरी बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०२ (साबिक देहीमाण्डौ गा.वि.स. वडा नं.०८) बस्ने **जानकी बिजले** (ना.प्र.नं. ७३३००२७/२४९, जारी मिति २०६३/१०/०९, जिल्ला प्रशासन कार्यालय बैतडी ।
४. तिखुर सिंह बिजलेको बुहारी, रतन सिंह बिजलेको पत्नी, प्रकाश कबिरको छोरी बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०२ (साबिक देहीमाण्डौ गा.वि.स. वडा नं ०८) बस्ने **प्रमिला बिजले** (ना.प्र.नं. ७३३००२७/४१, जारी मिति २०६३/१०/०७, जिल्ला प्रशासन कार्यालय बैतडी ।
५. तिखुर सिंह बिजलेको बुहारी, रतन सिंह बिजलेको पत्नी, नर बहादुर बोहराको छोरी बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०२ (साबिक देहीमाण्डौ गा.वि.स. वडा नं.०८) बस्ने **हजारी बिजले** (ना.प्र.नं. ७३३००२७/१८२, जारी मिति २०६३/१०/०८, जिल्ला प्रशासन कार्यालय बैतडी ।

धितो सुरक्षणको विवरण:

१. **प्रमीला बिजले ...१ र हजारी बिजले...१ समेत जना २ को संयुक्त** नाममा मालपोत कार्यालय, बैतडीमा दर्ता कायम रहेको बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं.०२ (साबिक देहीमाण्डौ गा.वि.स. वडा नं.०८) बैतडी स्थित कित्ता नं.१८९६ को क्षेत्रफल ६–३–३–३ (रो.आ.पै.दा.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **जानकी बिजले**को नाममा मालपोत कार्यालय, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १९ कञ्चनपुर स्थित कित्ता नं. ३०१६ को क्षे.फ. जम्मा १०१५.८९ (व.मि.)जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनी कुमारी बैंक लि. र ऋणी **भुमिराज सहमिल** कायम भई यातायात व्यवस्था कार्यालय, सुदुरपश्चिम प्रदेशमा दर्ता कायम रहेको चे.नं. HPM554WD00081CM, ई.नं. IF4088C01630PM, सवारी नं. सु.प.प्र. ०१-००२ त ४७३१, मोडल INDOFARMDI3055, ट्रेक्टर थान १ ।

२. **ऋणीको विवरण:**

प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७७/१२/२० मा दर्ता नं. २७१९/०७७/०७८ दर्ता कायम भई बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०७ स्थित घरेलु तथा साना उद्योग कार्यालय रहेको **जय ग्वाल्लेक किराना पसल**का प्रोप्राईटर देवी दत्त बडुको नाति, कमलापति बडुको छोरा बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं.०७ (साबिक दुर्गास्थान गा.वि.स. वडा नं.०५) बस्ने **गोपाल दत्त बडु** (ना.प्र.नं. ४०८/२६०३७, जारी मिति २०६०/०१/०५, जिल्ला प्रशासन कार्यालय बैतडी ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. देवी दत्त बडुको नाति, कमलापति बडुको छोरा बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं.०७ (साबिक दुर्गास्थान गा.वि.स. वडा नं.०५) बस्ने **गोपाल दत्त बडु** (ना.प्र.नं. ४०८/२६०३७, जारी मिति २०६०/०१/०५, जिल्ला प्रशासन कार्यालय बैतडी ।
२. कालु दत्त बडुको नाति, देवी दत्त बडुको छोरा बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं.०७ (साबिक दुर्गास्थान गा.वि.स. वडा नं.०५) बस्ने **कमलापति बडु** (ना.प्र.नं. १०७०, जारी मिति २०४४/१२/०५, जिल्ला प्रशासन कार्यालय बैतडी ।
३. करबिर पन्तको नातिनी, चन्द्रदेब पन्तको छोरी बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं.०७ (साबिक दुर्गास्थान गा.वि.स. वडा नं.०५) बस्ने **लिला बडु** (ना.प्र.नं. ७३३००१/४०३, जारी मिति २०६३/११/२५, जिल्ला प्रशासन कार्यालय बैतडी ।

धितो सुरक्षणको विवरण

१. **कमलापति बडु**को नाममा मालपोत कार्यालय, बैतडीमा दर्ता कायम रहेको बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०७ (साबिक दुर्गास्थान गा.वि.स. वडा नं. ०५) स्थित कित्ता नं. ५४७ को क्षेत्रफल १–१०–२–२ (रो.आ.पै.दा.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. **ऋणीको विवरण:**

प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०६६/०१/०६ मा दर्ता नं. २३६/०६५/०६६ दर्ता कायम भई बैतडी जिल्ला, बासुलिंग वडा नं. ०५ स्थित घरेलु तथा साना उद्योग कार्यालय रहेको **श्री न्यु वाशुलिंग जनरल स्टोर**का प्रोप्राईटर महाविर पाण्डेको नाति, दशरथ पाण्डेको छोरो, कञ्चनपुर जिल्ला, रा.वि. गा.वि.स. वडा नं. ०७ बस्ने **मान बहादुर पाण्डे** (ना.प्र.नं. ७५४५०६७, जारी मिति २०४०/०१/१८, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. महाविर पाण्डेको नाति, दशरथ पाण्डेको छोरो बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं.०३ (साबिक कञ्चनपुर जिल्ला, रा.वि. गा.वि.स. वडा नं.०७) बस्ने **मान बहादुर पाण्डे** (ना.प्र.नं. ७५४५०६७, जारी मिति २०४०/०१/१८, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर) ।
२. दशरथ पाण्डेकी बुहारी, मान बहादुर पाण्डेकी पत्नी, धन सिंह बिष्टकी छोरी, भाना देवी पाण्डे, बैतडी जिल्ला, दशरथचन्द न.पा. वडा नं. ०३ (साबिक दुर्गाभवानी वडा नं.०७) बस्ने **भाना देवी पाण्डे** (ना.प्र.नं. ७३-०१-७२–००५२४, जारी मिति २०७२/०२/२१, जिल्ला प्रशासन कार्यालय बैतडी) ।

धितो सुरक्षणको विवरण:

१. **मान बहादुर पाण्डे**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी न.पा., वडा नं.०२ स्थित कित्ता नं. ९१६ को क्षेत्रफल १५२३.८८(व.मी) जग्गा र सो जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०७९ **चैत्र १९ गते** भित्र बैंकको शाखा कार्यालय बैतडी स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बैतडी स्थित कर्जा विभागबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०७९ चैत्र २० गते ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बैतडी स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बैतडी स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०७९ चैत्र २० गते सोमबार अपरान्ह ३:०० (तिन) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बैतडी फोन नं. ०९५-५२०५४६/५२०५४७

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय अरूणखोला, नवलपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/१२/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरुणखोला, नवलपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:

पर्मानन्द तरामुको नाति, चन्द्र बहादुर तरामु/नन्दीसरा तरामुको छोरा, कुवारी तरामु मगरको पति, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा., वडा नं. ५ बस्ने **रोमलाल तरामु** (ना.प्र.नं. १२/२१४, जारी मिति २०४५/०१/१८, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पुर्ण सिंह रुचाल मगर/चुनीसरा रुचाल मगरको छोरी, चन्द्र बहादुर तरामु/नन्दीसरा तरामुको बुहारी, रोमलाल तरामु मगरको पत्नी, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा., वडा नं. ५ बस्ने **कुवारी तरामु मगर** (ना.प्र.नं. ७९८/२८२, जारी मिति २०४६/०२/१०, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
२. खेत बहादुर घतीर्क/सुमित्र घर्तीको छोरी, रोमलाल तरामु/कुवारी तरामु मगरको बुहारी, रिम बहादुर तरामुको पत्नी, नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ५ बस्ने **दिल मायाँ थापा तरामु** (ना.प्र.नं. ३७/०१/७२/०२७६४, जारी मिति २०७२/०३/२९, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

धितो सुरक्षणको विवरण:

१. **रोमलाल तरामु**को नाममा मालपोत कार्यालय नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ०२/क स्थित कित्ता नं. ३१११ को क्षेत्रफल ०-०-५.७५-० (बिगहा) र बेनिमणीपुर गा.वि.स. वडा नं. ०२ स्थित कित्ता नं. ४१४९ को क्षेत्रफल ०-१-८-० (बिगहा)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय अरुणाखोला, नवलपुर फोन नं. ०७८-५५५२९६/५५५२९७/५५५२९८





१२ जेठमा हुक्का : एन एब्सर्ड ड्रिम

फिल्म 'हुक्का : एन एब्सर्ड ड्रिम' जेठ १२ गतेबाट प्रदर्शनमा आउने भएको छ। यस फिल्मलाई शम्भु थापाले निर्देशन गरेका हुन्। फिल्ममा प्रमिला खनाल, प्रकाश घिमिरे, सन्तोषकुमार आत्रेय, तेज गिरी, अशु न्यौपाने, तलिशा गुरुङ, निश्चल विमल, एलिसा विकलगायतको अभिनय छ।

केसरिया ५ भाषामा

रणवीर कपुर र आलिया भट्ट अभिनीत फिल्म ब्रह्मास्त्रको चर्चित गीत 'केसरिया'लाई स्नेहदीप सिंहले पाँच भाषामा गाएका छन्। उनले मलयालम, तमिल, तेलुगू, कन्नड र हिन्दी भाषामा यस गीत गाएका हुन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले धेरै भाषामा गीत गाउन सक्ने स्नेहदीपको खुबीको प्रशंसा गरेका छन्।

गर्भावस्थामा के गर्ने, के नगर्ने ?

गर्भावस्थामा महिलाले आफ्नो स्वास्थ्यप्रति विशेष ध्यान दिनुपर्ने हुन्छ। प्रत्येक गर्भवती महिलाले गर्भावस्थाका दौरान नियमित चेकजाँच गर्नुपर्छ। गर्भमा भ्रूणको विकास कसरी भइरहेको छ भन्ने जान्नका लागि यो जरुरी छ। खानपानमा विशेष सचेत हुनुपर्छ, यस्तो हुँदा आमा र बच्चाको स्वास्थ्यमा हानि पुग्दैन। आरामका साथै आफ्नो शरीरमा आउने विभिन्न परिवर्तनबारे पनि उत्तिकै सचेत हुनुपर्छ।



सम्भावित समस्या

गर्भावस्थामा रगत धेरै बग्न सक्छ। जसले गर्दा बच्चा खेर जाने सम्भावना हुन सक्छ। तल्लो पेट धेरै दुखे वा सिँगानजस्तो रगत बगेमा झन् खतरा हुन सक्छ। त्यसैले गर्भ बसेको दिनदेखि पहिलो तीन महिनाको समयलाई पहिलो चरणको अवधि मानिन्छ। यो समयमा वाकवाकी लाग्ने, खान मन नलाग्ने हुन सक्छ। त्यस्तै, पिसाब धेरैपटक हुने तथा पोल्ने र गर्भ खेर जाने सम्भावना धेरै हुन्छ। यस्ता समस्या देखिएमा चिकित्सकसँग परामर्श गर्नुपर्छ। तीन महिनादेखि ६ महिनाको अवधिलाई गर्भावस्थाको दोस्रो चरण मानिन्छ। ६ देखि ९ महिनाको अवधिलाई गर्भावस्थाको तेस्रो चरण मानिन्छ। यो समयमा बच्चाको विकास भइरहेको हुन्छ। यो अवस्थामा प्रोटिनयुक्त खानेकुरामा विशेष जोड दिनुपर्छ।



डा. पिंकी शाह
स्त्रीरोग विशेषज्ञ
ईशान हस्पिटल

के खाने, के नखाने ?

- सामान्यतः गर्भवती महिलाले अरू वेलाभन्दा बढी क्यालोरीयुक्त खानेकुरा खानुपर्छ। माछा, मासु, अन्डा, बदाम तथा गेडागुडीजस्ता प्रोटिनयुक्त खानेकुरा खानुपर्छ। साथै, दूध, दहीजस्ता क्याल्सियमयुक्त परिकारसमेत पर्याप्त मात्रामा सेवन गर्न आवश्यक हुन्छ।
- कार्बोहाइड्रेटयुक्त खाद्यान्न तथा आवश्यक मात्रामा चिल्लो खानेकुरा खान आवश्यक हुन्छ। घिउजन्य वस्तुले तौल बढाउन सक्ने भएकाले थोरै तर नियमित सेवन गर्नुपर्छ। घिउजन्य पदार्थबाट अन्य खानेकुराभन्दा बढी क्यालोरी प्राप्त हुन्छ, जुन गर्भवतीका लागि आवश्यक छ।
- सफा, स्वच्छ र ताजा खानेकुरा खानुपर्छ। यस्तो अवस्थामा अझ प्रशस्त मात्रामा झोलिलो पदार्थ खाने गर्नुपर्छ। प्रशस्त मात्रामा मौसमी फलफूल तथा तरकारी खानुपर्छ। खानाको प्लेटमा कम्तीमा पनि पाँच भागको एक भाग फलफूल वा तरकारी समावेश गर्न आवश्यक छ। प्रशस्त मात्रामा पानी पिउनुपर्छ, जसले आमा र बच्चाको शरीरमा अक्सिजनको मात्रा सन्तुलन गर्दछ।
- गर्भवतीले आवश्यक मात्रामा मौसमी फलफूल खानुपर्दछ। जुनसुकै खानेकुरा पनि पखालेर वा राम्ररी सफा गरेर मात्रै खानुपर्छ। यदि स्वस्थ खानेकुरा सेवन गर्ने हो भने अतिरिक्त भिटामिन लिनुपर्दैन।
- गर्भावस्थामा सजिलै ब्याक्टेरियाले आक्रमण गर्न सक्ने भएकाले बजारमा राखिएका खानेकुरा खानुहुँदैन। फास्टफुड र ड्राइफुड सकेसम्म खानुहुँदैन। अल्कोहलजन्य पेयपदार्थ, चुरोट र सुर्तीजन्य वस्तुको सेवनले बच्चालाई हानि गर्दछ। यसबाहेक काँचो मासु र काँचो अन्डा पनि हानिकारक छ।
- चिकित्सकको सल्लाहअनुसार सीमित औषधि सेवन गर्नुपर्छ। आफैंले जथाभावी औषधि खाए गर्भमा रहेको भ्रूणमा नकारात्मक असर पुग्न सक्छ।

ध्यान दिनुपर्ने कुरा

- लामो यात्रा नगर्ने।
- शारीरिक सम्पर्क नराख्ने।
- गह्रौं, भारी हुने काम गर्नुहुँदैन।
- पर्याप्त आराम गर्ने।
- सरसफाइमा ध्यान दिने।
- फोलिक एडिस, आइरन चक्की, क्याल्सियम चिकित्सकको परामर्शअनुसार सेवन गर्ने।
- नियमित स्वास्थ्य जाँच गर्ने।
- कुनै पनि समस्या देखिइहालेमा चिकित्सकसँग सम्पर्क गर्ने।

गर्मीमा यस्तो मेकअप



- गर्मी मौसममा 'वाटरप्रुफ' (पानीले नबिगार्ने मेकअप) गर्न आवश्यक छ। किनकि, यो मौसममा पानी र पसिनाले मेकअप बिग्रने जोखिम रहन्छ। गाजल र मस्काराजस्ता मेकअपका सामान 'वाटरप्रुफ' प्रयोग गर्नुपर्छ।
- बाहिर हिँड्दा वा मेकअप गर्नुभन्दा अगाडि सनब्लक प्रयोग गर्नुपर्छ। घामबाट बच्न मोस्चराइजर प्रयोग गर्न सकिन्छ।
- सकभर 'हेभी मेकअप' गर्नुहुँदैन। गर्मीमा पसिनाका कारण झन् धब्बा देखिने हुन सक्छ। जस्तै, आँखामा गाजलको सट्टा हल्का आइस्याडो, वाटरप्रुफ वा म्याट मस्कारा लगाउन सकिन्छ।

हेयर स्टाइल

- गर्मीको मौसममा लामो कपाल पाल्दा झन्झटिलो हुन सक्छ। लामो समयसम्म बाँधेर हिँड्नुपर्ने भएकाले टुक्रिने डर हुन्छ। त्यसैले लामो कपाल हुनेले बाहिर हिँड्दा हलुकासँग बाँध्ने र घरमा रहँदा खुलै छाड्ने गर्दा राम्रो हुन्छ।
- गर्मी याममा हावा चल्ने र धुवाँ-धुलो उड्ने भएकाले कपाल सुक्खा वा फुस्रो देखिन्छ। यसर्थ, स्टाइलिस कपाल रुचाउनेले छोटो कपाल अर्थात् 'समर कट' गर्दा बेस हुन्छ। यसले व्यवस्थापनमा सहजतासँगै फेसनेबल देखाउनसमेत मद्दत गर्छ।

'दि डिपार्टेड डाउन' ४ विधामा मनोनयनमा

काठमाडौं/ विमल सुवेदीले निर्देशन गरेको हिन्दी नाटक 'दि डिपार्टेड डाउन' भारतको प्रतिष्ठित थिएटर अवार्ड 'महेन्द्रा एक्सेलेन्सी थिएटर अवार्ड'को चार विधामा मनोनयनमा परेको छ। विमल सुवेदीकै लेखनसमेत रहेको नाटक उत्कृष्ट निर्देशन, संगीत, कोरियोग्राफी र लाइटगरी चार विधामा मनोनयनमा परेको हो। चार सय ९५ नाटकबाट छानिएर यो नाटक उत्कृष्ट १० मा परेको हो। छानिएका नाटकहरू २५ देखि २९ मार्चसम्म दिल्लीमा मञ्चन हुनेछन्।

सुवेदीले आफ्नो नाटकमा जबर्जस्ती जन्मथलो छाड्न बाध्य भएका नेपालीभाषी भुटानीको कथा उठान गरेका छन्। 'यो भुटानी शरणार्थीको कथा हो, जो आफ्नो पुर्ख्यौंली थलो छाड्न बाध्य भएर विश्वका धेरै देशमा पुगे। नाटकले घर बन्ने प्रक्रियादेखि बनेको घर भताभुंग भएको अवस्थासम्मलाई अभिव्यक्त गर्ने प्रयास गरेको छ,' सुवेदीले भने।

नाटककार सुवेदीले नेपाली कथा विश्व रंगमञ्चमा प्रस्तुत गर्ने आफ्नो उद्देश्य रहेको बताए। 'नेपाली कथा विश्व घुम्नुपर्छ र हाम्रो दर्शनलाई आफ्नै हिसाबले अभिव्यक्त गर्नुपर्छ भन्ने मेरो मान्यता हो। यो नाटकको यात्राले मलाई त्यो मान्यतामा अडिग रहन प्रेरित गरेको छ,' उनले भने।

नेपालको थिएटर भिलेज र भारतको अखोका थिएटर मिलेर तयार गरेको नाटकले यसअघि सन् २०१९ मा सेरेनपिडिटी आर्टस् ग्रान्ट अवार्ड प्राप्त गरेको थियो। यो नाटक मार्च २५ तारिखका दिन दिल्लीस्थित श्रीराम सेन्टरमा प्रदर्शन हुँदै छ।

साइकल चलाउनुका फाइदा





हिमाल टमाटा
साइक्लिङ खेलाडी

हिजोआज साइक्लिङ गर्नेको संख्या बढ्दो छ। सहरी क्षेत्रमा साइकल गुडाउँदा हेल्मेट र मास्क अनिवार्य लगाउनुपर्छ। हेल्मेटले तपाईंको टाउकोको सुरक्षा गर्छ, त्यस्तै मास्कले प्रदूषणबाट जोगाउँछ। धुलो-धुवाँ धेरै उड्ने ठाउँको साटो तपाईंले प्रदूषणरहित र शान्त क्षेत्रमा साइकल चलाउनु राम्रो हुन्छ। साइकलसवारीका मानसिक तथा शारीरिक फाइदा धेरै छन्। यसले मानिसलाई निरोगी बनाउन सहयोग गर्छ।

स्वस्थ मुटु : नियमित साइकल चलाउँदा मुटुरोग, स्ट्रोक र उच्च रक्तचापको जोखिम कम हुन्छ।

फिटनेस : साइकल चलाउँदा तपाईंको मांसपेशी बलियो हुन्छ। शरीरको लचिलोपन बढ्छ। यसले समग्र शरीरको कसरत गराउँछ। साइकल चलाउँदा पर्याप्त क्यालोरी खर्च हुन्छ र तौल नियन्त्रणमा सहयोग पुग्छ। साइकल चलाउँदा पछिल्तिरका हड्डी सक्रिय रहने हुनाले ढाड र गर्दनको दुखाइबाट समेत राहत पाउन सकिन्छ।

तनाव कम हुन्छ : साइकल चलाउँदा मानिसको मस्तिष्क निकै सक्रिय रहन्छ। अन्य साइडबाट आइरहेका गाडी र मानिसलाई सचेततापूर्वक नियालेर साइकल गुडाइने भएकाले तपाईंको ध्यानशक्ति बढेर जान्छ। यसले तपाईंको मुडमा पनि सुधार ल्याउँछ। तपाईंलाई थप ऊर्जावान् महसुस गर्न सहयोग गर्दछ।

पाचन प्रणालीमा सुधार : दैनिक करिब २० मिनेट साइक्लिङ गर्दा शरीरमा हजार क्यालोरी खपत हुन्छ। तपाईंको पाचन प्रणाली सुधार हुन्छ। त्यसपछि आफूलाई मन परेको खानाको मज्जा लिन सकिन्छ।

पर्यावरणमैत्री : साइकल सवारी पर्यावरणमैत्री छ। यसमा इन्धन आवश्यक पर्दैन। त्यसैले तपाईंको स्वास्थ्य मात्रै नभएर वरपरको वातावरणलाई स्वच्छ राख्न पनि यसले भूमिका खेल्छ।

Chumnubri Rural Municipality
Office of Rural Municipal Executive
Sirdibas, Gorkha

Invitation for Electronic Bids

Date of publication: 19th March, 2023

1. The Chumnubri Rural Municpality, Gorkha invites *electronic* bids from eligible bidders for the Procurement of Goods under National competitive bidding procedures specified in Public Procurement Act andRegulations.

SN	Contract ID	Description of Works	Quantity	Estimated Amounts with VAT (NRs.)	Bid Security (NRs.)	Bid Price (NRs.)
1	CNRM/GOODS/ NCB /01/2079/80	Supply and Delivery Of Machine Made Gabion Box	(3x1x1m) 160nos.	34,97,179.12	90,000.00	3000.0
			(2x1x1m) 500nos.			
			(1.5x1x1m) 62nos.			

2. Bidding Documents is available Online and can be downloaded from e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

Information to Deposit Bid Fee and Bid Security

For Bid Security
Bank Name : Kumari Bank Limited, Sirdibas Gorkha
Account Name: CHUMNUBRI GAUNPALIKA DHARAUTI KHATA GA 3
Account Number: 0820121789500009

For Bid Document Fee
Name of the Bank: Kumari Bank Limited, Sirdibas Gorkha
Account Name: CHUMNUBRI GAUNPALIKA AANTARIK RAJASHWO KHATA GA 1.1
Account No: 0820121789500001

Chief Administrative Officer

लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बन्धित सबैलाई ऋण कर्जा चुक्ता गर्ने तथा पुनः धितो लिलाम बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना।

(प्रकाशित मिति : २०७९/१२/०५)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले मिति २०७९/०३/१६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा मिति २०७९/०७/०३ मा सौर्य राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेको तथा धितो सम्पत्ति लिलाम बिक्री समेत नभएकोले पुनः यो ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा ब्याज तथा हर्जना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई सम्पुर्ण कर्जा चुक्ता फर्छ्यौट गरी लेखिदिएको धितो फुकुवा गरी लैजानु हुनका लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक लगायत सम्बद्ध सबैलाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराइन्छ। साथै तपसिलमा उल्लेखित धितो सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त धितो सम्पत्ति के-कति दर भाउ र मूल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौ) दिन भित्र गोप्य सिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय बिर्तामोड, झापा तथा केन्द्रिय कार्यालय हात्तीसार, काठमाण्डौमा दाखिला गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिन अर्थात् मिति २०७९/१२/२० (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय बिर्तामोड, झापा तथा केन्द्रिय कार्यालय हात्तीसार, काठमाण्डौमा दिनको ठीक ११.०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम एक प्रतिको रु.१०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकको शाखा कार्यालय बिर्तामोड, झापामा तथा केन्द्रिय कार्यालय, हात्तीसार, काठमाण्डौमा उपलब्ध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री हुन नसकेमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराउदै उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी लगायतका सम्बद्ध व्यक्तिहरुको अन्य चल-अचल सम्पत्तीबाट समेत असुल उपर गरी लिइने वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ। साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालकले समेत यसै सूचना बमोजिम ऋणीलाई तोकिएको अवधी भित्रमा कर्जा चुक्ता गर्न लगाउनु हुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

१. **ऋणीको नाम** : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १०३२६७/०६९/०७०, मिति २०६९/०७/२७ मा दर्ता भई काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.२३, ओमबहालमा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजस्व कार्यालय नयांसडकमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००८०४९२७, मिति २०६९/०८/१० मा दर्ता भएको **दि मोवि किड्स प्रा.लि.**

१.**सञ्चालक, व्यक्तिगत तथा धितो जमानतकर्ता** : दुर्गा प्रसाद पोखरेलको नाती केशव प्रसाद पोखरेलको छोरा काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं ५ नयाँपाटी भई हाल काठमाडौं जिल्ला, शान्तिनगर वडा नं. २९ बस्ने श्री विनोद पोखरेल (नागरिकता नं. १२९९२, जिल्ला प्रशासन कार्यालय काठमाडौं, जारी मिति २०५४/०३/०८)

२. **व्यक्तिगत तथा धितो जमानतकर्ता** : केशव प्रसाद पोखरेलको बुहारी भगिरथ गोतामेको छोरी बिनोद पोखरेलको पत्नी काठमाडौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं ५ नयाँपाटी भई हाल काठमाडौं जिल्ला, शान्तिनगर वडा नं. २९ बस्ने श्रीमती सुनिता पोखरेल (नागरिकता नं. ४८५४, जिल्ला प्रशासन कार्यालय काठमाडौं, जारी मिति २०५७/१२/०९)

३. **व्यक्तिगत जमानतकर्ता** : दुर्गा प्रसाद पोखरेलको नाती केशव प्रसाद पोखरेको छोरा काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं ५ नयाँपाटी भई हाल काठमाडौं जिल्ला, शान्तिनगर वडा नं. २९ बस्ने श्री अच्युत पोखरेल (नागरिकता नं. ११६५, जिल्ला प्रशासन कार्यालय काठमाडौं, जारी मिति २०५८/०४/२२)

धितोको सुरक्षणको विवरण

१) **व्यक्तिगत तथा धितो जमानतकर्ता श्रीमती सुनिता पोखरेलको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. २०२, ४७१ र ५९४ को क्षेत्रफल क्रमश ०-४-०-०, ०-२-३-३ र ०-१-२-० जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२) **ऋणी प्रा.लि.का सञ्चालक, व्यक्तिगत तथा धितो जमानतकर्ता विनोद पोखरेलको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३ स्थित कित्ता नं. ३३७ को क्षेत्रफल १५८.९५ व.मि. जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३) **ऋणी प्रा.लि.का सञ्चालक, व्यक्तिगत तथा धितो जमानतकर्ता विनोद पोखरेलको** नाममा मालपोत कार्यालय चन्द्रगढी झापामा दर्ता कायम रहेको झापा जिल्ला ज्यामिरगढी गा.पा./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १३५६, १३५८, १३६०, १३६२, १३७३, १३७२, १३७४, १३७७, १३७८, १३८०, १३७५, १३००, १३०२, १३०४, १३०५, १३०७, १३१९, १३२१, १३२८, १३३२, १३३९, १३८२, १२९४, १२९६, १२९८, १३०९, १३१५, १३२३, १३३०, १३३४, १३३६ र १३८५ को क्षेत्रफल क्रमश २०७.३९, २०३.१६, १९८.९३, १८६.२३, १८६.२३, १२६.९७, २२४.३२, ३७२.४९, २२४.३२, २७५.११, २०७.३९, १६९.३०, १६९.३०, १६९.३०, ३०८.९७, २४९.७२, २११.६३, २११.६३, १८६.२३, २०७.३९, २१५.८६, १५२.३७, १७३.५३, १७३.५३, १६९.३०, २२८.५६, १८६.२३, २०७.३९, २०७.३९, २०७.३९, २०७.३९ र २७५.११ व.मि. जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

पुनश्च : स्थलगत निरिक्षण गर्न तथा अन्य जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालय हात्तीसार स्थित कर्जा असूली विभागमा तथा शाखा कार्यालय बिर्तामोड, झापामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १२५२३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

आइरन ट्र्यांगल, पार्क चुङ ही र नेपाल

सैनिक बलमा सत्ता हत्याएका पार्कलाई त देशले पत्यायो भने राम्रो गर्न थाल्ने हो भने लोकतान्त्रिक पद्धतिबाट चुनिएका राजनीतिज्ञलाई नपत्याउने कुरै छैन



● गुरुराज घिमिरे

अग्रलेख

जापानले दोस्रो विश्वयुद्धपछि अवलम्बन गरेको विकास रणनीतिलाई 'आइरन ट्र्यांगल' भनिँदो रहेछ। जसमा राजनीति, कर्मचारीतन्त्र र निजी क्षेत्रको संयुक्त प्रयासबाट देशलाई उँभो लगाउने उपाय र बाटो खोजिँदो रहेछ। तिनै क्षेत्रको समन्वय र सकारात्मक सहकार्यले मात्र देशले प्रगति गर्न सक्छ भन्ने जापानीको विश्वासले नै उनीहरूलाई सफलताको शिखरमा पुऱ्याएको रहेछ। यसै रणनीतिलाई झन्डै चार दशकसम्म जापानको अधिनमा रहेको दक्षिण कोरियाले अनुसरण गरेछ। नत्र स्वतन्त्रता र प्रजातान्त्रीकरणताका दक्षिण कोरियाभन्दा उत्तर कोरिया विकसित थियो। अहिले आएर दक्षिण कोरियाको समृद्धिसँग उत्तर कोरियाको तुलनै हुन सक्तैन।

जापानी मोडेल अनुसरण गर्ने शासक पूर्वसैनिक जनरल पार्क चुङ ही थिए, जसले सैनिक कुमार्फत दक्षिण कोरियाको सत्ता हत्याएका थिए। आधुनिक कोरियाको जग उनैले बसालेका हुन्, जसरी आधुनिक चीनको जग देङ स्याओ पेङ, सिंगापुरको लि क्वान यु र मलेसियाको महाथिर मुहम्मदले जग बसाएको मानिन्छ। पार्क वेलावेलामा कर्मचारी र निजी क्षेत्रका उद्यमीसँग भेटघाट गरेर देश विकासको उपयुक्त बाटो र मोडलबारे विमर्श गर्दा रहेछन्। व्यापारीसँग त उनको गहिरो हिमचिम नै रहेछ, तर निजी फाइदाका लागि होइन, राष्ट्रको उन्नतिका लागि। सायद यही भेटघाट, सम्बन्ध, छलफल र परामर्शबाट जापानी मोडल अनुसरण गर्ने निचोडमा उनी पुगेको हुनुपर्छ। दोस्रो विश्वयुद्धबाट थला परेको जापानले एक दशक पनि नपुग्दै आफूलाई पूर्वावस्थामा पुऱ्याइसकेको थियो। त्यसका निम्ति सरकार (राजासहित), कर्मचारी, व्यापारी र जनताले एकसाथ काम गरेका थिए। यसको प्राथमिक सर्त भने सुयोग्य र इमानदार राजनीतिक नेतृत्व नै हो। जापानसँग त्यो उपलब्ध थियो र नै उन्नति सम्भव भयो। यसैगरी सैनिक कुमार्फत उदाएको भए पनि पार्कले राष्ट्रका लागि केही गर्छन् भन्ने जनविश्वास पैदा भइसकेको थियो। यसैलाई नेतृत्व क्षमता मानिन्छ।

उनीसँग चौबीसै घन्टा विशेषज्ञसहितको हेलिकोप्टर तैनाथ हुँदो रहेछ, आवश्यकताअनुसार जुनसुकै वेला जहाँसुकै पुग्नका लागि। हाम्रोतिर त राजनीतिज्ञ र कर्मचारी या व्यापारी निजी स्वार्थका खातिर मात्र मिल्छन्, धन्दा आआफ्नै हुन्छ। राष्ट्र निर्माण कसैको प्राथमिकतामा पर्दैन। तर, पार्क भने आवश्यकताअनुसार कर्मचारी, व्यापारी, उद्योगी र व्यवसायीसँग डिनर-लन्च गरिराख्दा रहेछन्। यसले उनलाई अभाव र संकटमा पनि अघि बढ्न उत्साह प्राप्त हुने र विकासको नयाँ-नयाँ विकल्प भेट्टाउन सहज हुने रहेछ।

पार्कको शासनसँगै पञ्चवर्षीय योजना सुरु हुँदा दक्षिण कोरियाका जनताको प्रतिव्यक्ति आय ९० डलरभन्दा कम थियो। न उद्योगधन्दा, न बाटोघाटो, न रोजगारी, लगभग कोरियासँग केही पनि थिएन, मात्र चरम गरिबी थियो। बल्लतल्ल सन् ७० को दशकमा प्रतिव्यक्ति आय एक हजार डलर पुगेको हो। पार्कलाई मानिस तानाशाह अर्थात् 'डिक्टेटर' पनि भन्छन्, तर उनी निर्विवाद रूपमा आधुनिक कोरियाका निर्माता हुन्। वित्तीय संस्थाहरू जस्तो, विश्व बैंकले ऋण लगानी गर्न आनाकानी गरेको वेला उनले राष्ट्रको कुल बजेटको ६० प्रतिशत खर्च गरेर झन्डै चार सय १६ किमि लामो सोल-बुसान हाइवे निर्माण गरेका रहेछन्। देशलाई व्यापक औद्योगीकरणमार्फत् विकासमा तीव्र गति पत्रेको कोरियाका हुन्डाई, एलजी, सामसुङ, कियालगायत मोटर र इलेक्ट्रोनिक कम्पनीले संसारभर तहल्का मच्चाए। दक्ष कामदार निर्यात गरेर होस् वा आफ्ना ठेक्का कम्पनीको विश्वसनीय काममार्फत होस्, कोरियनहरूले विश्वव्यापी साख र प्रतिष्ठा आर्जन गरे। यसको श्रेय पार्कलाई नै जान्छ। एउटा दह्रो र उच्च आत्मविश्वास भएको नेता पाएको खण्डमा राष्ट्रले कति छिटो प्रगति गर्न सक्छ भन्ने उपयुक्त दृष्टान्त दक्षिण कोरिया हो। उनको अद्भूत नेतृत्व क्षमताका कारण सम्पूर्ण राष्ट्रलाई एकढिक्का बनाएर प्रगति हासिल गरे। पार्कसँग सपना र त्यसलाई पूरा गर्ने कार्यसूचीसहितको अठोट दुवै थियो।

अब नेपालतिर फर्कौं। गत निर्वाचनपछि देशमा देखिएको राजनीतिक उतारचढावले जनताको मन खिन्न त छ नै साथै उदास पनि। संसद्मा कुनै राजनीतिक दलको बहुमत छैन। निर्वाचनको समयको गठबन्धन भत्किएर सरकार बन्यो भने राष्ट्रपतीय चुनावमा पुनः पुरानै गठबन्धन ब्युँतिएको छ। अबका केही दिनमा सरकार विस्तार हुने र एमाले, राप्रपालगायत केही दलबाहेकका अन्य दल मन्त्रिपरिषद्मा सामेल हुने सम्भावना छ। र, यी प्राविधिक पाटो मिलाउँदैमा झन्डै ६ महिना बित्ने सम्भावना देखिँदै छ। यो काम गर्ने चाल र शैली होइन। त्यसपछि भागबन्डाअनुसार प्रचण्डसँग डेढ वर्ष मात्र बाँकी रहन्छ। पछिल्लो ६ महिना 'आउटगोइङ'का नाममा काम हुँदैन र नयाँ नेतृत्व आउन केही दिन लाग्छ। यसैगरी अर्को नेतृत्व पनि आउँछ। पाँच वर्षमा तीन-तीनवटा सरकार बन्छन्। अन्तिम सरकारले फेरि चुनाव गराउने मुख्य काम छँदै छ। देशमा सामान्य अवस्था रहेमा सानातिना काम होलान्। तर, कथंकदाचित् राजनीतिक गन्जागोल पैदा भएमा परम्परागत शैलीले कुनै ठूलो काम सम्भव छैन।

पार्कले सबै देशवासी खासगरी कर्मचारी र उद्यमी व्यवसायीलाई 'आउनोस् हामी सबै मिलेर देश बनाऊँ, म पनि स्वार्थमा लाग्दिनँ, तपाईं पनि नलाग्नुस्, म पनि खान्नँ, तपाईंहरू पनि नखानुस्' भनेर खुला आह्वान गरे। दक्षिण कोरियाको विकासको सूत्र नै यही भयो। हामीभन्दा गरिब देश आज कहाँ छ, हामी कहाँ छौं। माध्यमिक विद्यालय पढ्दै गरेको एउटा किशोर वा किशोरीलाई प्रश्न गर्दा उनीहरू राज्यप्रति निराशा र आक्रोश व्यक्त गर्छन्। उनीहरूको एउटा खुट्टा परदेशतिर लम्किसकेको हुन्छ। मन उतै पुगिसकेको हुन्छ। यस्तो अवस्थाबाट देशलाई कहिले र कसले जोगाउने ? गहिरो चिन्ताको विषय छ।

यसपटक बनेको गठबन्धन निरन्तर कायम रहने हो भने देशका लागि सुनौलो मौका छ। के गठबन्धन दलका नेताहरूको ध्यान घोर निराशामा डुबेको नेपाली समाजमा आशा जगाउनेतर्फ केन्द्रीकृत हुनुपर्ने होइन र ?

आजसम्म त हुँदै भएन, अब हुने कि नहुने। दलभित्र वाक्युद्ध, अन्तरपार्टी र नेता-नेताबीच दोषारोपण र मपाईंत्व, जनताका दैनिकीप्रति उदासीनताजस्ता दुःखद यथार्थले जनता विरक्त छन् र नयाँ पुस्ता लगातार पलायन हुँदै छ। यो खतरनाक संकेत हो। देशको समृद्धिका लागि पसिना बगाउनुपर्ने युवापुस्ता निराश भएर जीवन धान्न मुग्लान भासिनुपर्ने नियति साँच्चै कारुणिक र हृदयविदारक छ। यसले राजनीतिक नेतृत्वलाई पोल्छ कि पोल्दैन ?

> हामीले अहिलेसम्म अपनाएको विकासको शैली अनुपयुक्त छ। पैसा छर्ने प्रवृत्ति गलत छ। यस ढंगले नेपाल कहीं पनि पुग्दैन। नेता, कर्मचारी र व्यवसायीको मिलेमतोमा साधनस्रोत दुरुपयोग भइरहन्छ। संसार अघि बढ्छ, हामी जहाँको त्यहीं रहन्छौं, अझ पछि पर्छौं।

त्यसैले अबका दिन आफ्नो छवि सुधारेर देशका लागि केही गर्छु भन्ने हो कि होइन ?

सबभन्दा पहिले हामी देशका लागि केही गर्छौं भनेर जनतालाई विश्वास दिलाउनुस्। आफ्नो जीवनलाई पारदर्शी र नैतिक मूल्यमा आधारित बनाउनोस्। राजनीतिक दललाई सबै सदस्यको साझा बनाउनोस्। देश र दलमा दण्ड एवं पुरस्कारको थिति बसाल्नोस्। केही ठोस र राम्रो सुरुवात गर्नोस्।

जनतामा आशा जगाउन एउटा झिल्को नै काफी हुन्छ। देशको सामर्थ्य र कमजोरी हेरेर विकासको खाका कोर्नु उपयुक्त हुन्छ। ढिलो विकास भएका चीन, मलेसियाजस्ता देशको विकासको आधार शिक्षा हो। देङ र महाथिरले विश्वमा नाम चलेका शिक्षण संस्थामा नयाँ पुस्ताका आफ्ना नागरिकलाई उच्च शिक्षा दिलाए। त्यही जनशक्तिले फर्केर देशको धरातलीय यथार्थमुताबिक विकास रणनीति तयार गरे र आफ्नो सम्पूर्ण क्षमता प्रयोग गरेर देश बनाए। मूल कुरा त्यहाँको राजनीतिक नेतृत्वले देशका लागि इमानपूर्वक आफूलाई समर्पण गऱ्यो। प्रभावकारी विकास रणनीति, उच्च नैतिक मूल्य र दिनरातको मिहिनेतले राष्ट्रको उन्नति हुन समय लागेन। यी दृष्टान्तबाट हामीले सिक्ने कि नसिक्ने ? वर्तमान गठबन्धनले ध्यान दिने कि नदिने ?

नेपाललाई यतिवेला उद्धारको आवश्यकता छ। सामाजिक सद्भाव बिथोलिएको छ। धार्मिक तथा सांस्कृतिक सम्पदामाथि निरन्तर आक्रमण छ। राजनीतिक नेतृत्वप्रति अविश्वास छ। युवा जनशक्ति निराश र हतास छ। नेपाली समाज क्रमिक रूपमा वृद्धाश्रममा परिणत हुँदै छ। गरिबको उपचार गर्ने न अस्पताल छन्, न पढाउने स्कुल। किसानलाई मल, बिउ र सिँचाइ छैन। सुकुम्बासीलाई घरबास छैन। रोजगारको अवसर छैन, नागरिकलाई जीविकाको आधार छैन। महिलाको सुरक्षा र श्रमजीवीलाई संरक्षण छैन। हामी महाविपत्तिको डिलमा छौं। यसबाट जोगिने कसरी ? तारनहार को हुने ? उद्धारक को हो ? तसर्थ राजनीतिक नेतृत्वले गम्भीर भएर सोच्नोस् र समयको पूर्ण सदुपयोग गर्नोस्। सैनिक बलमा सत्ता हत्याएका पार्कलाई त देशले पत्यायो भने राम्रो गर्न थाल्ने हो भने लोकतान्त्रिक पद्धतिबाट चुनिएका राजनीतिज्ञलाई नपत्याउने कुरै छैन। अहिलेसम्म जनताको मन जित्न सक्नुभएन। अब पनि राम्रो सुरुवात नहुने हो भने सूचकहरू सकारात्मक छैनन्।

हाम्रा विकासका प्राथमिकता के के हुन् ? हामीसँग उपलब्ध साधनस्रोत कति छन् ? जुटाउनुपर्ने कति हो ? काम गर्ने संयन्त्र कुन हो ? मूल कुरा त हामी विकासमा कहाँ छौं ? हाम्रो विकासको मोडल उपयुक्त छ त ? एकै शब्दमा भन्दा हामीले अवलम्बन गरेको विकास मोडेल बिलकुल ठिक छैन। हामी पहुँच र हैसियत प्रयोग गरेर रकम विनियोजन गर्छौं र आआफ्नो क्षेत्रमा अन्धाधुन्ध खर्च गर्छौं। यो गलत शैली हो। अपवादलाई छाडेर कुनै पनि काम गुणस्तरीय हुँदैन। त्यस कामबाट कसले कति खाने भनेर हिसाब गर्छौं र लटरपटर काम सक्छौं। तीसौं वर्षदेखि यस्तै चलिरहेको छ। राष्ट्रिय गौरवका आयोजना बेवारिसे छन्। एउटा गतिलो क्रिकेट मैदान छैन। निर्वाचनका वेला पहाडका टुप्पा-टुप्पामा बाटो, बिजुली, स्कुल, अस्पताल सबै हुन्छ भनेर जनतालाई आश्वासन दिन्छौं। पाँच वर्ष केही हुँदैन। पहिलो कुरा त त्यस्तो आश्वासन नै गलत हो। अहिलेसम्म हामीले अपनाएको विकासको शैली नै अनुपयुक्त छ। पैसा छर्ने प्रवृत्ति गलत छ। यस ढंगले नेपाल कहीं पनि पुग्दैन। नेता, कर्मचारी र व्यवसायीको मिलेमतोमा साधनस्रोत दुरुपयोग भइरहन्छ। संसार अघि बढ्छ, हामी जहाँको त्यहीं रहन्छौं, अझ पछि पर्छौं।

त्यसैले वर्तमान गठबन्धनले नेपाललाई नयाँ युगमा प्रवेश गराउन इमानदार कोसिस गर्ने हो भने सम्भव छ। कम्तीमा असल सुरुवात त गर्ने सकिन्छ नि ! राजनीति, कर्मचारीतन्त्र र निजी क्षेत्रको संयुक्त प्रयास र मिहिनेतलाई अघि बढाउनुको कुनै विकल्प छैन। यसलाई जापानी या कोरियन जुन मोडेलको नाम दिए पनि हुन्छ। यस्तो होला भन्ने आशा छ त छैन, तथापि सुझाब हो यो। फेरि पनि पुरानै कामचलाउ र तदर्थवादी शैली अख्तियार गर्ने हो भने ठोकेर भन्न सकिन्छ कि नेपाल उँभो लाग्दैन। एउटा पूर्ण नागरिक बन्न नसकेको नेपालीको अरण्यरोदन मात्र हुन सक्छ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **पुरञ्जन आचार्य**लाई



मन्त्रीमण्डल विस्तारमा भइरहेको ढिलाइ स्वाभाविक हो कि प्रधानमन्त्रीको बाध्यता ?

धेरै दल मिलेर गठबन्धन बनेको हुनाले यो ढिलाइ स्वाभाविक हो। गठबन्धन ठुलो छ। संसद्को तेस्रो दलका नेताले यसलाई 'ड्राइभ' गर्नुपर्ने अवस्था छ। जसले गर्दा उहाँले फुकीफुकी पाइला चाल्नुपर्ने बाध्यता छ। सानोभन्दा सानो गडबढीले पनि ठुलै नोक्सानी हुन सक्छ। यो गठबन्धन कुनै सैद्धान्तिक आवरणमा बनेको होइन। यो त केपी ओलीको विरोधमा बनेको गठबन्धन हो। गठबन्धनमा सामेल सबै दल र तिनका नेतामा ठुलो महत्त्वाकाङ्क्षा छन्। तिनलाई सम्बोधन गरेर अघि बढ्नुपर्ने बाध्यताले गर्दा यो ढिलाइ भएको हो।

यो ढिलाइमा गठबन्धनमा रहेका दलहरूबिचको अविश्वास कति जिम्मेवार देख्नुहुन्छ ?

यो कुनै विश्वासमा अडेको गठबन्धन नै होइन। यो सबैको आआफ्नै स्वार्थमा अडेको छ। कांग्रेसलाई राष्ट्रपति चाहिएको थियो। प्रचण्डजीलाई प्रधानमन्त्री हुनु थियो। साथै, उहाँलाई ओलीजीको त्रासबाट त्राण पनि चाहिएको थियो। अन्य दललाई पनि आफ्ना नेता तथा कार्यकर्ता व्यवस्थापन गर्नुपर्ने चुनौती थियो। यो गठबन्धनको राष्ट्रिय 'पिक्चर' नै छैन। त्यसैले, एकअर्काबिचको अविश्वास जहिल्यै कायम रहने देखिन्छ।

यस्तो अविश्वासबिच यो सरकारले कसरी गति लेला त ?

संसदीय शासन पद्धतिमा प्रधानमन्त्रीले ड्राइभ गर्न नसक्ने सरकारले गति लिन सक्दैन। यसबाट नियमित प्रशासनसम्म चल्छ। आमनागरिकले त्योभन्दा बढी अपेक्षा नगरे पनि हुन्छ।

प्रेरक प्रसंग

मानव कल्याणका लागि जीवनदान

एकपटक फ्रान्सको मार्सेल्स सहरमा प्लेग रोग फैलियो। धेरै मानिस रोगका सिकार भइरहेका थिए। प्लेग रोगको उपचार नियन्त्रणबाहिर थियो। यो रोग लाग्नुको कारण र यस रोगको उपचार पद्धति कसैले पत्ता लगाउन सकेको थिएन। प्लेग रोगीसँग डाक्टरहरू नै डराउन थाले।



यस रोगलाई कसरी नियन्त्रणमा लिने भन्ने विषयमा बृहत् परामर्श गर्न सहरभरिका डाक्टरहरूको सभा बोलाइयो। सभामा एक वरिष्ठ डाक्टरले भने, 'यो अत्यन्त खतरनाक सरुवा रोग हो। यो रोग कुन जीवाणुका कारण लाग्छ भन्ने पत्ता लगाउन यस रोगबाट मरेका व्यक्तिको पोस्टमार्टम गर्नुपर्छ। यसमा पोस्टमार्टम गर्ने व्यक्तिकै ज्यान जाने सम्भावना अत्यधिक हुन्छ।'

लामो समयसम्म सभामा सन्नाटा छायो। कोही पनि पोस्टमार्टमका लागि तयार भएनन्। यस्तैमा एक युवा डाक्टर अगाडि सरे। उनले भने, 'मेरो मृत्युले धेरैको ज्यान बच्छ भने म यसका लागि तयार छु। केही गरी जाँचका क्रममा मेरो मृत्यु भयो भने मेरो सम्पूर्ण सम्पत्ति अस्पतालको नाम गरिदिनुहोला।'

उनले प्लेग रोगबाट मृत्यु भएका एक व्यक्तिको शरीर पोस्टमार्टम गरी जाँच सुरु गरे। जाँचका क्रममा पत्ता लागेका कुरा उनले लेख्दै गए। जाँचका क्रममा उनले प्लेग रोग लाग्नुको कारण र उपचार प्रक्रिया पनि पत्ता लगाए। तर, यति गरुन्जेल उनको शरीरमा प्लेगका जीवाणु यति फैलिसकेका थिए कि उनको उपचार सम्भव भएन। आफ्नो बलिदान दिएर यसरी विश्वलाई प्लेग रोगको निदानको जानकारी दिने ती महान् डाक्टर थिए- हेन्नी गायन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेपाली क्रिकेट टिमलाई बधाई

विश्वकप क्रिकेटको ग्लोबल क्वालिफायरमा पुग सफल नेपाली क्रिकेट टोली बधाईको हकदार छ। नेपाललाई यो स्तरको ऐतिहासिक सफलता दिलाउन क्रिकेट खेलाडी र प्रशिक्षकले जुन स्तरको मिहिनेत गरेका छन्, त्यो हामी सबैका लागि गर्वको विषय हो। अब आउँदो दिनमा खेलिने खेलहरूमा पनि यसैगरी एकजुट भएर नेपालको नाम उच्च राख्नमा सफलता मिलोस् भन्ने कामना पनि गर्दछौं। साथै, वर्तमान सरकारले क्रिकेट खेल, खेलाडी तथा व्यवस्थापनलाई आवश्यक पर्ने अझ उच्चस्तरको भौतिक पूर्वाधारको व्यवस्था गरेर विश्वकपमा उच्च सफलता प्राप्त गर्न खेलाडीलाई हौसला दिन सक्नुपर्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

अलपत्र नेपालीको उद्धार गर

काठमाडौंको भण्डारी ओभरसिजले प्रतिव्यक्ति चार लाख रुपैयाँ असुलेर मलेसिया पठाएका युवा काम नपाएर अलपत्र परेको समाचार पढ्दा दुःख लाग्यो। यो सब हाम्रा सरकारको कमी-कमजोरीको परिणाम हो। यसरी नेपाली युवालाई अलपत्र पार्ने म्यानपावर सञ्चालकलाई तत्काल पक्राउ गरेर कारबाही गर्न नसक्ने सरकारको लाचारीका कारण यसरी नेपाली युवाहरू ठगिने तथा लुटिने क्रम बढेको हो। नेपाली युवाले आफ्नो उद्धारका लागि गुहार लगाउँदा पनि नेपाल सरकारले नसुन्नु दुःखद छ। सरकारले तत्काल अलपत्र नेपालीको उद्धार गरोस्।

● **भूमिका पाण्डे**
सिनामंगल, काठमाडौं

हामीले सिक्ने कहिले ?

संघीय राजधानी काठमाडौंसहित देशका प्रमुख सहरबजारमा सवारीसाधनको चाप बढ्दै छ। जसले गर्दा पैदलयात्रुलाई सडक पार गर्नसमेत सकस हुँदै गएको छ। विशेषगरी धेरै स्थानमा सडक पार गर्न आकासे पुल निर्माण गरिएका छन्। ठाउँठाउँमा जेब्रा क्रसिङ बनाइएका छन्। तर, पैदल यात्रुले आफ्नै सुरक्षाका लागि निर्माण गरिएका आकासे पुल र जेब्रा क्रसिङ प्रयोगबारे अझै चासो दिएको देखिन्न। यस्ता संरचना पैदलयात्रुकै सुरक्षाका लागि बनेका हुन्। यिनको प्रयोग गर्न कहिले सिक्ने ?

● **वन्दना कायस्थ**
बुढानीलकण्ठ, काठमाडौं

क्रिकेट रंगशाला नबनाउने सरकार ?

पछिल्ला दिनमा नेपाली क्रिकेटले ऐतिहासिक सफलता प्राप्त गरेको छ। राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद तथा खेलसम्बद्ध अधिकारीदेखि सिंगो देश नै यो सफलताको साक्षी बनेको छ। संघीय तथा प्रदेश सरकारहरूले खेलाडीलाई प्रोत्साहित गर्न नगद तथा अन्य आकर्षक पुरस्कारको घोषणासमेत गरेका छन्। यो खुसीको विषय पनि हो।

खेलाडी र प्रशिक्षकले सीमित तथा अपर्याप्त भौतिक पूर्वाधारविनै पनि यति लोभलाग्दो खेल कौशल प्रदर्शन गरी नेपाललाई एकदिवसीय क्रिकेटको विश्वकप क्वालिफायरमा छनोट गराइहँदा नेपाल सरकारका तर्फबाट खेलाडीलाई नगद पुरस्कार घोषणा हुनु सामान्य विषय हो। यससँगै नेपाल सरकारले देशको क्रिकेट क्षेत्रको विकासका लागि भौतिक पूर्वाधारहरू तयार गर्ने दिशामा ध्यान दिनुपर्ने हो। अहिलेसम्ममा नेपाल सरकारले कम्तीमा एउटा गतिलो अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका सम्पूर्ण सुविधा भएको रंगशाला निर्माण गर्ने घोषणा गरिसक्नुपर्ने हो। यहाँ, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री या नेताहरूको निवास र सरकारी कार्यालय निर्माणको घोषणा र त्यसको कार्यान्वयन निकै छिटोछिटो हुने गरेको छ। तर, खेल पूर्वाधारको निर्माणमा भने सरकारले कुनै चासो दिने गरेको छैन। खराब राजनीति र भ्रष्टाचारले देशको बदनाम गराइरहेको समयमा खेलमार्फत खेलाडीले विश्वभर सुनाम कमाइरहेको समयमा एउटा रंगशाला निर्माणमा कन्जुस्याइँ किन ? देशले एउटा क्रिकेट रंगशाला बनाउन सक्दैन भने पब्लिक कम्पनी स्थापना गरेर जनतालाई सेयरमार्फत लगानी गर्न आह्वान गरौं। हामी गर्छौं लगानी। के यसका लागि नेपाल सरकार तयार छ ?

● **सुलोचना विश्वकर्मा**, भरतपुर- ११, चितवन

राहुल गान्धीको आलोचनामा देखिएको पाखण्ड

गान्धीको आलोचना भाजपाको पाखण्ड त हुँदै हो, साथमा यो तर्कसंगत पनि छैन किनकि उनको अभिव्यक्तिमा कहींकतै विदेशी हस्तक्षेपको याचना झल्किँदैन



देश / विदेश

● शशी थरुर

भारतको सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) फेरि एकपटक आक्रोशित बनेको छ। देशको सबैभन्दा ठूलो विपक्षी दल भारतीय राष्ट्रिय कंग्रेसका नेता राहुल गान्धीले भारतको लोकतन्त्र खतरामा रहेको र त्यसको परिणाम सम्पूर्ण विश्वमा परेको दाबी गरेका छन्। उनको भनाइले भारतमा हलचल मच्चिएको छ। कैयौं भाजपा नेताले गान्धीको भनाइलाई अतिरञ्जित बनाएर असन्तुष्टि व्यक्त गरेका छन्। पूर्वक्याबिनेट मन्त्री र भाजपाका प्रवक्ता रविशंकर प्रसादले गान्धीले 'भारतको घरेलु मामिलामा हस्तक्षेप गर्न' अमेरिका र युरोप गुहारेको आरोप लगाएका छन् र उनले वरिष्ठ नेता सोनिया गान्धी र कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गेलाई गान्धीको 'गैरजिम्मेवार र लज्जास्पद टिप्पणी'लाई अस्वीकार गर्न आग्रह गरेका छन्। उनले भाजपा 'राहुल गान्धीले आफ्नो पछिल्लो टिप्पणीमा भारतको लोकतन्त्र, राजनीति, संसद्, राजनीतिक प्रणाली र न्याय व्यवस्थालाई अपमानित गरेका छन् भन्ने जोडदार रूपमा व्यक्त गर्न चाहन्छ' भनेका छन्।

सूचना एवं प्रसारण मन्त्री अनुराग ठाकुर पनि कम नाटकीय भएनन्। उनले गान्धीलाई 'विदेशी भूमिबाट भारतबारे तपाईंले फैलाएको झुटलाई कसैले पत्याउनेछैन' भन्दै चेतावनी दिएका थिए र भारतलाई 'धोका' नदिन आग्रह गरेका थिए। गान्धीमाथि थप आक्रमण गर्दै ठाकुरले विवाद सिर्जना गराउन मन पराउने व्यक्तिको संज्ञा दिए। अझै अघि सरेर उनले 'स्थानीय मुद्दा राष्ट्र संघ' पुऱ्याएर गान्धी र कांग्रेस 'चिन्तनको दासत्वबाट बाहिर निस्कन नसकेको' टिप्पणी गरे। चियाको कपमा यो राजनीतिक आँधी सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दल (जसको म पनि सदस्य हुँ) बीचको वाक्युद्ध मात्रै होइन, यसले भारतको लोकतान्त्रिक भाष्यमा रहेको गहिरो त्रुटिसमेत झल्काउँछ र यो आगामी वर्ष हुने राष्ट्रिय चुनावका वेला थप स्पष्ट हुनेछ।

गान्धीमाथि लगाइएको भाजपाको आरोप निकै गम्भीर छ। प्रसादले आरोप लगाइहँदा यो सम्झिनुपर्ने हुन्छ कि जुनसुकै पार्टी सत्तामा भए पनि भारतले सधैं आफ्नो आन्तरिक मामिलामा विदेशी हस्तक्षेपको कडा प्रतिरोध गरेको छ। भारत स्वतन्त्र भएदेखि नै भारतले आफ्नो सार्वभौमसत्तामा दाबी गर्न कुनै कसर बाँकी राखेका छैन। दुई शताब्दीसम्म आफ्नो राजनीतिक भाग्य निर्धारित गर्नबाट वञ्चित भारत आफ्नो पूर्वऔपनिवेशिक उत्पीडक र विशेषतः तिनका पश्चिमा साझेदारबाट आउने सबैखाले हस्तक्षेपप्रति अत्यन्तै संवेदनशील छ।

भारतको 'रणनीतिक स्वायत्तता' औपनिवेशिक शासनबाट स्वतन्त्र भएपछि हासिल भएको हो। तत्पश्चात् भारतले विश्वका मामिलामा इच्छाअनुसार अडान लिने अधिकार सुरक्षित राखेको छ। भारतले यो स्वतन्त्रताको प्रयोग गर्दै शीतयुद्धमा दुवै पक्षलाई समर्थन गर्न अस्वीकार गर्दै असंलग्न आन्दोलनको खुलेर नेतृत्व गरेको थियो। राजनीतिमा विभिन्न मुद्दामा विभाजित भारतका सबै दलमा आन्तरिक मामिलामा विदेशीको अर्ती-उपदेश स्वीकार नगर्ने साझा स्वतन्त्रताभाव देख्न सकिन्छ। अर्थात्, हामी आफूलाई उपयुक्त लाग्ने गरी शासन व्यवस्था चलाउने हाम्रो सार्वभौम अधिकार प्रयोगमा बाह्य हस्तक्षेप स्विकार्दैनौं।

यी सन्दर्भमा राहुल गान्धीमाथि भाजपाले लगाएको आरोप निकै गम्भीर छ। स्वदेशमा व्यक्त गरिने अभिव्यक्ति, जसले खासै महत्त्व राख्दैन, ती अभिव्यक्तिलाई विदेश विशेषतः बेलायतमा उच्चारण गर्दा देशद्रोहजस्तै अभिव्यक्तिका रूपमा लिइन्छ। भारतको सरहदसम्म मात्रै भारतका राजनीतिक मतभिन्नता हुन्छन् र यो भारतका सबै राजनीतिक दलको साझा मत हो।



तस्बिर : श्याम पन्थाकी/एएफपी

तर, गान्धीलाई कथित रूपमा यो साझा मतको उल्लंघन गरेकामा आलोचना गर्नेले एक असहज तथ्यलाई अनदेखा गर्छन्। अर्थात् भाजपाका नेता नरेन्द्र मोदी पहिलोपटक प्रधानमन्त्री हुँदाका बखत नै सो असहज तथ्यसँग जोडिएका छन्। सन् २०१४ मा पहिलोपटक प्रधानमन्त्री भएर विदेश भ्रमण (विदेश यात्रा अमेरिकादेखि सुरु भएको थियो) गर्न थालेदेखि मोदीले बारम्बार विगत सात दशकमा भारतमा केही पनि सकारात्मक काम भएको छैन भन्ने अभिव्यक्ति दिँदै भारतीयलाई चकित पार्दै आएका छन्। उनले आफू सत्तामा आएपछि मात्रै विदेशमा भारतीयले शिर ठाडो गर्न सकेको दाबी गर्दै आएका छन्।

भारतको आन्तरिक राजनीतिक विभाजनलाई बाहिर व्यक्त नगर्ने पवित्र मतलाई मोदीका अभिव्यक्तिले मात्रै अवमूल्यन गरेको छैन, भाजपाका केही राजनीतिक कदमले पनि अवमूल्यन गरेका छन्। विदेश मामिलामा भारतका राजनीतक दलमाझ एकमत छ भनेर झल्काउन भारतको इतिहासमै विदेश मामिलासम्बन्धी संसदीय समितिको अध्यक्षता विपक्षी दलको नेताले गर्ने परिपाटी थियो। तर, सन् २०१९ देखि यो व्यवस्था पनि हटाइयो र भाजपाका सांसदले नै यो भूमिका निर्वाह गरे। (स्मरण रहोस्, सो समितिको अध्यक्ष पंक्तिकार नै थियो, जसलाई अपमानजनक ढंगले बेदखल गरिएको थियो।)

भाजपा नेताले राहुल गान्धीलाई आन्तरिक राजनीतिक विभाजनलाई बाहिर व्यक्त नगर्ने पवित्र मत उल्लंघन गऱ्यो भनेर आलोचना गर्नु पाखण्डसिवाय केही होइन। गान्धीको आलोचना भाजपाको पाखण्ड त हुँदै हो, साथमा यो तर्कसंगत पनि छैन किनकि उनको अभिव्यक्तिमा कहीं कतै विदेशी हस्तक्षेपको याचना झल्किँदैन। वास्तवमा उनले स्पष्ट एवं जोडदार रूपमा भारतमा विद्यमान लोकतन्त्रको संकट 'भारतको आन्तरिक मामिला', 'भारतीय समस्या' र 'समाधान भारतभित्रबाटै आउने' बताएका थिए। बाह्य प्रसंगका सन्दर्भमा गान्धीले भारतीय लोकतन्त्रलाई 'वैश्विक सार्वजनिक हित' बताएका छन्। र, उनले यो वैश्विक सार्वजनिक हित तहसनहस भए विश्वकै लागि क्षति हुने बताएका थिए। यसले कहीं पनि हस्तक्षेपको याचना गरेको संकेत देखाउँदैन। बरु गान्धीले कांग्रेसले भनेझैं विश्व समुदायलाई भारतमा के भइरहेको छ भनेर चासो राख्न भने आग्रह गरेका हुन्। भाजपाले उन्मादी प्रतिक्रिया जनाउनु अगाडिसम्म पश्चिमा जगत् यस विषयमा अनभिज्ञ नै थियो, तर अहिले छैन।

(थरुर भारतीय राष्ट्रिय कंग्रेसका नेता हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

रुसी राष्ट्रपति पुटिनविरुद्ध पक्राउ पुर्जी जारी

एजेन्सी

हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले युक्रेनमा युद्ध अपराधको आरोपमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ। १६ हजारभन्दा बढी युक्रेनी बालबालिकालाई गैरकानुनी रूपमा देशनिकाला गरेको आरोपमा आइसिसीले पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो।



१६ हजारभन्दा बढी युक्रेनी बालबालिकालाई गैरकानुनी रूपमा देशनिकाला गरेको आरोपमा आइसिसीले पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो।

आइसिसीको यो कदमलाई क्रेमलिनले औचित्यहीन कार्य भनेर टिप्पणी गरेको छ। साथै, आइसिसीको आरोप अस्वीकार गर्दै पक्राउ पुर्जी जारी गर्ने उसको कार्यलाई अपमानजनक भन्दै निन्दा पनि गरेको छ। रुसी नेता पुटिन आइसिसीले पक्राउ पुर्जी जारी गरेका तेस्रो बहालवाला राष्ट्रपति हुन्। अन्तर्राष्ट्रिय अदालतले बालबालिकाको अधिकारसम्बन्धी रुसी राष्ट्रपतिका आयुक्त मारिया लभोभा बेलोभाविरुद्ध पनि सोही आरोपमा पक्राउ पुर्जी जारी गरिएको बताएको छ। आइसिसी सदस्य देशका सरकारको सहयोगविना आरोपितहरूलाई पक्राउ गर्ने अधिकार अदालतलाई नभएकाले पुटिन र मारिया पक्राउ पर्ने सम्भावना भने अत्यन्त न्यून छ। रुस आइसिसीको पक्ष राष्ट्र नभएकाले राष्ट्रपति पुटिन पक्राउ पर्ने सम्भावना छैन। अर्थात् हेगस्थित उक्त अदालतको आदेश रुसमा कार्यान्वयन हुने कुनै आधार छैन। तर, यसले राष्ट्रपति पुटिनको अन्तर्राष्ट्रिय यात्रामा भने असर पर्न सक्छ।

> हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालतको आदेश रुसमा कार्यान्वयन हुने कुनै आधार छैन। तर, यसले राष्ट्रपति पुटिनको अन्तर्राष्ट्रिय यात्रामा भने असर पर्न सक्छ।

'प्रत्यक्ष रूपमा अरूसँग मिलेर वा बालबालिका अपहरणका कार्यमा संलग्न सैन्य वा गैरसन्य अधिकारीमाथि उचित नियन्त्रण गर्न असफल रहेका कारण पुटिनलाई बालबालिकाको अपहरणका लागि जिम्मेवार ठहऱ्याउन सकिने प्रशस्त तर्कसंगत आधार छन्,' आइसिसीको विज्ञप्तिमा भनिएको छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्यता लिएका विश्वका एक सय २३ देशमध्ये कुनैमा उनले पाइला राखेमा उनलाई पक्राउ गर्न सकिनेछ। आइसिसीका अध्यक्ष पिओटर होफमान्स्कीले पक्राउ आदेश कार्यान्वयन अन्तर्राष्ट्रिय सहयोगमा निर्भर हुने बताएका छन्। युद्धग्रस्त युक्रेनले राष्ट्रपति पुटिनविरुद्ध आइसिसीले पक्राउ पुर्जी जारी गरेकामा स्वागत गरेको छ। राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीले अदालतको यो कदमलाई ऐतिहासिक निर्णय भन्दै स्वागत गरे।

आगामी साता चिनियाँ राष्ट्रपति सी जिनपिङको मस्को भ्रमण तथा रुसलाई चीनले सैन्य सहायता गर्ने समाचार सार्वजनिक भइरहेका वेला जारी भएको आइसिसीको पक्राउ आदेशले अन्तर्राष्ट्रिय जगत्मा तरंग पैदा गरेको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसी समकक्षी पुटिनविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरेकामा त्यसको स्वागत गरेका छन्। राष्ट्रपति पुटिनले युक्रेनमा युद्ध अपराध गरेको ठहर गर्दै पक्राउ पुर्जी जारी गर्नुलाई अमेरिकी राष्ट्रपतिले 'न्यायसंगत' भने। यद्यपि, अमेरिका पनि आइसिसीको पक्ष राष्ट्र होइन।

गत महिना जर्मनीको म्युनिखमा आयोजित सुरक्षा सम्मेलनमा उपराष्ट्रपति कमला ह्यारिसले युक्रेनमा रुसले मानवताविरुद्धको अपराध गरेको आरोप लगाउँदै उसलाई दण्ड दिनुपर्ने बताएकी थिइन्। रुसी सेनाले गैरसैनिक क्षेत्रमा गरेको आक्रमणको आलोचना गर्दै उनले हत्या, यातना, बलात्कार र निर्वासनजस्ता घृणित कार्यमा संलग्न भएको भनेर रुसको निन्दा गरेकी थिइन्। त्यसअघि पनि बाइडेन प्रशासनले युक्रेनमा मस्कोले युद्ध अपराध गरेका प्रमाण आफूसँग रहेको जनाउँदै मस्कोविरुद्ध अन्तर्राष्ट्रिय समुदायले आवाज उठाउनुपर्नेमा जोड दिँदै आएको थियो।

जापान-दक्षिण कोरिया सुरक्षा साझेदारी

सोल/ लामो समयदेखि जापान र दक्षिण कोरियाबीचको विद्वेषपूर्ण सम्बन्ध अन्ततः अन्त्य भएको छ। दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलको हालैको जापान भ्रमणपछि द्विपक्षीय सम्बन्ध हार्दिकतामा परिणत भएको हो।

गत बिहीबार जापानको शीर्ष नेतृत्वसँग कोरियाली राष्ट्रपतिले शिखर वार्ता गरेपछि विगतका विवाद बिसाउने सहमति भएको हो। उत्तर कोरियाको बढ्दो चुनौती सामान गर्न पनि सोल र टोकियो विगतका विवाद बिर्सन सहमत भएका हुन्। पैंतीस वर्षे औपनिवेशिक शासनकालमा कोरियाली श्रमिकमाथि अत्याचार भएको तथा उनीहरूले क्षतिपूर्ति पाउनुपर्नेलगायत माग सोलले उठाउँदै आएको थियो। पछिल्लो समझदारीअनुसार अब जापान र दक्षिण कोरियाले गोप्य सूचना आदानप्रदान गर्नेछन्। विशेषगरी प्योङ्याङका गतिविधिसम्बन्धी त्यस्ता सूचना एकअर्काले आदानप्रदान गर्नेछन्। सोलले टोकियोमा भएको त्यससम्बन्धी सम्झौतालाई अक्षरशः कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। कोरियाली राष्ट्रपतिको जापान भ्रमणपछि दुई देशबीचको कूटनीतिक सम्बन्ध पनि नवीकृत भएको छ।

कोरियाली राष्ट्रपतिबाट १२ वर्षपछि भएको जापान भ्रमणले आणविक हतियारयुक्त उत्तर कोरियाविरुद्ध संयुक्त मोर्चा खडा गरेको छ। अमेरिकासहितका सहयोगीसँग अब जापान र दक्षिण कोरियाले सैन्य सूचना तथा प्योङ्याङको आणविक र क्षेप्यास्त्र कार्यक्रमसम्बन्धी गोप्य सूचना आदानप्रदान गर्नेछन्।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिसदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं : ३७८७०/०७५/७६ समुन्द्रपार आयात निर्यात, अन्तर्गत मिति २०७५/१०/१७ मा प्राइभेट फर्म रजिस्ट्रेशन ऐन २०१७ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता स्थित **सती माँ इन्टरप्राइजेज** **प्रोप्राईटर तथा जमानीकर्ता: अंकिता अंकुर वरनवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ७ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बाबु : अजित कुमार वरनवाल ससुरा : अजित कुमार बर्णवाल पति : अभिषेक कुमार वर्णवाल	१) सुरेन्द्र प्रसाद बर्णवालकी छोरी, चन्द्रिका प्रसाद वर्णवालकी बुहारी, अजित कुमार बर्णवालकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बस्ने प्रेमा देवी बर्णवालको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ४ (हाल वीरगंज म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. २ को क्षेत्रफल ०००६९.६ (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अनिल कुमार वरनवालकी छोरी, अजित कुमार बर्णवालकी बुहारी, अभिषेक कुमार वर्णवालकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बस्ने अंकिता अंकुर वरनवालको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको मकवानपूरको लगतमा दर्ता कायम रहेको मकवानपूर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ४७७१ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) सवारी मोडल : Grand i10 FL Magna | च्यासिस नं. : MALA851CLKM059536*H ईन्जिन नं. : G4LAKM363347 | सवारी दर्ता नं. : प्रदेश ३-०१-०२३ च ६६९९ ४) सती माँ इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण **१) प्रेमा देवी बर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ४ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बाबु : सुरेन्द्र प्रसाद बर्णवाल ससुरा : चन्द्रिका प्रसाद वर्णवाल पति : अजित कुमार बर्णवाल **२) अभिषेक कुमार वर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बाबु : अजित कुमार बर्णवाल बाजे : चन्द्रिका प्रसाद वर्णवाल **३) अजित कुमार बर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बाबु : चन्द्रिका प्रसाद वर्णवाल बाजे : राधा चरण प्रसाद वर्णवाल	
	ऋणीको विवरण	**धितोको विवरण**
	२) अभिषेक कुमार वर्णवाल स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बाबु : अजित कुमार बर्णवाल बाजे : चन्द्रिका प्रसाद वर्णवाल	अनिल कुमार वरनवालकी छोरी, अजित कुमार बर्णवालकी बुहारी, अभिषेक कुमार वर्णवालकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बस्ने अंकिता अंकुर वरनवालको नाममा मालपोत कार्यालय मकवानपूरको लगतमा दर्ता कायम रहेको मकवानपूर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ४७७१ को क्षेत्रफल ०-१-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण **१) प्रेमा देवी बर्णवाल** स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ४ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बाबु : सुरेन्द्र प्रसाद बर्णवाल ससुरा : चन्द्रिका प्रसाद वर्णवाल पति : अजित कुमार बर्णवाल **२) अंकिता अंकुर वरनवाल** स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ७ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बाबु : अनिल कुमार वनरवाल ससुरा : अजित कुमार बर्णवाल पति : अभिषेक कुमार वर्णवाल **३) अजित कुमार बर्णवाल** स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, वर्ता बाबु : चन्द्रिका प्रसाद वर्णवाल बाजे : राधा चरण प्रसाद वर्णवाल	
	ऋणीको विवरण	
२)	प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा सा.फ.नं. १५६/२०-०७५/०७६/६२/३३ गुजरा न.पा. अन्तर्गत मिति २०७५/१०/१८ मा साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० बमोजिम दर्ता भएको रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. १ (हाल गुजरा न.पा. वडा.नं. ५) स्थित **नमुना ठोप ईटा उद्योग** **साझेदार तथा जमानीकर्ताहरु - १) नन्द किशोर सहनी २) अलि अक्तर**	
	जमानीकर्ताहरुको विवरण **१) नन्द किशोर सहनी** स्थायी ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : जोखु साहनी बाजे : दिलचन सहनी **२) अलि अक्तर** स्थायी ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : सफी महमद बाजे : रफिक मिया धुनिया **३) जोखु सहनी मलाह** स्थायी ठेगाना : रौतहट जिल्ला, मिठुअवा गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : दिलचन सहनी बाजे : धनराज सहनी **४) अनिता कुमारी देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : कपिल सहनी ससुरा : जोखु सहनी मलाह पति : बाल किशोर सहनी **५) कविता देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर (दो) गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : सुरेन्द्र सहनी ससुरा : जोखु सहनी मलाह पति : नन्द किशोर सहनी **६) दतवा देवी मलाहीन** स्थायी ठेगाना : रौतहट जिल्ला, मिठुअवा गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : शिवधारी सहनी ससुरा : दिलचन सहनी पति : जोखु सहनी मलाह **७) सबिना खातुन** स्थायी ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : रमजान मिया मन्सुरी ससुरा : सफी महमद पति : अलि अक्तर **८) मेराज मंसुरी** स्थायी ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर (दो.) गा.वि.स. वडा नं. ६ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : अलि अक्तर बाजे : सफी महमद **९) बाल किशोर सहनी** स्थायी ठेगाना : रौतहट जिल्ला, मिठुअवा गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बाबु : जोखु सहनी मलाह बाजे : दिलचन सहनी	
	धितोको विवरण १) रफिक मिया धुनियाको नाती, सफी महमदको छोरा, रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बस्ने अलि अक्तरको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. १ (हाल गुजरा न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३०७३ को क्षेत्रफल ०-५-० (विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) धनराज सहनीको नाती, दिलचन सहनीको छोरा, रौतहट जिल्ला, मिठुअवा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा. नं. ५ बस्ने जोखु सहनी मलाहको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. १ (हाल गुजरा न.पा. वडा नं. ५) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल १-७-० (विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) नमुना ठोप ईटा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**धितोको विवरण**
३)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.नं. ४०१४/०७२/०७३ (स्थानिय व्यापार) अर्न्तगत मिति २०७२/१०/३२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. २ स्थित **अनिता ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : अनिता साह**	१) राम चलितर साहको नाती, राम चन्द्र साह तेलीको छोरा, सर्लाही जिल्ला, हरिपुर्वा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. २ बस्ने राम कैलाश साहको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, भुतहा खजुरीचा गा.वि.स. वडा नं. ७/स (हाल हरिपुर्वा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०७० को क्षेत्रफल ०-०-१६$^{9/8}$ (विगाह) को जग्गा र सर्लाही जिल्ला, मलंगवा गा.वि.स. वडा नं. २ (हाल मलंगवा न.पा. वडा नं. २) स्थित कित्ता नं. १६५ को क्षेत्रफल ०.०२२४.१० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अनिता ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण **१) अनिता साह** स्थायी ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. २ बाबु : रामनरेश साह तेली ससुरा : राम चन्द्र साह तेली पति : राम कैलाश साह **२) राम कैलाश साह** स्थायी ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. २ बाबु : राम चन्द्र साह तेली बाजे : राम चलितर साह	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु
१) बोलपत्र सम्बुन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांकेकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिइमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

विश्व संक्षेप

अस्ट्रेलियाको नदीमा लाखौं माछा मरे


क्यानबेरा/ अस्ट्रेलियाको न्यु साउथ वेल्सको दुर्गम भागमा रहेको मेनिन्डी सहरनजिकको डार्लिङ बाका नदीका लाखौं माछा मरेका छन्। तापक्रम वृद्धिका कारण माछा मरेका न्यु साउथ वेल्सका अधिकारीले बताएका छन्। स्थानीय बासिन्दाका अनुसार यति धेरै माछा यसअघि मरेका थिएनन्। अति ताप लहरका कारण माछा मरेका हुन्। सामाजिक सञ्जालमा सार्वजनिक गरिएका तस्बिरमा नदीमा पानीभन्दा धेरै मरेका माछा देखिन्छन्। पानीको सतह देखिँदैन, आँखाले भ्याएसम्मको दृश्यमा मरेका माछा मात्र छन्। शुक्रबार बिहान स्थानीय बासिन्दाले लाखौं मरेका माछा नदीमा देखेको बताएका छन्। तीन वर्षअघि पनि माछा मरेका थिए, तर परिमाणात्मक रूपमा त्यो अहिलेकोजस्तो थिएन। मानव सिर्जित जलवायु परिवर्तनका कारण ताप लहर लगातार तीव्र हुँदै गएकाले जलचर पनि त्यसको सिकार भएका उनीहरूको अनुमान छ।

आगलागीमा १० को मृत्यु

इस्लामाबाद/ पाकिस्तानको कोहिस्तानको पट्टन क्षेत्रमा एउटा घरमा आगलागी हुँदा एकै परिवारका १० जनाको मृत्यु भएको छ। आगलागीमा एक महिला, उनकी सासू, पाँच छोरी र तीन छोरासहित एकै परिवारका १० जनाको मृत्यु भएको हो। कोहिस्तान पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तभित्रको एक प्रशासनिक जिल्ला हो। द न्युज इन्टरनेसनलका अनुसार शुक्रबार बिहान करिब ४ बजे मोहम्मद नबाबको थुप्रै कोठा भएको काठको घर र सो घरको छेउमा रहेको गोठबाट आगो सल्किएको थियो। स्थानीयवासीले घटनास्थलमा पुगेर भग्नावशेषबाट पुरिएका मानिसलाई निकालेर स्वास्थ्य चौकीमा लगेको प्रत्यक्षदर्शी रज्जाक राजाले बताए।घटनापछि आक्रोशित परिवारका सदस्य र स्थानीयवासीले समयमै घटनास्थल नपुगेको भन्दै उद्धार निकायलाई कारबाही गर्न माग गर्दै काराकोरम राजमार्ग घन्टौंसम्म अवरुद्ध गरेका थिए।

इतिहासमा आज

मार्च १९



सन् १९४५

एडोल्फ हिटलरले जर्मनीका सम्पूर्ण कलकारखाना ध्वस्त पार्न आदेश दिए। द्वितीय विश्वयुद्धमा जर्मनीको आसन्न पराजयको संघारमा यो 'नेरो डिक्री' जारी गरिएको थियो, जसको उल्लेख्य कार्यान्वयन कहिल्यै गरिएन।

सन् १९२० : अमेरिकी सिनेटले पृथकतावादी नीतिलाई कायम राख्दै लिग अफ नेसन्स अभिसन्धिलाई अनुमोदन गर्न अस्वीकार गर्दै भर्सेलिजको सन्धिलाई दोस्रोपटक अस्वीकार गऱ्यो।

सन् १९४४ : पेकिङ शाही परिवार र दरबारका २०० सदस्यले सम्राट्प्रति बफादारी देखाउँदै आत्महत्या गरे।

सन् २००८ : क्युबाली राष्ट्रपति फिडेल क्यास्ट्रोद्वारा पदत्याग।

सन् २००३ : संयुक्त राष्ट्रसंघको समर्थनविना र विश्व जनमतको अवज्ञासहित अमेरिका-बेलायत नेतृत्वको गठबन्धनले इराकमा हवाई हमला गर्दै इराकयुद्धको सुरुवात गऱ्यो।

**पूर्वाधार विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ

मर्जरले बिमा क्षेत्रलाई दिने लाभ

धेरैवटा बिमा कम्पनी हुँदा अस्वस्थ प्रतिस्पर्धा बढेकोमा मर्जरपछि कम्पनीको संख्या घट्न गई अस्वस्थ प्रतिस्पर्धा निरुत्साहित हुनेछ



अर्थ संवाद

● राजुरमण पौडेल
कार्यकारी निर्देशक
नेपाल बिमा प्राधिकरण

साढे सात दशकको इतिहास बोकेको बिमा क्षेत्रमा जीवन बिमा कम्पनी संख्या १९ र निर्जीवन बिमा कम्पनीको संख्या २० पुगेको थियो । ०७४ सालमा नेपाल बैंकले नेपाल माल चलानी तथा बिमा कम्पनी स्थापना गरेर यहाँ निर्जीवन बिमा व्यवसाय सुरु गरेको थियो । हाल त्यो नेपाल इन्स्योरेन्स कम्पनीको नाममा सञ्चालित छ । ०२५ मा राष्ट्रिय बिमा संस्थान स्थापना भएपछि जीवन बिमा व्यवसाय पनि सुरु भयो । त्यसलगत्तै बिमा क्षेत्रको नियमन गर्ने गरी बिमा समिति (हालको नेपाल बिमा प्राधिकरण) पनि स्थापना भयो ।

यसरी सुरु भएको बिमा क्षेत्र हालसम्म आउँदा अर्थतन्त्रकै अभिन्न अंग बनेको छ । तर, भौगोलिक र बजारको आधारमा भने नेपालमा बिमा कम्पनीको संख्या धेरै भएको महुसस भइसकेको थियो । भारतलगायत देशको तुलनामा नेपालमा बिमा कम्पनीको संख्या बढी नै थियो । यसैगरी, बढ्दो व्यवसायसँगै बिमा कम्पनीहरूको चुक्तापुँजी पनि बढाउनुपर्ने दबाब थियो । सोही अवस्थालाई दृष्टिगत गर्दै नियामक निकाय नेपाल बिमा प्राधिकरणले जीवन र निर्जीवन बिमा कम्पनीको चुक्तापुँजी बढाउने नीति ल्यायो । हाल जीवन बिमा कम्पनीको २ अर्ब रूपैयाँ र निर्जीवन बिमा कम्पनीको १ अर्ब रूपैयाँ न्यूनतम चुक्तापुँजी हुनुपर्ने व्यवस्था छ । तर, आगामी चैत मसान्तभित्र जीवन बिमा कम्पनीले ५ अर्ब रूपैयाँ र निर्जीवन बिमा कम्पनीले २ अर्ब ५० करोड रूपैयाँ न्यूनतम चुक्तापुँजी कायम गर्नुपर्ने हाम्रो निर्देशन छ ।

व्यवसायको आकार बढ्दै गएका वेलामा पुँजी बढाउनुपर्ने समयको आवश्यकता थियो । साथै, कम्पनीको संख्या बढी हुँदा मर्जर गराउनुपर्ने पनि दबाब थियो । त्यसपछि हामीले पुँजी वृद्धि गर्ने र मर्जर गर्ने नीतिसँगसँगै अगाडि बढायौँ । त्यसपछि बिमा कम्पनीहरूले मर्जर भएर एकीकृत कारोबार थालेका छन् ।

मर्जर बिमामा नयाँ अभ्यास थियो । साथै, बिमा कम्पनीहरू मर्ज गर्न अन्य कम्पनीजस्तो सहज थिएन । फरक-फरक जोखिमको व्यवसाय गर्दै आएका बिमा कम्पनी मर्ज गर्न चुनौती भए पनि त्यो सफल भइरहेको छ । हालसम्म १२ निर्जीवन बिमा कम्पनी ६ वटा कायम हुने गरी मर्जर प्रक्रियामा सहभागी भएका छन् । त्यसमा ८ निर्जीवन बिमा कम्पनी ४ वटामा कायम भएर एकीकृत कारोबार सुरु गरिसकेका छन् । यसका अलावा अन्य ४ कम्पनी मर्जरको प्रक्रियामा छन् ।

यस्तै, जीवन बिमातर्फ नौ कम्पनी चारवटामा कायम हुने गरी मर्जर प्रक्रियामा सहभागी भएका छन् । प्रक्रियामा रहेका सबैको मर्जर सफल भएपछि जीवन र निर्जीवन बिमा कम्पनीको संख्या १४-१४ वटा हुनेछ । साथै, अन्य कम्पनी पनि मर्जरको योजनामा छन्, त्योअनुसार बिमा कम्पनीको संख्या थप घट्नेछ ।

नेपालमा कम्पनीको संख्या बढी हुँदा बजारमा अस्वाभाविक रूपमा अस्वस्थ प्रतिस्पर्धा भइरहेको थियो । बिमा कम्पनी बढी सहरकेन्द्रित थिए । त्यसमाथि सीमित क्षेत्रमा सीमित व्यवसायको पछि लाग्दा सस्तो मूल्यमा समेत बिमा गर्न थालेका थिए । सस्तो मूल्यमा बिमा गर्दा विदेशी पुनर्बिमा कम्पनीले हाइड्रोपावर आयोजनाको पुनर्बिमा लिनै मानेका थिएनन् । अन्त्यमा प्राधिकरणले हाइड्रोपावर बिमाका लागि न्यूनतम मूल्य नै तोक्नुपर्ने अवस्था आयो । यो एउटा अस्वस्थ प्रतिस्पर्धाको उदाहरण थियो । यसरी कम्पनीको संख्या बढी हुँदा अस्वस्थ प्रतिस्पर्धा पनि बढी भइरहेको थियो । अब कम्पनीको संख्या घट्ने भएसँगै अस्वस्थ प्रतिस्पर्धा निरुत्साहित हुने अपेक्षा गरिएको छ ।

यस्तै, मर्जरपछि कम्पनीको चुक्तापुँजीसँगै बिमा कोष, जगेडा कोषलगायतका अन्य सूचकको आकार पनि बढेको छ । त्यसले समग्र बिमा क्षेत्रमा बहुआयामिक रूपमा फाइदा हुनेछ । बिमा व्यवसाय गर्न ब्याकअपका लागि चुक्तापुँजी महत्त्वपूर्ण हुन्छ । किनकि, हामीकहाँ जोखिममा आधारित चुक्तापुँजी हुनुपर्ने व्यवस्था कार्यान्वयनमा आइसकेको छैन । तर, बिमा व्यवसाय बढी रहँदा बिमा कम्पनीहरूसँग त्योअनुसार चुक्तापुँजी भने बढेको थिएन । मर्जरसँगै बिमा कम्पनीको चुक्तापुँजी बढ्दै छ भने व्यवसाय क्षमतासमेत बढेको छ । बिमा कम्पनीको पहुँच सबै जिल्लामा र अभिकर्ताको पहुँच सबै स्थानीय तहमा पुगेको छ । तर पनि दुर्गम ठाउँमा आवश्यकताअनुरूप बढ्न सकेको थिएन । एउटा कारण कम्पनीको पुँजीगत क्षमता पर्याप्त नहुनु पनि थियो । किनकि, दुर्गम ठाउँमा व्यवसाय विस्तार गर्दा लागत बढी लाग्छ । त्यो अवस्थामा पहिला बिमा कम्पनीलाई दुर्गम ठाउँमा सेवा विस्तार गर्न पुँजीगत रूपमा चुनौती थियो । तर, मर्जरपछि कम्पनीको पुँजीगत क्षमता र विस्तार बढेको छ ।



यसैगरी, बिमा कम्पनीको जोखिम धारण गर्ने क्षमता पनि बढ्छ । बिमा कम्पनीहरूले आफूले लिएको सबै जोखिम आफैंले धारण गर्न सक्दैनन् । बिमाको सिद्धान्तअनुसार सबै जोखिम आफैंले राख्न पनि हुँदैन । भविष्यमा भूकम्प, महामारीजस्ता कारणले ठूलो दाबी परे कम्पनी एक्लैले भुक्तानी गर्न सक्दैनन् । त्यसो भएमा कम्पनी टाट पल्टिने सम्भावना पनि हुन्छ । सोहीअनुसार कम्पनीहरूले आफूले धारण गर्न सक्ने जोखिम राखेर बाँकीको पुनर्बिमामार्फत स्वदेशी तथा विदेशी पुनर्बिमा कम्पनीलाई हस्तान्तरण गर्दै आएका छन् । अब कम्पनीको जोखिम धारण गर्ने क्षमता बढेसँगै कम्पनीहरूले पुनर्बिमालाई हस्तान्तरण गर्ने जोखिमको अनुपात पनि घटाउँछन् । त्यसले बिमा कम्पनीकै व्यवसाय बढाउन सहयोग पुग्छ । साथै, पुनर्बिमामार्फत बाहिरिने रकमसमेत घट्छ । यसका अलावा नेपाली बिमा क्षेत्रप्रति विदेशी पुनर्बिमाको विश्वास पनि बढ्छ ।

> मर्जरपछि पुँजी र लगानीयोग्य रकम पनि बढेको छ । त्यसअनुसार अब बिमा कम्पनीहरूले बढी प्रतिफल दिने क्षेत्र पूर्वाधार, ऊर्जा या घरजग्गामा लगानी बढाउन सक्छन् । त्यसपछि कम्पनीहरूको आम्दानी पनि बढ्छ र लगानीकर्ताले पाउने प्रतिफलका साथै बिमितले पाउने बोनस दर पनि बढ्नेछ ।

यस्तै, दुईभन्दा बढी कम्पनी एकै ठाउँ हुँदा वित्तीय सूचक पनि बढ्छन् । साथै, फरक-फरक सिप तथा क्षमता भएका कर्मचारी (जनशक्ति) पनि एकै ठाउँमा आउन पाउँछन्, जसले गर्दा नयाँ ढंगले कम्पनीले काम गर्न सक्छन् । अनुसन्धानात्मक र इनोभेटिभ काम गर्न सक्छन् । फलस्वरूप बिमा क्षेत्रमा नयाँ सिनर्जी आउँछ । नेपाली बिमा कम्पनीहरूले पुनर्बिमा कम्पनीलाई बढी अनुपातमा जोखिम हस्तान्तरण गर्दा उनीहरूको नेपालप्रति त्यति राम्रो दृष्टिकोण छैन । उनीहरूले नेपाललाई बिमा व्यवसायका लागि जोखिमयुक्त देश मानिरहेका हुन्छन् । तर, अब हाम्रो जोखिम धारण गर्ने क्षमता बढ्दा विदेशी पुनर्बिमा कम्पनीको विश्वास पनि बढ्ने अनुमान छ ।

मर्ज भएपछि कुनै न कुनै रूपमा जनशक्ति बढी हुन सक्छ । तर, हामीले तत्काल कर्मचारी कटौती गर्न नदिने नीति ल्याएका छौँ । अब कम्पनीले त्यो जनशक्तिलाई अनुसन्धानमूलक तथा इनोभेटिभ काममा परिचालन गर्न सक्छन् । साथै, बजारको आवश्यकता तथा भौगोलिक बनावटलाई सुहाउँदो इनोभेटिभ प्रडक्ट ल्याउन पनि सक्नेछन्, जसबाट ग्राहकले पनि भनेजस्तो सेवा पाउनेछन् ।

चुक्तापुँजी, बिमा कोषलगायतका सूचक बढेसँगै अब कम्पनीको लगानी गर्ने क्षमता बढ्नेछ । हालसम्म बिमा कम्पनीहरूले आफ्नो लगानीयोग्य पुँजी बढी मात्रामा बैंकको मुद्दती निक्षेपमा राख्दै आएका छन् । जोखिमको व्यवसाय गर्ने भएकाले कम्पनीहरूले चाहेर पनि अन्य क्षेत्रमा लगानी बढाउन सकेका थिएनन् । किनकि, कुनै पनि दाबी पर्दा कम्पनीले भुक्तानी त दिनैपर्छ ।

त्यो अवस्थामा कम्पनीले जोखिम कम हुने र तत्काल प्रतिफल दिने ठाउँमा लगानी गर्नुपर्ने बाध्यता थियो । तर, अब कम्पनीहरूको पुँजी बढेसँग लगानीयोग्य रकम पनि बढेको छ । त्योअनुसार अब बिमा कम्पनीहरूले केही केही न अनुपातमा बढी प्रतिफल दिने क्षेत्र (पूर्वाधार, ऊर्जा, घरजग्गा) मा लगानी बढाउन सक्छन् । त्यसपछि कम्पनीहरूको आम्दानी पनि बढ्छ । र, लगानीकर्ताले पाउने प्रतिफलका साथै बिमितले पाउने बोनस दर पनि बढ्नेछ ।

सूचना प्रविधि (आइटी)मा समेत कम्पनीको लगानी गर्ने क्षमता बढेको छ । सूचना प्रविधिमा स्वाभाविक रूपमा लगानी बढी लाग्छ । लगानी बढी लाग्ने भएकै कारण बिमा क्षेत्रमा अझै ग्राहकमैत्री प्रविधिको विकास भइसकेको छैन । तर, अब कम्पनीको क्षमता बढेसँगै ग्राहकमैत्री प्रविधिको विकास हुने अपेक्षा गरेका छौँ । समग्रमा मर्जरका कारण बिमा क्षेत्रको जोखिम धारण गर्ने क्षमता बढ्ने, प्रतिफल बढ्ने, बोनस दर बढ्ने, प्रविधिको विकास हुने, बजार विस्तार हुने, अस्वस्थ प्रतिस्पर्धा निरुत्साहन हुने विश्वास गरिएको छ । नेपालप्रति विदेशी पुनर्बिमा कम्पनीहरूको दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आउने विश्वास गरिएको छ ।

खासमा, पुँजीगत तथा वित्तीय रूपमा मात्रै नभएर कम्पनी प्राविधिक रूपमा पनि बलियो हुँदै छन् । मर्जरले बिमा कम्पनीलाई धेरै पाटोबाट फाइदा दिन्छ । तर, अब कम्पनीहरूले आफूलाई कसरी अगाडि बढाउने, त्यो उनीहरूकै हातमा छ । हामीले नीतिगत रूपमा मार्गदर्शन मात्रै गरेका हौँ ।

कुन महिनामा कति महँगी ?

अर्थ ज्ञान




चालू आर्थिक वर्षको माघ महिनामा उपभोक्ता मुद्रास्फीति (महँगी) ७.८८ प्रतिशत कायम भयो । पुसमा ७.२६ प्रतिशत पुगेको थियो । त्यस्तै, खाद्य तथा पेय पदार्थको मुद्रास्फीति ६.१९ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ९.२२ प्रतिशत पुगेको छ । खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत रेस्टुरेन्ट तथा होटेल उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक १५.५६ प्रतिशत, सुर्तीजन्य पदार्थको ११.८१ प्रतिशत, दुग्ध पदार्थ तथा अन्डाको ९.७० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.५६ प्रतिशत र मदिराजन्य पेय पदार्थको ८.८४ प्रतिशतले बढेको छ ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको मूल्य सूचकांक १६.४३ प्रतिशत, स्वास्थ्यको ११.२२ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको ८.७६ प्रतिशत, विविध वस्तु तथा सेवाको ८.६८ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणहरूको ८.३३ प्रतिशतले बढेको छ ।

- नेपाल राष्ट्र बैंक

बिजनेस @



डा. बाबुराम भट्टराई, पूर्वअर्थमन्त्री

नेपालको रणनीतिक सडक पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्ने सडक यी हुन् : पूर्व-पश्चिमतर्फ मध्यपहाडी लोकमार्ग, हुलाकी लोकमार्ग र पूर्व-पश्चिम लोकमार्ग, उत्तर-दक्षिणतर्फ कोसी, गण्डकी, कर्णाली करिडोर र काठमाडौं-तराई फास्ट ट्र्याक । सबै चरालाई ताके कुनै मर्दैनन् है ।

गोविन्दराज पोखरेल, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग



एउटा आरोपले अलिकति भावुक बनायो : 'यी नेता, उच्चपदस्थ व्यक्ति र कर्मचारीलाई देश बनाउने भोक नै छैन । किनभने, यिनका छोराछोरी विदेशी भइसके । निर्वासनपछि यी आधा समय विदेश बस्छन् या छोराछोरीले उतैबाट पाल्छन् । उस्तै परे हुन्डीबाट सबै सम्पत्ति विदेश लैजान्छन् ।' यी आरोप खण्डन गर्न मिलेर देश बनाऔँ ।

प्रबलजंग पाण्डे, उद्यमी



दिनप्रतिदिन बिग्रँदो अर्थतन्त्र र यस अवस्थामा नेपालको राजनीतिक दलहरूले देखाएको बेवास्ताले सर्वसाधारण जनतादेखि साना, मझौला र ठूला व्यवसायीमा नैराश्य आउनु स्वाभाविक हो । तर, बिग्रने तल्लो सीमापछि फेरि सुधार हुने नै हो । हामी सबैले केही समय धैर्य गर्न सक्नुपर्छ । व्यवसायलाई जेनतेन टिकाइराख्नुपर्छ । पुरानो गल्तीबाट पाठ सिक्नुपर्छ । आज नराम्रो छ होला, भोलि अझ नराम्रो होला । तर, पर्सि अवश्य राम्रो हुन्छ । समय बलवान् हुन्छ, धैर्य गरौं ।

अंक र अर्थ

महिला कामदार वैदेशिक रोजगारीमा जाने मुख्य १० जिल्ला



नेपालको झापा, सिन्धुपाल्चोक, मकवानपुर, मोरङ, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाडौं, सुनसरी, चितवन र धादिङका महिला बढी वैदेशिक रोजगारीमा गएका छन् । श्रम तथा रोजगार मन्त्रालयको प्रतिवेदनअनुसार मुख्य १० जिल्लामध्ये झापाबाट विदेश जाने महिला कामदारको संख्या अधिक ८.१ प्रतिशत छ । सिन्धुपाल्चोकको ६.१ प्रतिशत छ भने मकवानपुरको ५.६ प्रतिशत छ ।

त्यस्तै, मोरङको ५.३, काभ्रेपलाञ्चोकको ५, नुवाकोटको ४.३, काठमाडौंको ३.८, सुनसरीको ३.२, चितवनको ३.१, धादिङको ३.१ प्रतिशत हिस्सा छ । अन्य जिल्लाको भने ५२.४ प्रतिशत हिस्सा छ ।

आव ०७८/७९ मा एक हजार तीन सय ८० महिला कोरिया रोजगारीमा गएका थिए । अघिल्लो आव ०७७/७८ मा २५, आव ०७६/७७ मा ६८, आव ०७५/७६ मा चार सय ६३, आव ०७४/७५ मा चार सय चारजना महिला कामदार कोरिया रोजगारीमा गएको तथ्यांक छ । त्यस्तै, जापानमा ९६ हजार आठ सय २४ नेपाली कामदार रहेकोमा ४० हजार सात सय ६९ महिला छन् ।

- श्रम तथा रोजगार मन्त्रालय

अटो इन्डस्ट्रीमा चिप्स संकट कहिलेसम्म ?

मेडिकल उपकरण, औद्योगिक मेसिन आदिमा आवश्यक चिप्स र सेमिकन्डक्टरको संकटले कुनै पनि देशको विकासमा बाधा पुऱ्याउन सक्छ


एजेन्सी

अटोमोबाइल क्षेत्र दिनप्रतिदिन फस्टाउँदै गइरहेको छ । डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनलाई विद्युतीय सवारीसाधनले विस्थापित गर्दै पनि गइरहेको छ । तर, यही अटोमोबाइल क्षेत्रमा अत्यावश्यक चिप्सको आपूर्ति शृंखला भने सहज छैन । चिप्सको कमीका कारण ग्राहकको घरमा सवारीसाधन पुग्न एकदेखि डेढ वर्ष लागिरहेको अवस्था छ ।

सवारीसाधनको डेलिभरीमा ढिलाइ कुनै अटोमोबाइल पाटपुर्जा या आपूर्ति शृंखलासँग जोडिएको कारणले होइन । यसका लागि सूचना प्रविधिसँग जोडिएको एउटै चिज हो, माइक्रोप्रोसेसर (चिप) र सेमिकन्डक्टर । वर्तमानमा करिब आठ लाखभन्दा बढी सवारीसाधन निर्माण सम्पन्न भई तयारी अवस्थामा छन् । तर, चिप्सको अभावले गर्दा त्यसको डेलिभरी हुन सकेको छैन ।

वैश्विक महामारी कोभिड-१९ पछि विश्वभरमा चिप्सको हाहाकार छ । हिजोआज अधिकांश कारमा कुनै न कुनै प्रकारको डिजिटल क्षमता जडान छ, जसमा माइक्रोप्रोसेसरको आवश्यकता पर्छ र यो माइक्रोप्रोसेसरका लागि सेमिकन्डक्टर चाहिन्छ ।

सवारीसाधनका लागि मात्रै होइन, हरेक प्रकारका डिजिटल र अधिकांश इलेक्ट्रिक उपकरणमा चिप्स या सेमिकन्डक्टर चाहिन्छ । यसको प्रयोग डायोड, ट्रान्जिस्टर, इन्टिग्रेटेड सर्किट (आइसी) तथा प्रोसेसर्स आदिको निर्माणमा गरिन्छ ।



> विश्व कोभिड महामारीको संकटबाट माथि उठेको छ । तर, चिप्स निर्माण र आपूर्तिबीच देखिएको असन्तुलन लयमा आउन अझै केही समय लाग्ने विश्लेषकहरू बताउँछन् । कम्तीमा एक वर्ष चिप्सको हाहाकार जारी रहने बताइएको छ ।

कम्प्युटर, मोबाइल फोन, क्यामेरा, टेलिभिजन, रेडियो, घडी, साउन्ड सिस्टम, माइक्रोफोनका साथसाथै किबोर्ड र माउसजस्ता स-साना चिजमा पनि चिप्सको प्रयोग हुन्छ । यो सूचीमा कैयौँ मेडिकल उपकरण, औद्योगिक मेसिन, सोलार प्यानल, एलइडी बल्ब पनि पर्छन् । यति धेरै चिजमा आवश्यक पर्ने चिप्स र सेमिकन्डक्टरको हाहाकारले कुनै पनि देशको विकासलाई प्रत्यक्ष रूपमा बाधा पुऱ्याउन सक्छ ।

भारत सेमिकन्डक्टर आयातमा चीन, हङकङ, भियतनाम, सिंगापुर, कोरिया र अमेरिकामा निर्भर छ । भारतको एकचौथाइभन्दा बढी आयात चीनबाट मात्रै हुन्छ ।

अहिलेको चिप्स संकटलाई मध्यनजर गर्दै भारत सरकारले स्वदेशमै सेमिकन्डक्टर उद्योग स्थापना गर्न डिसेम्बर २०२१ मा करिब आठ खर्ब भारुको प्याकेज अनुमोदन गरेको थियो । चालू आर्थिक वर्षको बजेटमा डिजिटल भारतसँग जोडिएको सेमिकन्डक्टर मिसनलाई ३० अर्ब भारु विनियोजन गरेको छ । कर्नाटक र गुजरातमा सेमिकन्डक्टरका कारखाना सुरु हुन थालेका छन् ।

अहिले पनि चिप्स र सेमिकन्डक्टर निर्माणमा अमेरिका विश्वकै ठूलो शक्ति हो । ताइवान, दक्षिण कोरिया, जापानजस्ता देशले यो क्षेत्रमा आफ्नो पकड बनाउँदै लगेका छन् । पछिल्ला केही वर्षमा चीन चिप्स र सेमिकन्डक्टर क्षेत्रको विशेष शक्ति बनेर उदाएको छ । त्यहाँ एसएमआइसी र हुआवेजस्ता विशाल कम्पनीले ठूलो परिमाणमा सेमिकन्डक्टर उत्पादन गरिरहेका छन् । यस्तै, जर्मनी, नेदरल्यान्ड, सिंगापुर र इजरायलले पनि यो क्षेत्रमा महत्त्वपूर्ण भूमिका निभाएका छन् । यति हुँदा पनि उल्लिखित देशमा सेमिकन्डक्टरको आवश्यकता सहजै पूरा हुन सकेको छैन ।

चिप्स र सेमिकन्डक्टरको विश्वव्यापी संकट सन् २०२० देखि नै यथावत् छ । त्यतिवेला कोभिड महामारीका कारण विश्व लकडाउनमा थियो । लकडाउनसँगै ल्यापटप, मोबाइल, टेलिभिजन, साउन्ड सिस्टमजस्ता उपकरणको वैश्विक मागमा वृद्धि आयो । अर्कातिर, कोभिडकै कारणले उद्योग चल्न सकेनन् । उत्पादन ठप्प भयो । त्यसको प्रभावले विश्वमै सवारीसाधनको मागमा गिरावट आयो । मन्दीको आशंका गर्दै उत्पादकले चिप्स र समेकन्डक्टरको अर्डर रद्द गरे, जसले उत्पादन प्रक्रियालाई झन् सुस्त बनायो ।

महामारीले विश्वभर सामानको आपूर्ति शृंखलाको सिलसिला विच्छेद भयो । साथै, अतिरिक्त माल भण्डारण चिप्स निर्माताका लागि ठूलो चुनौती बन्यो । सन् २०१९ मा अमेरिकाले चिनियाँ चिप्स निर्माण कम्पनी हुआवेमाथि प्रतिबन्ध लगायो । त्यसपछि अनेक चिनियाँ कम्पनीले चिप्स संकलन गर्न थाले ।

अहिले विश्व कोभिड महामारीको संकटबाट माथि उठेको छ । तर, चिप्स निर्माण र आपूर्तिबीच देखिएको असन्तुलन लयमा आउन अझै केही समय लाग्ने विश्लेषकहरू बताउँछन् । कम्तीमा एक वर्ष चिप्सको हाहाकार जारी रहने बताइएको छ ।

अर्थतन्त्र र विकासमा चिप्स तथा सेमिकन्डक्टरको भूमिका हेर्दा केही सुधार हुन सक्ने देखिन्छ । अमेरिका चिनियाँ सेमिकन्डक्टर कम्पनीमाथि आफ्नो निर्भरता घटाउँदै गइरहेको छ । साथै, यस्ता कैयौँ कम्पनीको उत्पादनमाथि पनि प्रतिबन्ध लगाएको छ । यो स्थितिमा भारत उत्तम विकल्प बन्न सक्छ ।

अर्थ जानकारी

कुन महिना कति अपार्टमेन्ट बिक्री ?

चालू आवको पहिलो महिना साउनमा २५ अपार्टमेन्ट बिक्री भएका थिए भने भदौमा ३१, असोजमा २२, कात्तिकमा ३०, मंसिरमा २६, पुसमा २४ र माघमा २२ अपार्टमेन्ट बिक्री भएका छन् । माघ महिनामा झापाको भद्रपुरमा एक, ललितपुरमा तीन, काठमाडौंमा १६, पर्साको वीरगन्जमा दुईवटा अपार्टमेन्ट किनबेच भएका छन् ।

चालू आवको सात महिनामा किनबेच भएका घरजग्गा तथा अपार्टमेन्ट संख्या

महिना	घरजग्गा किनबेच	अपार्टमेन्ट किनबेच
साउन	३३,८३४	२५
भदौ	३४,७२०	३१
असोज	२५,७८९	२२
कात्तिक	२७,९३९	३०
मंसिर	२९,१८४	२६
पुस	३८,८७१	२४
माघ	४१,०८६	२२
कुल	२,३१,४२३	१८०

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ५ चैत ०७९

एउटै पाइपलाइनबाट यसरी ल्याउने तयारी हुँदै छ पेट्रोल र डिजेल

अजित अधिकारी / नयाँ पत्रिका

चार वर्षदेखि डिजेल मात्रै ढुवानी भइरहेको मोतीहारी-अमलेखगन्ज पाइपलाइनबाट पेट्रोलसमेत ढुवानी गर्ने गरी आयल निगम र इन्डियन आयल कर्पोरेसन (आइओसी)ले पूर्वाधार तयार गरिरहेका छन् । पाइपलाइनबाट आगामी पुसबाट पेट्रोलसमेत आउने निश्चित भएपछि निगमले चारजना प्राविधिकलाई एउटै पाइपबाट पेट्रोल र डिजेल ढुवानी गर्ने तालिम प्रदान गरेको निगमको अमलेखगन्जस्थित मधेस प्रादेशिक कार्यालयका प्रमुख प्रदीप यादवले जानकारी दिए । 'आइओसीले मोतीहारी डिपो सञ्चालनमा ल्याउँदै गर्दा त्यहाँको भण्डारण ट्यांकमा एउटै पाइपबाट आएको डिजेल र पेट्रोल विनामिसावट अलग-अलग भण्डारण ट्यांकमा खसालेको थियो,' उनले भने, 'यो सबै दृश्य निगमका प्राविधिकले प्रत्यक्ष रूपमा हेरेर र थप तालिम लिएर फर्किएका छन् ।'

आइओसीले मोतीहारी डिपोसम्म बिछ्याएको पाइपलाई नै अमलेखगन्जसम्म विस्तार गरी अहिले डिजेल ढुवानी भइरहेको छ । आइओसीको बरौनी रिफाइनरीबाट सुरु भएको पाइपलाइन पटना हुँदै मोतीहारीसम्म बिछ्याइएको थियो । चार वर्षदेखि मोतीहारीबाट निगमले समेत पाइप जोडेर डिजेल ढुवानी गरिरहेको हो ।

निगमको अमलेखगन्ज डिपोमा पेट्रोल भण्डारण गर्ने पूर्वाधार नहुँदा डिजेल मात्र आयात भइरहेको थियो । तर, आइओसी र निगमले पेट्रोल भण्डारणका लागि अहिले तीन ठूला भण्डारणगृह बनाइरहेका कारण एक वर्षभित्रै सोही पाइपलाइनबाट पेट्रोलसमेत ढुवानी हुने यादवले जानकारी दिए ।

मोतीहारी डिपोमा एक सातासम्म तालिम लिएर फर्केका आयल निगमका पाइपलाइन इन्जिनियर प्रशान्त भट्टराईले प्राविधिको प्रयोगका कारण एउटै पाइपबाट ढुवानी भए पनि पेट्रोल र डिजेल मिसावट नहुने बताए । 'एउटै पाइपबाट ल्याए पनि डिजेल र पेट्रोल अलग-अलग भण्डारणगृहमा खसालिन्छ । यसमा थोरै पनि मिसावट हुन पाउँदैन,' उनले भने । उनका अनुसार आवश्यकताका आधारमा पेट्रोल र डिजेलमध्ये कुनै एउटा पेट्रोलियम सुरुमा पठाइन्छ । तर, दुई घन्टा पेट्रोल हालियो भने तुरुन्त रोकेर फेरि दुई घन्टा डिजेल ढुवानी गर्ने छोटो समयको कार्यतालिका भने बनाइँदैन । उदाहरणका लागि सुरुमा पेट्रोल पठाइयो भने अमलेखगन्जको पेट्रोल भण्डारणगृह भरी हुन्जेलसम्म हालिन्छ । 'पाइपलाइनबाट दुई-तीन दिनसम्म लगातार पेट्रोल मात्रै पनि पठाउन लगाउनुपर्ने हुन्छ,' भट्टराईले भने, 'पेट्रोल पुगिसकेको जनाउ हामीले दिएपछि पाइपमा तुरुन्तै डिजेल हालिँदैन ।' आफूसँगै अमलेखगन्जस्थित पाइपलाइन परियोजनामा कार्यरत सुनील यादव, ऋषिराम शर्मा र सञ्जयकुमार चौधरीले तालिम लिएको उनले जानकारी दिए । उनका अनुसार निगमले डिजेलको माग गरेपछि आइओसीका अधिकारीले पाइपमा रहेको पेट्रोलसँगै पाइपलाइन कम्प्यारेटबल किरोसिन (पिसिके) पठाउँछ । यो एक किसिमको मट्टीतेल नै हो । 'आइओसीको मोतीहारी डिपोले पनि १७ फागुनबाट डिजेल ल्याउन थालेको थियो । तीन दिनसम्म डिजेल ल्याएपछि मात्र पेट्रोलको माग गरेको थियो । त्यसपछि आइओसीको बरौनी रिफाइनरीबाट पेट्रोल नदिएर सुरुमा थोरै पिसिके हालेर पठाइएको थियो । त्यसपछि भने पेट्रोल आएको थियो,' भट्टराईले भने ।



आइओसीको मोतीहारी डिपोमा एउटै पाइपबाट आएको डिजेल र पेट्रोल ह्यान्डलिङ गर्नेबारे तालिम लिँदै निगमका प्राविधिक ।

पाइपलाइनबाट पेट्रोल ल्याउन के-के बन्दै छ अमलेखगन्जमा ?

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

६९ किलोमिटर लामो मोतीहारी-अमलेखगन्ज पाइपलाइनबाट चार वर्षसम्म डिजेल मात्र आयात भएपछि आइओसी र निगम मिलेर पेट्रोल ल्याउनका लागि आवश्यक पूर्वाधार निर्माण गरिरहेका छन् ।

निगमको अमलेखगन्जस्थित मधेस प्रादेशिक कार्यालयमा आइओसीले ४१ सय किलोलिटर क्षमताको पेट्रोल भण्डारणगृह बनाउन सुरु गरेको छ । त्यस्तै, आधुनिक सुविधासम्पन्न ल्याब, पेट्रोल र डिजेललाई मिसावट हुनबाट रोक्ने गरी पाइपलाइनमा हालिने कम्प्यारेटबल किरोसिन (पिसिके) भण्डारणका लागि दुई सय ५० किलोलिटर क्षमताका दुईवटा मिक्स ट्यांक र दुईवटा पानी ट्यांकी आइओसीले नै बनाइरहेको छ ।

निगमले चार हजार एक सय किलोलिटर र पाँच हजार किलोलिटर क्षमताका दुईवटा पेट्रोल ट्यांक र थप पाँच हजार किलोलिटरको डिजेल ट्यांक बनाइरहेको छ । यसअघि पाइपबाट आएको डिजेल भण्डारण गर्न चारवटा ट्यांक निर्माण गरिसकिएको छ ।

'कम्प्युटरको माध्यमबाटै एउटा भण्डारणगृहमा गइरहेको तेल अर्कोमा पठाउने हो । तर, यो काममा अति संवेदनशील भई उच्च प्राथमिकता दिएर गर्नुपर्ने हुन्छ,' उनले भने । पिसिके थोरै मात्र राखेर पठाइएको हुँदा एक-दुई घन्टामै सकिन सक्छ । पिसिके सकिन लागेको पनि घनत्वबाटै थाहा हुन्छ । आइओसीले पिसिकेलगत्तै डिजेल हालेर पठाइएको हुन्छ । त्यसैले यसको घनत्व बढ्न थालेपछि कम्प्युटरमा बसिरहेका इन्जिनियरहरू थप चनाखो हुने गर्छन् ।

आइओसीका अधिकारीले पाइपलाइनबाट पठाएको डिजेल कति घनत्वको छ भन्ने जानकारी पनि निगमलाई दिएका हुन्छन् । त्यसैले सो घनत्वबराबरको डिजेल अमलेखगन्जस्थित भण्डारणगृहको मुखैमा आएपछि मिक्स ट्यांकमा गइरहेको तेललाई ड्राइभर्ट गरी डिजेलको भण्डारणगृहमा पठाइन्छ ।

'घनत्वका आधारमा शुद्ध डिजेल र शुद्ध पेट्रोलको केही मात्रा मिक्स ट्यांकमा जान सक्छ, तर अतालिएर पिसिकेलाई डिजेल र पेट्रोलको भण्डारणगृहमा कहिल्यै पठाइँदैन,' भट्टराईले भने । पाइपलाइनबाट डिजेल र पेट्रोल पठाउँदा बीचमा पिसिके हाल्ने प्रविधिका कारण एउटै पाइपलाइन भए पनि पाइपलाइनबाट आइरहेको तेल खसालिन्छ ।

'कम्प्युटरको माध्यमबाटै एउटा भण्डारणगृहमा गइरहेको तेल अर्कोमा पठाउने हो । तर, यो काममा अति संवेदनशील भई उच्च प्राथमिकता दिएर गर्नुपर्ने हुन्छ,' उनले भने । पिसिके थोरै मात्र राखेर पठाइएको हुँदा एक-दुई घन्टामै सकिन सक्छ । पिसिके सकिन लागेको पनि घनत्वबाटै थाहा हुन्छ । आइओसीले पिसिकेलगत्तै डिजेल हालेर पठाइएको हुन्छ । त्यसैले यसको घनत्व बढ्न थालेपछि कम्प्युटरमा बसिरहेका इन्जिनियरहरू थप चनाखो हुने गर्छन् ।

आइओसीका अधिकारीले पाइपलाइनबाट पठाएको डिजेल कति घनत्वको छ भन्ने जानकारी पनि निगमलाई दिएका हुन्छन् । त्यसैले सो घनत्वबराबरको डिजेल अमलेखगन्जस्थित भण्डारणगृहको मुखैमा आएपछि मिक्स ट्यांकमा गइरहेको तेललाई ड्राइभर्ट गरी डिजेलको भण्डारणगृहमा पठाइन्छ ।

'घनत्वका आधारमा शुद्ध डिजेल र शुद्ध पेट्रोलको केही मात्रा मिक्स ट्यांकमा जान सक्छ, तर अतालिएर पिसिकेलाई डिजेल र पेट्रोलको भण्डारणगृहमा कहिल्यै पठाइँदैन,' भट्टराईले भने । पाइपलाइनबाट डिजेल र पेट्रोल पठाउँदा बीचमा पिसिके हाल्ने प्रविधिका कारण एउटै पाइपलाइन भए पनि मिसावट भने नहुने उनको भनाइ छ ।

पेट्रोल र डिजेलको भण्डारणगृहमा पाइपलाइनबाट आइरहेको पिसिके जान नदिन निगमका प्राविधिकहरू स्थलगत रूपमै पनि पाइपको तेल परीक्षण गर्ने उनले बताए । भण्डारणगृहको छेउमा पिसिके आउन लागेको कम्प्युटरबाट देखिन्छ । त्यसपछि सुरुमा १५-१५ मिनेट, त्यसपछि पाँच-पाँच मिनेट र अन्तिममा दुई-दुई मिनेटमा पिसिकेको घनत्व कर्मचारीबाट परीक्षण हुन्छ,' भट्टराईले भने, 'स्थलगत परीक्षण गर्दा देखिएको घनत्वको मात्रा आइओसीले पठाएको पेट्रोल र डिजेलको घनत्वसँग मेल खाएपछि मात्रै भण्डरण ट्यांक परिवर्तन गरिन्छ ।'

पाइपलाइनको सुरुवाती विन्दु अहिले बरौनी रिफाइनरीमा छ । जुन अमलेखगन्जबाट तीन सय ७५ किलोमिटर टाढा पर्छ । तर, अमलेखगन्जका लागि पेट्रोल र डिजेल मोतीहारी डिपोबाटै पम्पिङ गर्ने गरी स्टेसन तयार गरिँदै छ । अमलेखगन्ज र मोतीहारीको दूरी भने ६९ किलोमिटर मात्रै हो ।

एक वर्षपछि आइओसीको मोतीहारी डिपोबाटै अमलेखगन्जसम्मको पाइपलाइन कन्ट्रोल हुनेछ । त्यसवेला निगमका प्राविधिक र मोतीहारीस्थित आइओसीका प्राविधिकको समन्वयमा पाइपलाइनबाट विनामिसावट पेट्रोल र डिजेल ढुवानी हुनेछ ।

नेपाल-भारत विद्युत् आदान-प्रदान समितिको बैठक

भारतका अन्य राज्यमा विद्युत् व्यापारका लागि नेपालले बिहारको ग्रिड प्रयोग गर्न पाउने

नयाँ पत्रिका
काठमाडौं, ४ चैत

नेपालले बिहारको प्रसारण ग्रिड प्रयोग गरी भारतका अन्य राज्यमा विद्युत् व्यापार गर्न पाउने भएको छ । नेपाल-भारत विद्युत् आदान-प्रदान समितिले 'नेपालले बिहार राज्यको प्रसारण ग्रिडमार्फत अन्य राज्यमा विद्युत् निर्यातका लागि मोडालिटी तय गर्ने' निर्णय गरेको हो ।

भारतको राजधानी नयाँदिल्लीमा शुक्रबार सम्पन्न समितिको १४औँ बैठकले बिहार राज्यको ग्रिड हुँदै भारतको केन्द्रीय प्रसारण ग्रिडमार्फत अन्य राज्यहरूमा नेपालले गर्ने विद्युत् निर्यातको मोडालिटी एक महिनाभित्रमा तय गर्ने निर्णय गरेको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका विद्युत् प्रणाली सदस्य अशोककुमार राजपुतको सहअध्यक्षमा बैठक बसेको थियो ।

'नेपालले बिहारसँग प्रसारण लाइन जोडिएका विन्दुबाट भारतको केन्द्रीय ग्रिडसँग जोडिएर विद्युत् निर्यात हुनेछ, यसका लागि एक महिनाभित्र दुवै पक्षले मोडालिटी टुंगो लगाउनेछन्,' प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भने, 'यसबाट वर्षायाममा देशभित्र खपत गरी बढी भएको विद्युत् बिक्रीका लागि थप बजार सुनिश्चित भएको छ ।'

बिहारसँग कटैया (बिहार)-कुशवा (नेपाल) र रक्सौल-परवानीपुर एक सय ३२ केभी प्रसारण लाइन जोडिएको छ । गत फागुनको महिलो हप्तामा सम्पन्न नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको दसौँ बैठकले कटैया-कुशवा र रक्सौल-परवानीपुर एक सय ३२ केभी प्रसारण लाइनको दोस्रो सर्किट क्रमशः मार्च २०२३ भित्र र अप्रिल-मे २०२३ मा निर्माण सम्पन्न गर्ने निर्णय भएको थियो ।

विद्युत् आदान-प्रदान सम्झौताबमोजिम नेपाल विद्युत् प्राधिकरणले भारतको बिहार, उत्तर प्रदेश र उत्तराखण्डबाट आवश्यक परेका वेलामा विद्युत् आयात गर्दै आएको छ । प्राधिकरणले अन्य दुई राज्यको तुलनामा आवश्यक परेका



वेला सबैभन्दा बढी बिहारबाट विद्युत् आयात गर्छ । नेपालसँग बिहार र उत्तर प्रदेशमा मात्र एक सय ३२ केभी प्रसारण लाइनमा जोडिएका छन् ।

विद्युत् आदान-प्रदान समितिको बैठकले विद्युत् आदान-प्रदान सम्झौताअन्तर्गत आयात-निर्यात हुने विद्युत्को प्रतियुनिट दर ७.२१ भारतीय रुपैयाँ (११ रुपैयाँ ५४ पैसा) तय गरेको छ । आर्थिक वर्ष सन् २०२२/२३ का लागि एक सय ३२ केभी प्रसारण लाइनमार्फत हुने विद्युत् आदान-प्रदान दर तय गरेको हो ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालले चाहेका वेलामा विद्युत् लिने गरी नयाँ दर तय गरिएको र उक्त दर भारततर्फ निर्यात गर्दा पनि लागू हुने बताए । 'आव २०१९/२० का लागि तय भएको दर त्यसपछिका वर्षहरूलाई पुनरावलोकन हुन सकिरहेको थिएन, भारतीय पक्षबाट वार्षिक साढे ५ प्रतिशतको मूल्यवृद्धि जोडेर प्राधिकरणले आयात गर्ने विद्युत्को बिल पठाउने गरिएको थियो, विगतमा गरिएको बिलिङलाई समायोजन गर्दै जाने सहमति भएको छ, यसबाट प्राधिकरणललाई करिब ३१ करोड भारु (४९ करोड ६० लाख रुपैयाँ) फाइदा भएको छ,' घिसिङले भने, 'नयाँ तय गरिएको दर टेक अर पे आधारमा होइन, हामीलाई आवश्यक पर्दा खरिद गरिने विद्युत्को दर हो, चाहिएका वेलामा मात्र विद्युत् आयात गरिने हुँदा यो दर अहिलेको भारतीय बजारभन्दा सस्तो छ, उक्त दर हामीले विद्युत् निर्यात गर्दा पनि पाउनेछौं ।'

उनले गत डिसेम्बरमा विद्युत् बिक्रीका लागि भारतीय कम्पनीहरूसँग बिडिङमार्फत माग गर्दा फेब्रुअरी र मार्च, अप्रिल तथा मेका लागि प्रतियुनिट क्रमशः ७.५० र ८.७० रुपैयाँ प्रस्ताव पेस गरेको बताए । 'प्रतिस्पर्धामा छनोट भएका कम्पनीहरूले आयातित कोइलाबाट उत्पादित विद्युत् मात्र नेपाललाई बिक्री गर्न पाउने हुँदा कोइलाको मूल्यमा उतारचढाव आइरहेकाले उक्त कम्पनीहरू प्रस्तावित दरमा पनि प्राधिकरणसँग सम्झौता गर्न तयार भएनन्,' घिसिङले भने, 'बिहार राज्यलाई आयातित कोइलाको व्यवस्था लागू नहुने भएकाले दर सस्तो भएको हो, प्रतिस्पर्धी बजारमा पनि दैनिक रूपमा प्रतियुनिट विद्युत्को औसत दर १२ भारुसम्म पर्न गएको छ, यसमा प्रसारण शुल्कलगायत थप डेढ रुपैयाँ थप हुन्छ, त्यसैले अहिले तय गरिएको दर अन्यको तुलनामा सस्तो छ ।'

प्राधिकरणले आवश्यक परेका वेला भारतबाट व्यापारिक रूपमा इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत विद्युत् आदान-प्रदान सम्झौता (पावर एक्सचेन्ज) र महाकाली सन्धिअन्तर्गतको बिजुली भारतबाट आयात गर्छ । व्यापारिक रूपमा ढल्केबर-मुजफ्फरपुर क्रसबोर्डर चार सय केभी डबल सर्किट प्रसारण लाइनमार्फत र अन्य स्थानबाट पावर एक्सचेन्जअन्तर्गत भारतबाट बिजुली ल्याइरहेको छ । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् चालू आर्थिक वर्षमा भारतीय बजारमा बिक्री गरी आठ अर्ब ४४ करोड रुपैयाँ आर्जन गरेको छ ।

नवलपुरमा चैते धान लगाउने चटारो

नवलपरासी / पूर्वी नवलपरासीको नारायणी नदीआसपास र सिमसार क्षेत्रका किसानलाई चैते धान लगाउन भ्याइनभ्याई छ । असारअगावै धान भित्र्याइसक्ने गरी लगाइने चैते धान पूर्वी नवलपरासीको गैंडाकोट, देवचुली, कावासोती, मध्यविन्दु र विनयी त्रिवेणीमा हुन्छ । चिउरा र भुजा बनाउन अत्यधिक खपत हुने चैते धान पूर्वी नवलपरासीका आठपालिकामध्ये पाँचवटामा बढी लगाइन्छ । नवलपुरमा गत वर्ष १२ सय १० हेक्टरमा धानखेती भएको कृषि विकास कार्यालय नवलपुरको तथ्यांक छ । गत वर्ष यहाँ ६ हजार एक सय २३ मेट्रिकटन चैते धान उत्पादन भएको थियो । कृषि ज्ञानकेन्द्र नवलपुरका बागवानी विकास अधिकृत शंकर पौडेलका अनुसार नवलपुरमा यस वर्ष चैते धानखेती गर्ने क्रम पनि बढेको छ भने धान उत्पादन पनि बढ्ने देखिएको छ ।



कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणटार, काठमाण्डौको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/१२/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय नारायणटार, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात **मिति २०७९ चैत्र २० गते सोमबार**का दिन शाखा कार्यालय नारायणटार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग वाणीज्य तथा आपूर्ती मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०७७/११/२८ मा प्रा.लि.नं. २५८६७६/०७७/०७८ मा दर्ता भई सिन्धुपाल्चोक जिल्ला, पिपलडांडा गा.वि.स./न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेका **साहारा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ।**

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. रामी चन्दको नाति, भानी चन्दको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. २५ बस्ने **लाल बहादुर चन्द** (ना.प्र.नं. २८-०१-०६७-०७२२८, मिति २०६७/११/०२, जि.प्र.का. ललितपुर) ।
२. पृथ्वी बहादुर बस्नेतको नाति, निल बहादुर बस्नेतको छोरो, सिन्धुपाल्चोक जिल्ला, चौतारा गा.पा/न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.०७ बस्ने **हेम बहादुर बस्नेत** (ना.प्र.नं. १२०१/५८३४९ मिति २०४८/०६/११ जि.प्र.का. सिन्धुपाल्चोक) ।
३. चित्र बहादुर तामाङको नाति, मकर बहादुर तामाङको छोरो, झापा जिल्ला, बनियानी न.पा. वडा नं. ०९ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा. नं. ३१ बस्ने **राष्ट्र बाबु तामाङ** (ना.प्र.नं. ०४१०२४/१००, मिति २०६५/०३/२२, जि.प्र.का. झापा) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **लाल बहादुर चन्द**को नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम भएको ललितपुर जिल्ला, सैंबु गा.वि.स. वडा नं. ०४/क स्थित कित्ता नं. ४७३, ५५२, १४६० र ६०६ को क्षेत्रफल क्रमश ०-६-०-०, ०-०-३-०, ०-२-०-२ र ०-४-१-० (रोपनी) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात **२०७९ चैत्र १९ गते** भित्र बैंकको शाखा कार्यालय नारायणटार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नारायणटार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ **(सोह्रौं) दिन अर्थात २०७९ चैत्र २० गते ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय नारायणटार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नारायणटार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०७९ चैत्र २० गते सोमबार अपरान्ह ३:०० (तिन) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय नारायणटार, काठमाण्डौ फोन नं. ०१-४९११२८०/८१

मुक्तिनाथ विशिष्ट सहज कर्जा योजना सञ्चालनमा

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले 'मुक्तिनाथ विशिष्ट सहज कर्जा' योजना सञ्चालनमा ल्याएको छ। योजनाअन्तर्गत दुई करोडसम्मका साना तथा मझौला व्यवसाय कर्जा, कृषि कर्जा, घर कर्जा, अटो तथा हायरपर्चेज कर्जा, शैक्षिक कर्जा, जग्गा खरिद तथा अन्य व्यक्तिगत कर्जा प्रदान गर्नेछ।

यस योजनाअन्तर्गत कर्जा लिन इच्छुक कर्जाग्राहीलाई सम्पूर्ण आवश्यक कागजात पूरा गरेको तीन कार्य दिनभित्रै कर्जा स्वीकृत गरिने बैंकले जनाएको छ। कर्जाका लागि मोबाइल नम्बर ९८०१११००२३ मा मिस्ड कल वा बैंकको वेबसाइटमा गई अनलाइनमार्फत कर्जा आवेदन दिन सक्नेछन्।

अर्थतन्त्रलाई चलायमान बनाउन एकल अंकको ब्याजदर : चेम्बर अध्यक्ष मल्ल

नयाँ पत्रिका
काठमाडौं, ४ चैत



नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले अर्थतन्त्रलाई चलायमान बनाउन एकल अंकको ब्याजदर आवश्यक रहेको बताएका छन्। हाल कायम उच्च ब्याजदरले उद्योग-व्यवसाय एवं लगानी प्रभावित भएको भन्दै उनले एकल अंकको ब्याजदर कायम गर्नुपर्ने बताएका हुन्।

तुलसीपुर चेम्बर अफ कमर्सको दोस्रो साधारणसभालाई शनिबार सम्बोधन गर्दै अध्यक्ष मल्लले अर्थतन्त्रलाई चलायमान बनाउन पनि एकल अंकको ब्याजदर आवश्यक रहेकोमा जोड दिए। अर्थतन्त्रको वर्तमान अवस्थालाई सुधार गर्न सरकार-निजी क्षेत्र मिलेर हातेमालो गर्नुपर्ने अध्यक्ष मल्लले बताए। 'अर्थतन्त्रको आन्तरिक पाटो अहिले पनि जोखिमकै अवस्थामा छ, रोजगारी सिर्जना हुन सकेको छैन। उत्पादन हुन नसक्दा कृषिजन्य वस्तुहरूसमेत आयात गर्नुपर्ने अवस्था आउनु विडम्बना भएको छ,' उनले भने, 'ब्याजदर एकल अंकमा आउन सक्यो भने अर्थतन्त्र पुनः चलायमान हुन्छ।'

आर्थिक स्थायित्व र व्यावसायिक वातावरण निर्माणका लागि ब्याजदरमा लकअप प्रणाली लागू गर्नुपर्ने अध्यक्ष मल्लको भनाइ थियो। 'ब्याजदर अस्थिर हुँदा ऋणीहरू मर्कामा परेका छन्, लगानीको वातावरण सिर्जना हुन सकेको छैन,' उनले भने, 'उद्योग-व्यवसाय सञ्चालन, घरजग्गा, कृषिलगायत विभिन्न प्रयोजनमा ऋण लिने प्रक्रियामा सुरुवाती चरणमै निश्चित ब्याजदर कायम गर्ने र पछि फेरबदल नहुने हो भने वित्तीय क्षेत्रमा अस्थिरता आउँदैन।'

उनले स्थानीय तहमा कृषि उत्पादन वृद्धि हुने गरी समन्वय गर्न जिल्ला चेम्बरलाई आग्रहसमेत गरे। स्थानीय तहमा उत्पादित वस्तुको बजारीकरणका लागि जिल्ला चेम्बरले समन्वयन गर्न सक्ने उनको भनाइ थियो।

उक्त अवसारमा चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका उपाध्यक्ष श्रीधर महराले उद्योगी-व्यवसायीहरूले आर्थिक चपेटामा परेर बताए। उनले बैंक ब्याज तिर्न नसक्दा व्यवसायबाट पलायन हुनेदेखि आत्महत्या गर्नेसम्मको समस्या देखिएको औंल्याए।

तुलसीपुर चेम्बर अफ कमर्सका अध्यक्ष टोपबहादुर घर्तीले सरकारले उद्यमी-व्यवसायीका समस्या समाधानमा ध्यान दिनुपर्ने बताए। तुलसीपुर उपमहानगरपालिकाका मेयर टीकाराम खड्काले कोरोना महामारीलगायत कारण मुलुकको अर्थतन्त्र कमजोर भएको बताए।

डेभलपमेन्ट बैंकर्स एसोसिएसनमा श्रेष्ठ



काठमाडौं/ डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालको अध्यक्षमा सांग्रिला डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठ चयन भएका छन्। चितवनमा शुक्रबार सम्पन्न १७औं वार्षिक साधारणसभाले नयाँ कार्यसमिति चयन गरेको छ।

एसोसिएसनको उपाध्यक्षमा महालक्ष्मी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटा, सचिवमा सिन्धु विकास बैंकका प्रमुख कार्यकारी अधिकृत रामकुमार गिरी र कोषाध्यक्षमा लुम्बिनी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत नरेशसिंह बोहरा चयन भएका छन्। त्यस्तै, सदस्यहरूमा साइन रेसुंगा डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेल, ज्योति विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्ट र एक्सल डेभलपमेन्ट बैंक प्रमुख कार्यकारी अधिकृत डा. इन्द्र कट्टेल चयन भएका छन्।

भारतीय कमसल नुन प्रयोग गर्दै सीमाका नेपाली

जनकपुरधाम/ सीमावर्ती नेपाली गाउँका स्थानीय बासिन्दा सस्तो कमसल नुन प्रयाग गर्दै आएका छन्। गाउँमा नेपाली आयोडिन नुनको अभाव हुनु, आयोडिनको विशेषताबारे व्यापक प्रचारप्रसार हुन नसक्नु तथा सीमावर्ती क्षेत्रमा नेपाली नुनको थोक विक्रेता नहुँदा भारतीय नुन प्रयोग गरिरहेको स्थानीयको भनाइ छ। धनुषाका जनकनन्दनी, कमला, धनौजी, नगराइन गाउँपालिका तथा महोत्तरीको मटिहानी र सम्सी गाउँपालिकाका स्थानीयहरू सस्तो पर्ने भएकाले भारीतय कमसल नुन प्रयोग गरिरहेका छन्। धनुषाका जनकनन्दनी गाउँपालिका महुवाका मोहम्मद इस्लामले आर्थिक अवस्था कमजोर भएकाहरूले सस्तोमा पाउने भारतीय नुन बढी प्रयोग गर्ने बताए। 'एक त नेपाली नुन भारतीय नुनभन्दा महँगो छ, अर्को सबै पसलमा पनि नेपाली नुन पाइँदैन,' उनले भने। थोक विक्रेतालाई प्रतिकेजी १८ रुपैयाँ ५० पैसामा आयोडिन नुन उपलब्ध हुने भए पनि उनीहरूले २५ रुपैयाँमा बेच्ने गरेका छन्। नेपालमा निर्मित आयोडिन नुनको प्रचारप्रसार गरिए पनि सीमावर्ती दुर्गम गाउँमा डिलर नभएकाका कारण भारतीय नुन प्रयोग गर्ने साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड जनकपुरका शाखा प्रमुख शुभनारायण साहले बताए।

मानुषी र सिर्जनशील लघुवित्तबीच मर्जर सम्झौता

काठमाडौं/ मानुषी लघुवित्त र सिर्जनशील लघुवित्तबीच मर्जर हुने भएको छ। समझदारीपत्रमा मानुषी लघुवित्तका तर्फबाट सञ्चालक समिति अध्यक्ष पद्मासना शाक्य तथा सिर्जनशील लघुवित्तका तर्फबाट सञ्चालक समिति अध्यक्ष राजकुमार श्रेष्ठले हस्ताक्षर गरेका छन्।

काभ्रेको बनेपामा केन्द्रीय कार्यालय रहेको मानुषी लघुवित्त र सिराहाको गोलबजारमा केन्द्रीय कार्यालय रहेको सिर्जनशील लघुवित्त दुवै संस्था नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरका संस्था हुन्। समान चुक्ता पुँजी रहेका दुवै संस्थाले सर्वसाधारणमा सेयर जारी गरिसकेका छन् भने नेपाल स्टक एक्सचेन्जमा कारोबारसमेत भइसकेको छ। मर्जरपछि संस्थाको नाम मानुषी सिर्जनशील लघुवित्त वित्तीय संस्था रहने गरी प्रस्ताव गरिएको छ।



कार्यक्रममा मर्जर प्रक्रियाका लागि दुवै संस्थाबाट तीन-तीनजना प्रतिनिधि रहने गरी संयुक्त मर्जर समिति गठन गरिने जानकारी दिइएको थियो। साथै, मर्जर प्रक्रिया यसै आर्थिक वर्षभित्र सक्ने लक्ष्य रहेको बताइएको थियो। यस आवको दोस्रो त्रैमाससम्ममा सिर्जनशील लघुवित्तले देशभर ३३ वटा शाखामार्फत ४१ हजार नौ सय ४८ परिवारमा सेवा प्रदान गर्दै आएको छ भने मानुषी लघुवित्तले १४ जिल्लामा ३६ वटा शाखामार्फत ३४ हजार तीन सय ८७ सदस्यलाई सेवा प्रदान गर्दै आएको छ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्न बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०७९।१२।२० (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुरबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	लघुउद्यमशिलता कर्जा	**ऋणीको नाम: खुम बहादुर थापा** ना.प्र.प.नं (जारी मिति/स्थान): २३९९/२४२ (२०५१।०४।३२/बाग्लुङ) बाजेको नाम: जहर सिँ बाबुको नाम: चन्द्र बहादुर थापा ठेगाना: बाग्लुङ जिल्ला, कुश्मी गा.वि.स. वडा नं. ५। **व्यक्तिगत जमानतकर्ताहरू:** १. आशा थापा ना.प्र.प.नं (जारी मिति/स्थान): १०२४/४०१९१ (२०७०।०८।२०/बाग्लुङ) बाबुको नाम: रन बहादुर गुरूङ पतिको नाम: खुम बहादुर थापा ससुराको नाम: चन्द्र बहादुर थापा ठेगाना: बाग्लुङ जिल्ला, कुश्मीसेरा गा.वि.स. वडा नं. ५। २. चेत बहादुर थापा ना.प्र.प.नं (जारी मिति/स्थान): ८०४५/४५२ (२०४२।०३।०३/बाग्लुङ) बाजेको नाम: गजसिंह थापा बाबुको नाम: बल बहादुर थापा ठेगाना: बाग्लुङ जिल्ला, कुश्मीसेरा गा.वि.स. वडा नं. ५।	जहर सिँ को नाती, चन्द्र बहादुर थापाको छोरा, बाग्लुङ जिल्ला, कुश्मी गा.वि.स. वडा नं. ५ बस्ने **खुम बहादुर थापाको** नाममा मालपोत कार्यालय बाग्लुङको लगतमा दर्ता श्रेष्ठा कायम रहेको बाग्लुङ जिल्ला, कुश्मी गा.वि.स. वडा नं. ३ स्थीत कि.नं. २३५३, २३६१, १७७८ र १७७२ को क्षेत्रफल ०-५-१-०, ०-५-३-०, ०-३-२-३ र ०-१३-२-३ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।
२.	लघुउद्यमशिलता कर्जा	**ऋणीको नाम: श्री भरत बहादुर उचै ठकुरी** ना.प्र.प.नं (जारी मिति/स्थान): २८५७/८ (२०४४।११।३०/बाग्लुङ) बाजेको नाम: अमर बहादुर बाबुको नाम: रन बहादुर ठेगाना: बाग्लुङ जिल्ला, पैयुँथन्थाप गा.वि.स. वडा नं. ९। **व्यक्तिगत जमानतकर्ताहरू:** १. सुमित्रा उचै ना.प्र.प.नं (जारी मिति/स्थान): ३/१४७ छुट ४९ (२०४६।०२।२८/बाग्लुङ) बाबुको नाम: लाल बहादुर श्रीस पतिको नाम: भरत बहादुर उचै ठकुरी ससुराको नाम: रन बहादुर ठेगाना: बाग्लुङ जिल्ला, पैयु गा.वि.स. वडा नं. ९, विजुवा। २. सेर बहादुर उचै ना.प्र.प.नं (जारी मिति/स्थान): ६०६९/१२९ (२०५८।०६।१८/बाग्लुङ) बाजेको नाम: रन बहादुर बाबुको नाम: भरत बहादुर उचै ठकुरी ठेगाना: बाग्लुङ जिल्ला, पैयुँथन्थाप गा.वि.स. वडा नं. ९। ३. पदम बहादुर उचै ठकुरी ना.प्र.प.नं (जारी मिति/स्थान): ३०७३ (२०५२।१०।१८/बाग्लुङ) बाजेको नाम: अमर बहादुर बाबुको नाम: नर बहादुर उचै ठकुरी ठेगाना: बाग्लुङ जिल्ला, पैयुँथन्थाप गा.वि.स. वडा नं. ९। ४. नन्दी केशर पाध्या ना.प्र.प.नं (जारी मिति/स्थान): ३७४७६९/१०४६ (२०४३।१२।०८/बाग्लुङ) बाजेको नाम: धनपति पाध्या बाबुको नाम: काशीराम पाध्या ठेगाना: बाग्लुङ जिल्ला, पैयु गा.वि.स. वडा नं. ५।	अमर बहादुर उचै ठकुरी को नाती, रन बहादुर उचै ठकुरी को छोरा, बाग्लुङ जिल्ला, पैयुँथन्थाप गा.वि.स. वडा नं. ९ बस्ने **भरत बहादुर उचै ठकुरीको** नाममा मालपोत कार्यालय बाग्लुङको लगतमा दर्ता श्रेष्ठा कायम रहेको बाग्लुङ जिल्ला, पैयुँथन्थाप गा.वि.स. वडा नं. ९ स्थीत कि.नं. ११७, ११४, १००, ९९, ३६६, १२८, ११९, १०३ र ११३ को क्षेत्रफल क्रमशः ०-५-१-२, १-३-२-२, १-१०-३-०, २-५-१-०, १-७-१-०, ०-४-३-०, ०-७-१-०, १-०-०-१ र १-३-०-२ को जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।
३.	आवास कर्जा र कञ्चन सजिलो कर्जा टर्म	**ऋणीको नाम: जगत ब. लोहार** ना.प्र.प.नं (जारी मिति/स्थान): ७५२००९/२१४ (२०६४/१२/०६/कञ्चनपुर) बाजेको नाम: जहरे लोहार बाबुको नाम: मोति लोहार ठेगाना: कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुर्नबास न.पा. वडा नं. ३। **व्यक्तिगत जमानतकर्ताहरू:** १. गौमती लोहार ना.प्र.प.नं (जारी मिति/स्थान): ७५२००९/९७७ (२०६७/०९/१९/कञ्चनपुर) बाबुको नाम: खड्क ब. सुनार ससुराको नाम: मोति लोहार पतिको नाम: जगत बहादुर लोहार ठेगाना: कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुर्नबास न.पा. वडा नं. ८। २. करन लोहार ना.प्र.प.न '(जारी मिति/स्थान): ७५२००९/६६३ (२०६७/१२/०४/कञ्चनपुर) बाजेको नाम: मोति लोहार बाबुको नाम: जगत बहादुर लोहार ठेगाना: कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुर्नबास न.पा. वडा नं. ८।	जहरे लोहार को नाति, मोति लोहार को छोरा, कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुर्नबास न.पा. वडा नं. ३ बस्ने **जगत बहादुर लोहार को** नाममा मालपोत कार्यालय बेलौरी कञ्चनपुर को लगतमा दर्ता श्रेष्ठा कायम रहेको कञ्चनपुर जिल्ला, परासनन गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.न. ६५३ को क्षेत्रफल ११४१.६६ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
४.	आवधिक कर्जा र ओभरड्राफ्ट कर्जा	**ऋणीको नाम: प्रविन नास्ता पसल** (प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग बाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मा दर्ता रहेको) दर्ता नं.: २७१/४७७३/०७५/०७६ दर्ता मिति : २०७५/०९/०१ स्थायी लेखा नं.: ६०३४१२७९६ ठेगाना: कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ५। **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:** **गगन बहादुर बोहरा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६/०४४ (२०५८/०५/३१/कञ्चनपुर) बाजेको नाम: हर्क बहादुर बोहरा बाबुको नाम: दल बहादुर बोहरा ठेगाना: कञ्चनपुर जिल्ला, त्रिभुबनबस्ती गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ५। **व्यक्तिगत जमानतकर्ताहरू:** १. इन्द्रा बोहरा ना.प्र.प.न '(जारीमिति/स्थान): ७५२०२०/१४०० (२०६८/०२/१२/कञ्चनपुर) बाबुको नाम: कालु सिंह महता ससुराको नाम: दल बहादुर बोहरा पतिको नाम: गगन बहादुर बोहरा ठेगाना: कञ्चनपुर जिल्ला,त्रिभुबनबस्ती गा.वि.स.वडा नं.८ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा.वडा नं. ५। २. कौशिला बोहरा ना.प्र.प.नं (जारी मिति/स्थान): ७७८/०६०/०६१ (२०६०/१२/०५/कञ्चनपुर) बाबुको नाम: कालु सिंह महता ससुराको नाम: दल बहादुर बोहरा पतिको नाम: गगन बहादुर बोहरा ठेगाना: कञ्चनपुर जिल्ला, त्रिभुबनबस्ती गा.वि.स. वडा नं. ८।	हर्क बहादुर बोहरा को नाति, दल बहादुर बोहरा को छोरा, कञ्चनपुर जिल्ला, त्रिभुबनबस्ती गा.वि.स.वडा नं. ८ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ५ बस्ने **गगन बहादुर बोहराको** नाममा मालपोत कार्यालय बेलैरी, कञ्चनपुर को लगतमा दर्ता श्रेष्ठा कायम रहेको कञ्चनपुर जिल्ला, त्रिभुबनबस्ती गा.वि.स. वडा नं. ८ स्थित कि.न. १४९० को क्षेत्रफल २१०८.३४ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
५.	आवधिक कर्जा	**ऋणीको नाम: दुर्गा श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): ४४३०१७/८० (२०६३/११/१९/गोरखा) बाबुको नाम: जित बहादुर कार्की ससुराको नाम: राम बहादुर श्रेष्ठ पतिको नाम: हिरा प्रसाद श्रेष्ठ ठेगाना: गोरखा जिल्ला, मनकामना गा.वि.स. वडा नं. १ परिवर्तित गोरखा जिल्ला शहिदलखन गा.पा/न.पा वडा नं २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. १। **व्यक्तिगत जमानतकर्ता** **हिरा प्रसाद श्रेष्ठ** ना.प्र.प.नं (जारी मिति/स्थान): २५७३/४६३७८ (२०५२/०३/०७/गोरखा) बाजेको नाम: बाबुराम श्रेष्ठ बाबुको नाम: राम बहादुर श्रेष्ठ ठेगाना: गोरखा जिल्ला, मनकामना गा.वि.स. वडा नं. १ परिवर्तित गोरखा जिल्ला शहिदलखन गा.पा/न.पा वडा नं २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. १।	बाबुराम श्रेष्ठ को नाति, राम बहादुर श्रेष्ठ को छोरा, गोरखा जिल्ला, मनकामना गा.वि.स. वडा नं. १ परिवर्तित गोरखा जिल्ला शहिदलखन गा.पा/न.पा वडा नं २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. १ बस्ने **हिरा प्रसाद श्रेष्ठको** नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेष्ठा कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स/न.पा. वडा नं. ५/५ ग स्थित कि.न. १००३ को क्षेत्रफल ०-०-७-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

सहिद स्मारक जनस्वास्थ्य सहकारी संस्था (लिमिटेड) कलंकी १४, काठमाडौं

सोह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

प्रकाशित मिति २०७९।१२।०५

यस संस्थाको संचालक समितिको मिति २०७९।१२।०३ मा बसेको बैठकको निर्णय अनुसार संस्थाको सोह्रौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितीको लागि यो सूचना प्रकाशित गरीएको छ।

१. सभा हुने मिति, समय र स्थान

मिति :- **२०७९/१२/२६ गते** आइतबार
समय :- बिहान १० बजे
स्थान :- कालिमाटी ब्याडक्वेट, कालिमाटी, काठमाडौं।

२. छलफलका विषयहरु

१) संस्थाका अध्यक्षको वार्षिक प्रतिवेदन पारित गर्ने।
२) कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने।
३) लेखा समितिको प्रतिवेदन पारित गर्ने।
४) लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने।
५) यस संस्थाद्वारा संचालित सहिद मेमोरियल अस्पतालको प्रगति विवरण।
६) आ.व. २०७९।०८० का लागि लेखा परिक्षक नियुक्ति गर्ने।
७) विविध

साधारण सभा सम्बन्धि थप जानकारीको लागि संस्थाको कार्यालय कलंकीमा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध गरिन्छ।

सहिद स्मारक जनस्वास्थ्य सहकारी संस्था (लिमिटेड)
कलंकी १४, काठमाडौं
फोन नं. ९८६१४७५१७९, ०१-५२१८९२१, ५२१९३१५

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Project Implementation Unit, Kaski

Invitation for Bids

Date of Publication: 2079/12/05 BS

1. The Department of Urban Development and Building Construction, Federal Project Implementation Unit, Kaski (DUDBC, FPIU, Kaski) invites electronic bids from Nepalese eligible bidders for the various works.

S. N	Contract No/ Bid No	Description of Works	Bid Security (NRs)	Bid Price (NRs)	Eligibility Criteria (NRs)	Major Key Activities	Remarks
1	FPIU/KASKI/NCB/ WORKS/079/80/84	Upgrading of Road Work for Satrasaya-Duradanda-Archlyani-Turlungkot-Purankot-Bakherejagat at Sundarbazar Municipality, Lamjung.	10,35,000.00	5,000.00	Annual Turnover: 45800000 Similar Nature: 12200000 Line of Credit: 10200000	Plumb Concrete: 486 cum/yr Pre-mixed Carpet: 212 cum/yr	Single Stage, Two Envelope Bidding Procedure
2	FPIU/KASKI/NCB/ WORKS/079/80/85	Construction of Annex Building at DUDBC-Federal Project Implementation Unit(FPIU), Kaski.	17,74,000.00	5,000.00	Annual Turnover: 52354000 Similar Nature: 31400000 Line of Credit: 11700000	PCC for RCC: 333 cum/yr Brick Masonry: 214 cum/yr	Single Stage, Two Envelope Bidding Procedure

2. Pre bid meeting date: 2079/12/24 at 13:00 Hrs.
3. Bid Submission date: 2080/01/05 till 12:00 Hrs, Bid Opening Date: 2080/01/05 at 13:00 Hrs.
4. For all other details, please refer to the complete set of bidding documents at Federal Project Implementation Unit, Kaski, Telephone: +977-061-453058, mobile no.: 9851331167 and email address: - dudbckaski2076@gmail.com or through website www.bolpatra.gov.np/egp

Project Manager

त्रिविका ४८ आंगिक क्याम्पससहित सम्बन्धनप्राप्त क्याम्पसमा आज स्ववियु चुनाव

त्रिविसँगै नेपाल संस्कृत, मध्यपश्चिम, सुदूरपश्चिम विश्वविद्यालयका क्याम्पसमा पनि चुनाव हुँदै

नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयका आंगिक र सम्बन्धनप्राप्त क्याम्पसमा आइतबार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुँदै छ। शनिबार साँझसम्मको विवरणअनुसार आइतबार ४८ आंगिक र ठूलो संख्यामा सम्बन्धनप्राप्त क्याम्पसमा स्ववियु चुनाव हुँदै छ।

निर्वाचनका लागि बिहान ८ देखि ४ बजेसम्म मतदानको समय तोकिएको छ। त्रिविसँगै नेपाल संस्कृत, मध्यपश्चिम, सुदूरपश्चिम विश्वविद्यालयका क्याम्पसमा समेत स्ववियु चुनाव हुँदै छ। विभिन्न विद्यार्थी संगठनबीच प्रतिस्पर्धा छ। त्रिवि स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिव प्रा. पशुपति अधिकारी ४८ आंगिक क्याम्पसमा स्ववियु निर्वाचनका लागि तयारी भएको बताए। उनका अनुसार उपत्यकामा पाँच र बाहिर सात क्याम्पसमा भने आइतबार निर्वाचन हुन नसक्ने अवस्था आएको छ। चुनावको तयारी नभएका अधिकांश क्याम्पसमा भर्नासँग सम्बन्धित विषयमा विवाद छ। सदस्यसचिव अधिकारीका अनुसार उपत्यकामा त्रिचन्द्र बहुमुखी, रत्नराज्य, पाटन संयुक्त, आयुर्वेद र नेपाल कमर्स क्याम्पसमा चुनाव हुन नसक्ने अवस्था छ।

उपत्यकाबाहिर वीरगन्जको ठाकुरराम बहुमुखी, चितवनको वीरेन्द्र, पोखराका पृथ्वीनारायण, इन्जिनियरिङ तथा नर्सिङ क्याम्पसमा निर्वाचन नहुने अवस्था छ। पोखराको वन क्याम्पसमा समेत चुनावको सुनिश्चित भएको थिएन। त्यसैगरी, बाग्लुङको धवलागिरि बहुमुखी क्याम्पसमा पनि निर्वाचन स्थगित भएको छ। पोखराको पृथ्वीनारायण र पोखरा नर्सिङ क्याम्पसमा अदालतको आदेशका कारण चुनावी प्रक्रिया रोकिएका हुन्। त्रिवि स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिव अधिकारीले आइतबार निर्वाचन हुन नसकेका क्याम्पसमा केही दिनमा प्रक्रिया पुऱ्याएर निर्वाचन हुनेछ। त्रिविका दुई आंगिक क्याम्पस गोरखा र धनकुटा क्याम्पसमा निर्विरोध स्ववियुको नेतृत्व चयन भइसकेको छ।

त्रिविमा पछिल्लोपटक ०६५ मा प्रायः सबै आंगिक र सम्बन्धनप्राप्त क्याम्पसमा स्ववियु चुनाव भएको थियो। ०७३ मा केही क्याम्पसमा चुनाव भए पनि ती क्याम्पसमा तेम्रोपटक चुनाव हुनुपर्ने समय गुज्रिसक्दासमेत स्ववियु हुन सकेको थिएन।

त्रिभुवन विश्वविद्यालय विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका अनुसार ०७३ मा उपत्यकाभित्रका नौवटा आंगिक क्याम्पसमा मात्र स्ववियु चुनाव सम्पन्न भएको थियो। त्यतिबेला उपत्यकाका १३ र उपत्यकाबाहिरका २३ आंगिक क्याम्पसमा स्ववियु चुनाव हुन सकेन।

आचारसंहिता पालना गरेर निर्वाचन गर्न अपिल

त्रिभुवन विश्वविद्यालयले आचारसंहिता पालना गरी स्ववियु चिर्वाचन गराउन सम्बन्धित पक्षलाई अपिल गरेको छ। त्रिवि स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिव अधिकारीले स्ववियु विद्यार्थीको चौतर्फी विकास गर्ने क्याम्पसभित्रको पवित्र संस्था भएकाले सफलतापूर्वक सम्पन्न गर्न अपिल गरेका छन्।

स्ववियु निर्वाचन मिश्रित प्रणालीमा

१९ फागुनबाट चुनावी प्रक्रिया सुरु भएको स्ववियु निर्वाचनमा त्रिविले मिश्रित निर्वाचन प्रणाली अपनाएको छ। स्ववियु कार्यसमितिको पदावधि दुई वर्षको हुनेछ। तर, कुनै कारणले निर्धारित मितिमा निर्वाचन हुन नसके ६-६ महिनामा त्रिवि कार्यकारी परिषद्ले समय थप गर्न सक्नेछ। कार्यसमितिको संख्या विद्यार्थीको संख्याको अनुपातमा फरक छ। दुई सय जनासम्म विद्यार्थी हुने क्याम्पसमा ११ सदस्यीय, दुई सय एकदेखि हजारसम्म विद्यार्थी हुँदा १५ सदस्यीय, एक हजार एकदेखि तीन हजारसम्म विद्यार्थी हुँदा १९ सदस्यीय र तीन हजारभन्दा माथि विद्यार्थी भएको क्याम्पसमा २१ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ।



म्यानपावरको ठगीले मलेसियामा अलपत्र परेका नेपाली श्रमिक

अलपत्र...

पृष्ठ १ बाट क्रमशः

कुराकानीमा म्यानपावर कम्पनीले अलपत्र श्रमिक फर्काउन तयार रहेको जनाएका छन्। 'यस विषयका अन्य प्रक्रियाबारे आइतबारको बैठकमा थप छलफल गरी टुंगोमा पुगिनेछ। आशा गर्दौं, तत्काल नै हामी श्रमिकहरूको समस्या समाधान गर्दै उनीहरूलाई न्यायको अनुभूति दिलाउन सफल हुनेछौं,' भट्टले फेसबुकमार्फत जानकारी दिएका छन्।

अलपत्र श्रमिकको तत्काल उद्धार गर्न सरकारलाई मधेसी आयोगको ध्यानाकर्षण

मधेसी आयोगले मलेसियामा अलपत्र नेपाली श्रीमकको तत्काल उद्धार गर्न सरकारसँग आग्रह गरेको छ। आयोग अध्यक्ष डा. विजयकुमार दत्तले समाचार पढेर घटनाबारे थाहा पाएपछि उद्धारका लागि सरकारको ध्यानाकर्षण गराएको बताए। 'मलेसियामा अलपत्र नेपाली श्रमिकको उद्धार गर्न हामीले सरकारको ध्यानाकर्षण गराइसकेका छौं। समाचार पढेर थाहा पाएपछि उनीहरूको तत्काल उद्धार गर्न टेलिफोनमार्फत आग्रह गरेको हुँ,' अध्यक्ष दत्तले भने, 'औपचारिक विज्ञप्ति आइतबार जारी गर्छौं।'

मलेसियाको कम्पनीले अलपत्र श्रमिकलाई बोलायो छलफलमा

मलेसियाको सम्बन्धित कम्पनी एडिकेले पनि अलपत्र कामदारलाई छलफलमा बोलाएको छ। कम्पनीका कर्मचारीले फोन गरेर छलफलमा बोलाएको अलपत्र श्रमिक सप्तरी राजगढ गाउँपालिका- ३ का उमेश मण्डलले जानकारी दिए।

एडिके कम्पनीले मासिक एक लाख तलब दिने गरी विमानस्थलको कार्गोमा काम लगाइदिने भन्दै काठमाडौंको भण्डारी ओभरसिजले प्रतिव्यक्ति चार लाख उठाएर मण्डलसहित ५६ युवालाई पठाएको थियो। तर, काम दिनु त परको कुरा, गएको एक हप्तामै खान-बस्न नदिई कम्पनीबाट निकालिदिएपछि उनीहरू अलपत्र छन्। अहिले भण्डारी ओभर्सिजका प्रबन्ध निर्देशक माधव भण्डारी पनि मलेसियामै छन्। समाचार आएपछि भण्डारीकै सक्रियतामा कम्पनीले छलफलमा बोलाएको हुन सक्ने मण्डलले बताए।

'एडिके कम्पनीको कर्मचारीले फोन गरेर भोलि (आइतबार) बिहान ११ बजे छलफलमा बोलाएको छ। सबै ५६ जनालाई फोन गरेर बोलाएको हो,' उनले भने, 'उक्त छलफलमा भण्डारी ओभरसिजका प्रबन्ध निर्देशक माधव भण्डारी र मेलेसियास्थित नेपाली दूतावासको प्रतिनिधि पनि रहने जानकारी पाएको छु।'

नागरिकलाई...

पृष्ठ १ बाट क्रमशः

अपनाए। राष्ट्रपतिको शनिबारको सवारीका कारण आमसर्वसाधारणले सास्ती खेप्नुपरेन। भ्रमणमा सुरक्षाकर्मीले कारकेड प्रयोग गरेन। नयाँ राष्ट्रपति चुनिएसँगै कुमारीको दर्शन गर्ने परम्परा छ। राष्ट्रपति पौडेले अपराह्न ४ बजे कुमारी घर पुगेर जीवित कुमारी देवीको दर्शन गरे। विगतमा राष्ट्रपति कतै निस्किँदा सडक खाली गर्ने शैलीको जनस्तरबाट व्यापक आलोचना हुने गरेको थियो। भिभिआइपी सवारीमा सर्वसाधारणलाई सास्ती दिन नहुने भन्दै राष्ट्रपति नहुँदै पनि पौडेलले अभिव्यक्ति दिएका थिए।

विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ अनुसार यस्ता भ्रमणमा राष्ट्रपति सवार सवारीसाधनको अघि र पछि दुवैतर्फ गाडी र मोटरसाइकलको लस्कर हुन्छ। भ्रमण अवधिभर सडकको दुवै किनारमा सुरक्षाकर्मी तैनाथ गरिन्छ। राष्ट्रपति सवार हुने रुटमा चल्ने सवारीसाधन खाली गरिन्छ। पैदलयात्रीलाई पनि सवारी अवधिभर सडकमा हिँडडुल गर्न दिइँदैन। तर, राष्ट्रपति पौडलको सवारीमा न सडक खाली गरियो, न त मोटरसाइकलको लस्कर नै लगाइयो।

गृह मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले राष्ट्रपति पौडेलको आदेशअनुसार नै शनिबारको सवारीमा कारकेड हटाइएको बताए। उनले भने, 'विशिष्ट व्यक्ति सुरक्षा व्यवस्थापन कार्यविधि परिवर्तनको चरणमा छ। यसमा केही नयाँ व्यवस्था थपिएका छन्। तर, यो कार्यान्वयनमा आइसकेको छैन। शनिवार राष्ट्रपतिको सवारीमा केही फरकपन देख्न पाइयो। उहाँकै आदेशअनुसार त्यस्तो गरिएको हो। परिमार्जन गर्न लागिएको कार्यविधि पनि करिबकरिब त्यस्तै किसिमको छ।'

विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ ले भिभिआइपी सवारीलाई पाँच ढंगले व्याख्या गरेको छ। पहिलो राजकीय सवारी हो। विशेष गरी, विदेशी राष्ट्राध्यक्ष भ्रमणमा आउँदा यस्तो सवारी चलाइन्छ। त्यस्तै, राष्ट्रपति राजकीय भ्रमणमा विदेश जाँदा पनि यस्तो सवारी चलाइन्छ। यस्तो सवारी चलाउँदा सडक पूर्ण रूपमा खाली गरिन्छ। सडकका दुवै किनारमा सुरक्षाकर्मी तैनाथ गरिन्छ। कारकेडमा पनि गाडी र मोटर साइकलको लावालस्कर नै लाग्ने हुन्छ।

अर्को हो, औपचारिक सवारी। यस्तो सवारीमा पनि भिभिआइपी सवार सवारीसाधनको अघि र पछि गाडी र मोटरसाइकलको बाक्लो कारकेड हुन्छ। रुटमा पर्ने सडकको लेन खाली गरिन्छ। सडकमा सुरक्षाकर्मी खटाइन्छ। सर्वसाधारणलाई सडकमा आउजाउ गर्न रोक लगाइन्छ। भिभिआइपीको अनौपचारिक र निजी सवारी पनि हुन्छन्। यस्तो सवारीमा भने अत्यावश्यकबाहेक कारकेड सुरक्षाकर्मी परिचालन गरिँदैन।

त्यसबाहेक कार्यालयीय सवारी भिभिआइपीको अर्को महत्त्वपूर्ण सवारी हो। यस्तो सावरीमा भिभिआइपी सवार सावरीसाधनको अघि र पछि कारकेडमा गाडी हुन्छ। तर, मोटरसाकइल हुँदैन। सडक पनि खाली गरिँदैन। न, सर्वसाधारणको आउजाउमा नै रोक लगाइन्छ। विशेषगरी प्रधानमन्त्रीको कार्यालयीय भ्रमणमा यस्तो सवारी चलाइन्छ। शनिबार राष्ट्रपति पौडेलको सवारीमा यही सवारी सञ्चालन गरिएको हो।

गृहप्रवक्ता बस्नेतले भने, 'विशिष्ट व्यक्तिको सवारीका लागि पाँच किसिमको सवारी सञ्चालनको परिकल्पना कार्यविधिले गरेको छ। सोहीमध्येको एउटा हो कार्यालयीय सवारी। शनिबार राष्ट्रपति पौडेलका लागि सोही सवारी सञ्चालन गरिएको हो। यस्तो सवारी विशेष गरी प्रधानमन्त्रीका लागि प्रयोग हुने गर्छ। अब राष्ट्रपतिका लागि पनि यस्तै सवारीको व्यवस्था कार्यविधिमा गरिएको छ।' विशिष्ट व्यक्ति सुरक्षा कार्यविधि परिमार्जनको चरणमा रहेको उनले बताए।

परम्पराबमोजिम राष्ट्रपति पौडेलले कुमारी घरमा पुगेर कुमारीको दर्शन गरेको इन्द्रजात्रा व्यवस्थापन समितिका संयोजक गौतम शाक्यले बताए। उनका अनुसार कुमारीको दर्शनपछि राष्ट्रपतिले देशमा शान्ति र अमनचयनको कामना गर्दै कुमारीको बाहुलीबाट टीका र प्रसाद ग्रहण गरेका थिए। उनले कुमारी घरको अवलोकनसमेत गरे। पौडेलले जीवित कुमारी राख्ने परम्परा को संरक्षण गर्नुपर्ने र यस्ता परम्परा जोगाउनुपर्ने बताए। 'हामीले कुमारीको संरक्षण गर्नुपर्छ, यस्ता परम्परालाई जोगाइराख्नुपर्छ, यस्ता परम्परा देशका अमूल्य सम्पत्ति हुन्,' राष्ट्रपति पौडेलले भने। करिब २० मिटेनपछि उनी त्यहाँबाट फर्किएको राष्ट्रपति सचिवालयले जनाएको छ।

कुमारीको तलब ५१ हजार

हाल कुमारीको तलब ५३ हजार पाँच सय छ। त्यसमध्ये काठमाडौं महानगरले ५० हजार र नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तीन हजार पाँच सय रुपैयाँ दिने गरेको छ। कुमारीको पठनपाठनका लागि छुट्टै शिक्षकको व्यवस्था गरिएको छ। काठमाडौंमा शाक्य समुदायबाट कुमारी बस्न पाउने परम्परा छ। शाक्य समुदायलाई भगवान् बुद्धको वंशका रूपमा पनि लिने गरिन्छ।

टिआरसी...

पृष्ठ १ बाट क्रमशः

प्रस्तुत हुने निर्णय भएको छ,' उनले नयाँ पत्रिकासँग भने, 'पहिला नै गठबन्धनभित्र सरकारलाई विश्वासको मत दिएपछि मन्त्रिपरिषद् विस्तारको विषयमा प्रवेश गर्ने सहमति बनेको हो। त्यसैअनुसार गठबन्धनको सम्पूर्ण ध्यान सरकारलाई विश्वासको मत दिलाउनेमा केन्द्रित हुनेछ।' उनले शनिबारको बैठकमा सरकार विस्तारको विषयमा छलफल नभएको दाबी गरे।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (टिआरसी), २०७१ लाई संशोधन गर्न सरकारले २५ फागुनमा प्रतिनिधिसभामा विधेयक दर्ता गरेको थियो। ५ चैतमा बस्ने प्रतिनिधिसभा बैठकमा पेस गर्ने गरी आयोग (तेस्रो संशोधन) ऐन, २०७९ मन्त्रिपरिषद्बाट पारित गरेर संसद् सचिवालयमा दर्ता भएको थियो। सरकारले आइतबार नै संवैधानिक परिषद्सम्बन्धी विधेयक पनि संसद्मा पेस गर्ने तयारी गरेको छ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक आइतबार पेस हुने कार्यसूची तय भएको छ। कार्यसूचीबारे शनिबार सभामुख देवराज घिमिरेले सिंहदबारस्थित संसद् सचिवालयमा संसदीय दलका प्रमुख सचेतक र सचेतकसँग छलफल गरेका थिए।

काग्रेस प्रमुख सचेतक रमेश लेखकले विधेयकका विषयमा दलहरूबीच मतान्तर नरहेको बताए। विधेयक राष्ट्रिय विषय भएकाले यसलाई रोक्न नहुने उनको भनाइ थियो। 'विधेयक राजनीतिक दलविशेष होइन। राष्ट्रिय विषय हो। राजनीतिक दलका विषयमा मतान्तर छैन। कुनै विषयमा के गर्ने भन्ने छलफल गर्न सकिन्छ,' उनले भने।

एमाले प्रमुख सचेतक पदम गिरीले विधेयक संसद्मा प्रस्तुत हुनुपर्ने र हतारमा विधेयक पास गर्न नहुने बताए। 'विधेयक व्यापक रूपमा समितिमा छलफल गरेर टुंगो लगाउनुपर्छ। हतारमा पारित गरिनुहुँदैन। यसमा अन्तर्राष्ट्रिय समुदाय र मानव अधिकार आयोगको पनि ध्यानाकर्षण भएको छ, विशेष रूपमा गम्भीर हुनुपर्छ,' उनले भने।

अर्कोतर्फ सोमबार विश्वासको मतका लिनका लागि कार्यसूची व्यवस्थापन गर्न अनुरोध गर्दै प्रधानमन्त्री प्रचण्डले बिहीबार संसद् सचिवालयमा पत्र पठाएका थिए। प्रधानमन्त्रीबाट विश्वासको मतका लागि पत्र आएपछि सोहीअनुसारको कार्यसूचीको तयारी संसद् सचिवालयले गरिरहेको छ।

संविधानको धारा १०० (२) मा ७६ (२) बमोजिमको मिलिजुली सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने व्यवस्था छ। विश्वासको मत सिद्ध गर्न बहुमत अर्थात् एक सय ३८ सांसद आवश्यक पर्छ।

१० पुसमा एमाले, माओवादी, रास्वपा, राप्रपा, जनमत, जसपा, नागरिक उन्मुक्ति र तीनजना स्वतन्त्र गरी एक सय ६९ सांसदको समर्थनमा माओवादी अध्यक्ष प्रचण्डको नेतृत्वमा बनेको सरकारबाट १३ फागुनमा राप्रपा र १५ फागुनमा एमालेले समर्थन फिर्ता लिएको थियो। राष्ट्रपति चुनावलाई लिएर १२ फागुनमा काग्रेससहित आठदलीय सत्तागठबन्धन बनेपछि समीकरण फेरिँदा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिन लागेका हुन्।

१० पुसमा एक सय ६९ सांसदको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले २६ पुसमा संसद्मा बहुमत परीक्षण गर्दा काग्रेस, एकीकृत समाजवादी, लोसपा र थप एक स्वतन्त्र गरी दुई सय ६८ सांसदबाट विश्वासको मत पाएका थिए। कुल दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा ९८.१८ प्रतिशत मत प्राप्त गरेका प्रचण्डले खसेको मत संख्याका आधारमा ९९.२६ प्रतिशत विश्वास आर्जन गरेका थिए।

प्रचण्डलाई काग्रेसका ८५, एमालेका ७९, माओवादीका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १३, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमत पार्टीका ६, लोसपा र नागरिक उन्मुक्तिका चार-चार र तीनजना स्वतन्त्र सांसदले विश्वासको मत दिएका थिए।

राष्ट्रपति चुनावलाई लिएर १३ फागुनमा काग्रेससहित आठदलीय सत्तागठबन्धन बनेपछि सुरुवाती समीकरण फेरिएको छ। उपराष्ट्रपति निर्वाचनसमम आइपुग्दा सरकारमा सहभागी एमाले, राप्रपा र राष्ट्रिय स्वतन्त्र सरकारबाट बाहिरिएका छन्।

सरकारबाट बाहिरिएको राप्रपा राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन प्रक्रियामा सहभागी भएन। राष्ट्रिय स्वतन्त्र पार्टीले राष्ट्रपतिमा रामचन्द्र पौडेललाई मत दिएको थियो। तर, उपराष्ट्रपति निर्वाचनमा आँउदा जनमत पार्टीबाट उम्मेदवार बनेकी ममता झालाई मत दिने निर्णय गऱ्यो। एमालेले दुवै निर्वाचनमा उम्मेदवार खडा गरेर पराजय व्यहोऱ्यो।

काग्रेससहित सरकारबाहिर रहेका दल सरकारमा सहभागी हुने तयारीमा छन्। तीन पार्टी सरकारबाट बाहिरिएपछि १६ मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री प्रचण्डले सम्हाल्दै आएका छन्। खाली रहेका मन्त्रालयको बाँडफाँट टुंगो लगाएर सरकारमा सहभागी हुने गठबन्धन दलको तयारी छ। प्रधानमन्त्री प्रचण्डले १० चैतसम्म सरकार विस्तार हुने बताएका छन्। 'विश्वासको मतपछि सरकारलाई पूर्णता दिइनेछ। विश्वासको मत ६ गते लिने भनिएको छ। त्यसको चार दिनभित्रमा सरकारलाई पूर्णता दिइनेछ,' उनले शुक्रबार भनेका थिए।

काग्रेस कार्यसम्पादन र संसदीय दलको बैठक आज

काग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक आज बस्ने भएको छ। सोमबार सरकारलाई विश्वासको मत लिने तयारीलगायत समसामयिक विषयमा छलफलका लागि बैठक बस्न लागेको हो। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार बैठक बिहान साढे १० बजे बानेश्वरस्थित संघीय संसद् भवनको शंकर हलमा बस्ने मुख्यसचिव पौडेलले बताए।

त्यस्तै, १२ बजे संसदीय दलको बैठक संसद् भवनको ल्होत्से हलमा बोलाइएको छ। बैठकबाट काग्रेसको संसद्मा आफ्नो प्रतिपक्षी भूमिकाका विषयमा निर्णय गर्ने बताइएको छ।

Birendranagar Municipality
Office Of The Municipal Executive
Birendranagar-Surkhet
Karnali Province-Nepal

Invitation Of Electronic Bids

Date Of First Publication: 2079/12/05 (2023-March-19)

1. The Birendranagar Municipality Surkhet Invites Following Electronic Bids From The Eligible National Bidders Under National Competitive Bidding/Sealed Quotation.
2. The Detail Of The Project Is As Following:

IFB No	Name of Project	Cost Estimate (without vat and ps)	Bid Security (Nrs)	Last date of submission
SQ/BM/WORKS/079-080/18/re	wada gaurab yojana kalika mandir top bahadur bhandariko ghar dekhi purba uttar pani tanki hudai padam bahadur ghartiko ghar dekhi samsara ghar samma naalaa kalopatre nirman	1693945.79	50000	april-2-2023 13 hr
SQ/BM/WORKS/079-080/19/re	dipnagar toldekhi ghusra jane bato mukhye sadak starunnati	1265102.68	37000	april-2-2023 13 hr
SQ/BM/WORKS/079-080/20	Chuke aaap dekhi mohan gurung ko ghar jodne sadak nirman	1688933.339	50000	april-2-2023 13 hr
SQ/BM/WORKS/079-080/21	Simal chowk dekhi uttar pani tanki samma naalaa nirman	1688907.013	50000	april-2-2023 13 hr
SQ/BM/WORKS/079-080/22	Kankrebihar tol kuntidanda najik kunti khola maa tatbanda nirman	1268055.606	38000	april-2-2023 13 hr
SQ/BM/WORKS/079-080/23	Wada no 14 krishi sadak nirman	1693028.058	50000	april-2-2023 13 hr
SQ/BM/WORKS/079-080/24	birendranagar nagarpalika chhetra bhitra bibhinna bidhyalay haruma rang rogan garne kaam	1109785.806	33000	april-2-2023 13 hr
SQ/BM/WORKS/079-080/25	Ward 12 ward karyalay bhawan nirman	1672567.763	47000	april-2-2023 13 hr
NCB/BM/WORKS/079-080/20	simal chowk dekhi ratna rajmarg samma sadak nirman	2542257.514	76000	april-17-2023 13 hr
NCB/BM/WORKS/079-080/21	thulo tharu gaaun hudai samaj kalyan jaane baato kalopatre tathaa starunnati	2537220.382	76000	april-17-2023 13 hr
NCB/BM/WORKS/079-080/22	Blacktop and road maintenance work of ward no 5	2199387.007	65000	april-17-2023 13 hr
NCB/BM/WORKS/079-080/23	Blacktop work and drain work inside ward no 7	2537043.269	76000	april-17-2023 13 hr
NCB/BM/WORKS/079-080/24	Blacktop work and drain work inside ward no 8	4286746.18	128000	april-17-2023 13 hr
NCB/BM/WORKS/079-080/25	Tilpur dhekhe alaychaur dharampur jane sadak starunnati tatha katopatre	4230778.912	126000	april-17-2023 13 hr
NCB/BM/WORKS/079-080/26	Gothikada cheda hudai barahtal jodne sadak starunnati	2728908.369	81000	april-17-2023 13 hr
NCB/BM/WORKS/079-080/27	Surakxit aawaas tatha sip bikas bhawanko rang rogan garne tathaa compound wall nirman garne kaarye	3373142.153	96000	april-17-2023 13 hr

3. Eligible Bidder May Contact Office and Obtain Further Information From PPMO's Website: www.bolpatra.gov.np/egp

Chief Administrative Officer

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
आइतबार ५ चैत ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

पुलिसलाई पाँचौं खेलमा पहिलो अंक

लगातार चार खेलमा पराजित रहेको पुलिसले पाँचौं खेलमा एनआरटीसँग एक अंक खोस्यो, अर्को खेलमा आठपटकको च्याम्पियन मनाङ मर्स्याङ्दीको अपराजित यात्रा कायमै

नयाँ पत्रिका
काठमाडौं, ४ चैत

नेपाल पुलिस क्लबले सहिद स्मारक ए डिभिजन लिग ०७९/८० को पाँचौं खेलमा पहिलो अंक जोडेको छ। शनिबार भएको खेलमा विभागीय टोली पुलिसले न्युरोड टिम एनआरटीसँग १-१ गोलको बराबरी खेल्दै एक अंक जोडेको हो। पुलिस लिगको १४औं स्थानमा छ। १३औं स्थानमा रहेको एनआरटीको दुई अंक छ। जारी लिगको पाँचौं चरण समाप्त हुँदा पुलिस र एनआरटी जितविहीन छन्। यद्यपी, ०६३, ०६६/६७ र ०६८ मा लिग उपाधिमा ह्याट्रिक गरेको पुलिसले लगातारको हार शृंखला भने तोडेको छ।

बराबरीपछि पुलिसका प्रशिक्षक चेतकुमार घिमिरे खुसी देखिए। 'पाँच खेलमा आएर पहिलो अंक हासिल गरेका छौं। यसले आगामी खेललाई मनोबल उच्च बन्नेछ,' घिमिरेले भने। उनले लिगमा शीर्ष आठ लक्ष्य रहेकाले पुनरागमन गर्ने प्रतिक्रिया दिए। 'हाम्रो लक्ष्य नै शीर्ष आठमा रहने हो। लिगका धेरै खेल बाँकी छन्। हामी पुनरागमन गर्छौं,' घिमिरेले आगामी रणनीति बताए। एनआरटीका प्रशिक्षक राजुकाजी शाक्य खेलाडीको प्रदर्शनबाट सन्तुष्ट रहेनन्। 'खै के भन्ने, तीन अंक ल्याउन आएको। खेलाडीबीच तालमेल नै भएन,' उनले भने। 'खेलाडीलाई दोष के दिने। विदेशीले समेत राम्रो खेल्न सकेनन्। सोचेको जस्तो प्रदर्शन गर्न सकेको छैन,' शाक्यले भने।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। दोस्रो हाफमा दुवै टोलीले समान एक-एक गोल गरे। खेलको ६४औं मिनेटमा वैकल्पिक खेलाडी सञ्जीव विष्टले एनआरटीलाई अग्रता दिलाएका थिए। पुलिसका गोलकिपर सञ्जित श्रेष्ठले गरेको गल्तीको फाइदा उठाउँदै सञ्जीवले गोल गरेका थिए। जारी लिगमा पुलिसले अधिकांश गोल आफ्नै गल्तीमा बेहोर्दै आएको छ। 'हामीले जति गोल बेहोरेका छौं, आफ्नै गल्तीले भएको छ। हामीलाई विपक्षी टोलीले राम्रो गोल गरेको छैन,' पुलिसका प्रशिक्षक घिमिरेले भने। ७५औं मिनेटमा प्रताप गुरुङले पुलिसलाई बराबरीमा ल्याए। मैदानको करिब २० यार्डबाट पाएको फ्रिकिकलाई



बलका लागि प्रतिस्पर्धा गर्दै नेपाल पुलिस र न्युरोड टिम एनआरटीका खेलाडी। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

प्रतापले दोस्रो बारमा आकर्षक गोल गरे। यद्यपि, उनी अन्तिम समयमा चोट बोक्दै मैदानबाट बाहिरिए।

अनुभवी जुमानु र सुमन मैदानमा उत्रिएपछि...

खेलको अत्यतिर पुलिसले दुई अनुभवी खेलाडी जुमानु राई र सुमन सुवेदीलाई मैदान पठाएको थियो। पुलिसले एक गोल बेहोरेपछि राष्ट्रिय टोलीका पूर्वस्ट्राइकर जुमानुलाई मैदान पठायो भने डिफेन्डर सुमन सुवेदी इन्जुरी समयमा मैदान प्रवेश गरेका थिए। प्रशिक्षक घिमिरेले नयाँ खेलाडीबाट पार नलागेपछि अनुभवी खेलाडी मैदान पठाएको बताए। 'मैले अघिल्ला चार खेलमा युवा खेलाडीलाई प्रयोग गरेको थिएँ। तर, आजको खेल नै त्यस्तै भयो। अनुभवी खेलाडी नै आवश्यक पऱ्यो,' घिमिरेले भने। यसअघि, पुलिस पहिलो खेलमा चर्च ब्वाइज, दोस्रो खेलमा हिमालयन शेर्पा, तेस्रो खेलमा संकटा क्लब र चौथो खेलमा मच्छिन्द्र फुटबल क्लबसँग पराजित भएको थियो। जुमानु मैदान प्रवेश गरेसँगै पुलिसको अग्रपंक्ति बलियो बनेको थियो। 'दुवै खेलाडी फिट छन्।

मेरो रणनीति भनेकै अनुभवी खेलाडीलाई १० देखि २० मिनेट खेलाउनु हो। त्यसमा दुवै सफल भए। हामीले अंक पनि प्राप्त गऱ्यौं,' घिमिरेले भने। एनआरटीका प्रशिक्षक शाक्यले खेलपछि ठट्टा गर्दै आगामी खेलमा आफू पनि मैदान उत्रन पर्न सक्ने बताए। 'लगातार खेल्दा समस्या भएको छ। डबल राउन्ड रोबिनको लिगमा यति चाँडो खेल्दा खेलाडी घाइते छन्। आज पुलिसको अवस्था हेर्दा अर्को खेलमा म पनि मैदान उत्रन पर्न सक्छ,' ठट्यौली पारामा उनले भने।

आर्मीको दोस्रो जित

च्यासल मैदानमा भएको लिगको ३३औं खेलमा त्रिभुवन आर्मी फुटबल क्लबले फ्रेन्ड्स क्लबलाई २-१ ले हराउँदै दोस्रो जित निकालेको छ। जितसँगै उपाधि दाबेदार आर्मीले पाँच खेलबाट आठ अंक जोडेको छ। फ्रेन्ड्सको समान खेलबाट चार अंक छ। पहिलो हाफमा दुवै टोलीले एक-एक गोल गरेका थिए। आर्मीले दोस्रो हाफमा थप एक गोल गर्दै खेलमा पुनरागमन गरेको थियो। खेलमा सुरुआती अग्रता कुपन्डोलको फ्रेन्ड्स क्लबले बनायो।

छैटौं मिनेटमा विदेशी खेलाडी राफक अमिनुले गोल गरे। अमिनुले घानाका टोरिक जिब्रिनको पासलाई सदुपयोग गरेका थिए। २४औं मिनेटमा आर्मीका जलेस्पीजंग कार्कीले बराबरी गोल गरे। रक्षक दीपक गुरुङले मिलाएको क्रसमा जलेस्पीले हेड गोल गरेका थिए। इन्जुरी समयमा दीपकले आर्मीका लागि विजयी गोल गरे। रिबाउन्ड बललाई दीपकले बक्सभित्रबाट उत्कृष्ट गोल गरेका थिए। बाँकी समय दुवै टोलीले गोलका केही अवसर सिर्जना गरे पनि सदुपयोग गर्न सकेनन्।

मनाङको पुनरागमन जित

पाँचौं चरणको अन्तिम खेलमा मनाङले एपिएफ क्लबविरुद्ध पुनरागमन जित निकालेको छ। दशरथ रंगशालामा पहिलो हाफमा एक गोल बेहोरेको मनाङले दोस्रो हाफमा दुई गोल फर्कायो। अपराजित यात्रा पाँचौं खेलसम्म पुऱ्याएको मनाङले ११ अंक जोडेको छ। एपिएफको सात अंक छ। मनाङको जितमा कमल थापा र सेदजामोल दाभ्लातजोनोभले एक-एक गोल गरेका थिए।

एपिएफका विदेशी खेलाडी अर्मान्ड बिडोमले एक गोल गरे। ३३औं मिनेटमा अर्मान्डले एपिएफलाई अग्रता दिलाए। नवीन लामाको पासलाई अर्मान्डले सदुपयोग गरेका थिए। ५२औं मिनेटमा सुमित श्रेष्ठले मिलाएको पासलाई सदुपयोग गर्दै कमल थापाले बराबरी गोल गरे। उज्वेकिस्तानका मिडफिल्डर दाभ्लातजोनोभले ७२औं मिनेटमा बक्सबाहिरबाट आकर्षक विजयी गोल गरेका थिए।

खेल संक्षेप

आठ महिला फुटबलर सम्मानित

काठमाडौं/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीका आठ खेलाडीलाई चन्द्रपुर नगरपालिकाले सम्मान गरेको छ। शनिबार नगरपालिकाले राष्ट्रिय टोलीकी नियमित कप्तान रेनुका नगरकोटे, रश्मिकुमारी घिसिङ, समीक्षा घिमिरे, अनिता केसी, अञ्जना रानामगर, पुनम जर्घामगर, निशा थोकर र मञ्जलीकुमारी योञ्जनलाई नगद २५ हजारसहित सम्मान गरेको हो। नगरपालिकाले खेलाडीहरू नगरपालिकाको सान भएको भन्दै सम्मान गरेको हो।

गत भदौमा दशरथ रंगशालामा भएको साफ महिला च्याम्पियनसिपमा नेपाल उपविजेता भएको थियो। एन्जिला तुम्बाप्पो सुब्बाको कप्तानीमा नेपालले पहिलोपटक साफ च्याम्पियनसिप खेलेको थियो। सेमिफाइनलमा भारतलाई पराजित गरेको नेपाल फाइनलमा बंगलादेशसँग पराजित भएको थियो। रौतहटका सात खेलाडी टोलीमा सहभागी थिए। तत्कालीन समय रेणुका चोटका कारण टोलीबाहिर थिइन्।

साइकल दौडको उपाधि हिमाललाई

गोरखा/ तेस्रो लिगलिगे साइकल दौड प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबका हिमाल टमाटाले जितेका छन्। पालुङटारको ऐतिहासिक क्षेत्र लिगलिगकोटमा शनिबार भएको ५३ किलोमिटर दूरी दुई घन्टा २४ मिनेट २७ सेकेन्डमा पूरा गर्दै विजेता बनेका हिमालले जनही ७५ हजार जितेका छन्। काभ्रेका अच्युतकृष्ण खरेल दोस्रो तथा काठमाडौंका कुमार तामाङ तेस्रो भएका छन्। प्रतियोगितामा दुई विदेशीसहित ३९ खेलाडीको सहभागिता थियो।

मुकेश र राजपुरा प्रथम

काठमाडौं/ मुकेशबहादुर पाल र राजपुरा पछाईले तेस्रो मदन भण्डारी स्मृति पाँच किलोमिटर रोडरेसको उपाधि जितेका छन्। खुला पुरुषतर्फ नेपाल आर्मीका मुकेश र महिलामा नेपाल प्रहरीकी राजपुरा पहिलो भएका हुन्। रन क्लब नेपालद्वारा आयोजित दौडमा मुकेशले निर्धारित दूरी १५ मिनेट २२.९ सेकेन्डमा पूरा गरे। आर्मीका सञ्जय श्रेष्ठ दोस्रो तथा गजेन्द्र राई तेस्रो भए। राजपुराले शीर्ष स्थान हात पार्ने क्रममा १८ मिनेट १६.२ सेकेन्ड समय निकालिन्। दोस्रो प्रहरीकै राममाया बुढा र तेस्रो आर्मीकी पुरनलक्ष्मी न्यौपाने भइन्। पुरुष तथा महिलाका विजेताले समान २५ हजार, दोस्रो स्थानकाले १२ हजार र तेस्रो स्थान प्राप्त गर्नेले आठ हजार प्राप्त गरेका थिए।

धनकुटामा ब्याडमिन्टन हुने

धनकुटा/ कोसी प्रदेशस्तरीय दोस्रो धनकुटा कप ब्याडमिन्टन प्रतियोगिता चैत ८ देखि ११ गतेसम्म आयोजना हुने भएको छ। धनकुटा जिल्ला ब्याडमिन्टन संघको आयोजनामा प्रदेश खुला पुरुष/महिला एकल, युगल महिला/पुरुष, मिक्स डबल, खुला नेपाल भेट्रान्स इभेन्ट हुने जनाइएको छ। प्रतियोगितामा एक सय ८० टोलीको सहभागिता हुनेछ।

सुदूरपश्चिमको जित

बुटबल /तिलोत्तमा गोल्डकपको उद्घाटन खेलमा सुदूरपश्चिम-११ ले आयोजक रुपन्देही ११ लाई ३-१ ले पराजित गरेको छ। बुटवल-११ देवीनगरस्थित एन्फा टेक्निकल सेन्टरमा सुदूरपश्चिमलाई जित दिलाउन फागुराम थारूले दुई तथा स्वम्य हार्दिकले एक गोल गरे।



२२औं संस्करणको पहिलो गोल फागुरामको नाममा रह्यो। फागुरामले खेलको ३१औं मिनेटमा १-० को अग्रता दिलाए। ४६औं मिनेटमा हार्दिकले दोस्रो गोल गरे। खेलको ६८औं मिनेटमा फागुरामले तेस्रो गोल गरे। आयोजकका लागि विदेशी खेलाडी फोडे फोफानाले इन्जुरी समयमा एक गोल फर्काएका थिए। दोस्रो खेलमा आज हिमालयन शेर्पा र श्री स्टारबीच प्रतिस्पर्धा हुनेछ।

आठ टोली सहभागी प्रतियोगिताका विजेताले ११ लाख ११ हजार एक सय ११ रुपैयाँ तथा उपविजेताले पाँच लाख ५५ हजार ५ सय ५५ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

कीर्तिमानी क्रिकेटरलाई फुटबल मैदानमा सम्मान

नयाँ पत्रिका
काठमाडौं, ४ चैत

आइसिसी एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा स्थान बनाउन सफल नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्मान गरिएको छ। सहिद स्मारक ए डिभिजन लिगको कमर्सियल साझेदार एमडिएसी स्पोर्टसले सम्मान कार्यक्रम आयोजना गरेको हो। शनिबार साँझ मनाङ मर्स्याङ्दी क्लब र एपिएफ फुटबल क्लबबीचको खेल मध्यान्तर हुँदा कीर्तिमानी खेलाडीलाई काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन), प्रतिनिधिसभा सदस्य प्रदीप पौडेल, अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष पंकजविक्रम नेम्बाङलगायतले सम्मान गरे।

घरेलु मैदानमा आयोजना भएको विश्वकप क्रिकेट लिग-२ को अन्तिम शृंखला क्लिन स्विप गर्दै नेपाल तेस्रो स्थानमा रहेर ग्लोबल छनोटमा स्थान बनाएको थियो। अन्तिम खेलमा नेपालले युएईलाई डिएलएस पद्धतिमा ९ रनले हराएको हो। नेपाली क्रिकेटले एकदिवसीय फर्म्याटमा पाएको यो सबैभन्दा ठूलो उपलब्धि हो। अब नेपालले आगामी जुन-जुलाईमा जिम्बाबेमा हुने विश्वकप छनोट खेल्नेछ।



सुदूरपश्चिमले पनि सम्मान गर्ने

सुदूरपश्चिम प्रदेश सरकारले नेपाललाई विश्वकप छनोटमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका अलराउन्डर दीपेन्द्रसिंह ऐरी र ब्याट्समयान भीम सार्कीसहित एक दर्जन खेलाडीलाई सम्मान गर्ने घोषणा गरेको छ। प्रदेश सरकारले दीपेन्द्रसिंह ऐरी र भीमलाई जनही दुई-दुई लाख तथा सन्दीप जोरालाई एक लाख दिने निर्णय गरेको छ। यसैगरी, रिजर्भमा रहेका कमलसिंह ऐरी र अर्जुन साउदलाई जनही ५० हजार दिइने जनाएको छ।

प्रदेश सरकार मन्त्रीस्तरीय निर्णयले यू-१९ विश्वकपमा स्थान बनाउन महत्त्वपूर्ण भूमिका खेलेका खेलाडी तथा अफिसियललाई पनि सम्मान गर्नेछ। खेलाडीहरू आकाश चन्द, दीपक बोहरा, मिलन बोहरा, हेमन्त धामी, दीपक बोहरालाई जनही एक लाख र टोली प्रशिक्षक जगत टमटा, सहायक प्रशिक्षक धीरेन्द्र चन्द, टोली व्यवस्थापक पुरन तिरुवालाई जनही ५० हजारका दरले सम्मान गर्ने निर्णय गरेको हो।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : www.narcononnepal.com.np

Invitation for Bids

Dhunibeshi Municipality, Dhading.

Invitation Bids for following procurement

Date of Publication: 2079/12/05

1. The **Dhunibeshi Municipality, Dhading** invites **electronic** bids from eligible bidders for the following procurement under National competitive bidding - Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Dhunibeshi Municipality, Dhading** or may visit PPMOegp system www.bolpatra.gov.np/egp.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents through e-GP system: www.bolpatra.gov.np/egp. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Nrs. 3,000/- in the following Rajaswa (revenue) account as specified below .

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Rastriya Banijaya Bank, Khanikhola
   Name of Office: Dhunibeshi Municipality, Dhading
   Office Account No.: 1080100301010003
4. Pre-bid meeting shall be held at **Dhunibeshi Municipality, Dhading** at **2079/12/24 on 13:00**.
5. electronic bids must be submitted to the office **Dhunibeshi Municipality, Dhading** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 on 2080/01/05**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 2080/01/05** at the office of **Dhunibeshi Municipality, Dhading**. Bids must be valid for a period of **120 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs as explain below., which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The name and identification of the contracts are as follows:

S. No	Contract Identification No.	Name of Procurement	Bid Document fee (NRs.)	Bid Security Amount (NRs.)	Validity of Bid Security	Estimated Amount with PS and VAT
1	31/NURSERY/ DM/NCB/079/080	Nagarko Falful Tatha Puspa Srot Kendra Gherabar Tatha Samrakshan Ra Nagarko Falful Tatha Srot Kendra Sanchalan Kharcha	3000/-	71,800/-	120 days	23,95,630.01
2	32/ROAD/DM/ 079/080	Swanagaun- Gairigaun Road Improvement	3000/-	2,63,000/-	120 days	87,90,034.28

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com